


नेपाल
समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।
कामना न्यूज पब्लिकेसन्स
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटेन्सन: १११/११२ ९ बजेदेखि ६ बजेसम्म)

बुधबार, माघ १०, २०७४ | Wednesday, January 24, 2018 | www.newsofnepal.com | नेसं ११३८ शिल्ला थ्व ७ | वर्ष २४, अंक १४ | पृष्ठ १२ | मूल्य रू १०/–






**बेथिति :** सार्वजनिक सवारीसाधनलाई यात्रुमैत्री बनाउन सरकारी निकायबाट पटकपटक प्रयास भए पनि कार्यालय समयमा यात्रुहरू यसरी यात्रा गर्नुपर्ने बाध्यता अहिले पनि छ। महानगरीय ट्राफिक प्रहरी महाशाखाले यसलाई व्यवस्थित गर्न खोजे पनि लागू हुन सकेको छैन। तस्वीर : मोनिका मल्ल/काठमाडौं

## राष्ट्रियसभा निर्वाचन तयारी पूरा

# आज मनोनयन

**सुनील महर्जन, काठमाडौं**

राष्ट्रियसभा निर्वाचनका लागि राजनीतिक दलहरूले उम्मेदवारको मनोनयन आज बुधबार दर्ता गर्ने भएका छन्।

माघ २४ गते हुने राष्ट्रियसभाको निर्वाचनका लागि आयोगले आज उम्मेदवार मनोनयन दर्ता गराउने दिन तोकेको हो। उम्मेदवारको मनोनयन दर्ता गराउन सम्पूर्ण तयारी पूरा भएको आयोगले जनाएको छ। राष्ट्रियसभामा भाग लिन २१ दलले आयोगले दल दर्ता गराएका थिए। ती दलले निर्वाचन चिह्नसमेत पाइसकेका छन्।

आयोगका प्रवक्ता नवराज ढकालका अनुसार निर्वाचन अधिकृतको कार्यालयमा बिहान १० देखि दिउँसो ४ बजेसम्म उम्मेदवारी दर्ता गराउने व्यवस्था मिलाइएको छ। सातवटै प्रदेशको उच्च अदालत रहेका मोरङ, धनुषा, ललितपुर, कास्की, दाङ, सुर्खेत र डोटी जिल्लाको सदरमुकाममा निर्वाचन अधिकृतको कार्यालय राखिएको छ।

'शान्तिपूर्ण र उत्साहजनकरूपमा उम्मेदवारी मनोनयन दर्ताका लागि दलहरूलाई आह्वान गर्दछु', प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादवले भन्नुभयो- 'मतदातालाई स्वतन्त्ररूपमा मतदान गर्ने वातावरण बनोस्। कसैको दबाब, डर, त्रास वा धम्कीमा मतदान गर्नुपर्ने अवस्था नरहोस्।'

उम्मेदवारको सूचीमाथि दाबी विरोधका लागि आयोगले माघ ११ र १२ गते तोकेको छ। उम्मेदवारको मनोनयनपत्र र उजुरी निवेदनमाथि जाँचबुझ गर्दै निर्णय माघ १३ गते गरिनेछ। आयोगले त्यसको भोलिपल्ट अर्थात् माघ १४ गते मनोनयका लागि उम्मेदवारी दिएका उम्मेदवारको नामावली प्रकाशन गर्नेछ। आयोगले माघ १५ गतेको समय नाम फिर्ताका लागि छुट्याएको छ। त्यस्तै उम्मेदवारको अन्तिम नामावली प्रकाशन र चुनाव चिह्न वितरण माघ १५ गते गरिनेछ।

उम्मेदवारले मनोनयनपत्र दर्ता गराउन जाँदा उम्मेदवारको नागरिकताको प्रमाणपत्रको प्रतिलिपिसँगै कुनै गाउँपालिका वा नगरपालिकाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको मतदाता नामावलीको उतार गर्नुपर्ने आयोगले जनाएको छ।

आयोगका अनुसार उम्मेदवारी दर्ता गराउन १० हजार रुपियाँ धरौटी जम्मा गरेको नगदी रसिद वा बैङ्क भौचर, दलको उम्मेदवारको हकमा मनोनयनको औपचारिक पत्र अनिवार्य गरिएको छ। त्यसै गरी दलित समूहबाट निर्वाचित हुने सदस्य पदका लागि उम्मेदवारी दिने व्यक्तिले सम्बन्धित गाउँपालिका/नगरपालिका वा अधिकार प्राप्त निकायले दिएको दलित समुदायको व्यक्ति भएको प्रमाणित हुने निस्सा पेस गर्नुपर्नेछ।

यसै गरी, अपाङ्गता भएको वा अल्पसङ्ख्यक समूहबाट निर्वाचित हुने पदका लागि उम्मेदवारी दिने अपाङ्गता भएको व्यक्तिले नेपाल सरकारले दिएको अपाङ्गताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेस गर्नुपर्नेछ। त्यसै गरी अल्पसङ्ख्यक समुदायको व्यक्तिले सम्बन्धित गाउँपालिका/नगरपालिका तथा नेपाल सरकारको अधिकार प्राप्त निकायले दिएको अल्पसङ्ख्यक समुदायको व्यक्ति भएको प्रमाणित हुने निस्सा पेस गर्नुपर्नेछ।

उम्मेदवार हुनका लागि स्थानीय तह, प्रदेशसभा र प्रतिनिधिसभा सदस्य निर्वाचनमा मतदाता रहेको ३५ वर्ष पूरा भएको हुनुपर्ने आयोगले जनाएको छ। यसरी मतदाता नामावलीमा नाम रहेको उम्मेदवारले सात प्रदेशमध्ये जुनसुकै प्रदेशमा पनि उम्मेदवारी दर्ता गराउन सक्नेछ। त्यसका लागि समर्थक र प्रस्तावक भने जुन प्रदेशमा उम्मेदवारी दर्ता गराउने हो, त्यही प्रदेशको हुनुपर्ने व्यवस्था रहेको छ। आयोगले हिजो मतदान र मतगणनाबारे दलका नेताहरूलाई बोलाएर प्रशिक्षण दिएको थियो।

# राष्ट्रियसभामै अलमलियो कांग्रेस

**रामकृष्ण चापागाईं, काठमाडौं**

माघ २४ गते हुने राष्ट्रियसभा निर्वाचनका लागि नेपाली कांग्रेसले उम्मेदवार तय गरेको छ। निर्वाचन आयोगका अनुसार राष्ट्रियसभा निर्वाचनका लागि आज बुधबार मनोनयन दर्ता रहेको छ।

संविधानअनुसार प्रत्येक प्रदेशबाट कम्तीमा तीन महिला, एक दलित, एक अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यक ८ जनासहित ५६ जना निर्वाचित हुनेछन्। पार्टीको मतभार निकै कम भएकाले कांग्रेसले प्रत्येक प्रदेशमा ४ जनाको दरले उम्मेदवार उठाउने तयारी गरेको छ।

दिनभर छलफल गरी मंगलबार साँझसम्म प्रदेश नम्बर ४, ५, ६ र ७ को उम्मेदवार नाम टुंग्याए पनि प्रदेश नम्बर १, २ र ३ का लागि उम्मेदवार तय गर्न भने राति अबेरसम्म हम्मेहम्मे परेको थियो। प्रधानमन्त्री निवास बालुवाटारमा भएको छलफलबाट प्रदेश नम्बर ४ मा सुरेन्द्र पाण्डे, वृन्दा राना मगर, जितबहादुर नेपाली र प्रकाश पन्तलाई उम्मेदवार बनाउने तय गरेको थियो।

कांग्रेसले प्रदेश नम्बर ५ का लागि दुर्गाप्रसाद उपाध्याय, अनिता देवकोटा, माइकुलाल वाल्मीकि र लुटबहादुर खत्रीलाई उम्मेदवार तय गरेको थियो भने प्रदेश नम्बर ६ बाट विष्णुबहादुर शाही, सूर्यदेवी मल्ल, सीताराम विक र गोपालप्रसाद शर्मालाई उम्मेदवार बनाउने तय भएको कांग्रेस नेता डा. प्रकाशशरण महतले जानकारी दिनुभएको छ। त्यसै गरी प्रदेश नम्बर ७ मा बद्री पाण्डे, तारादेवी भट्ट, छत्रराज जोशी र सेरीराम पार्कीलाई उम्मेदवार बनाउने निर्णय गरेको थियो।

(क्रमशः पृष्ठ ९ मा)

## माओवादी केन्द्रका १३ जना कोको?

काठमाडौं, (नेस)

नेकपा माओवादी केन्द्रले राष्ट्रियसभा सदस्यका लागि १३ जना उम्मेदवारको नाम टुंगो लगाएको छ। पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' निवास खुमलटारमा मंगलबार बसेको तीन शीर्ष नेताको बैठकले उक्त टुंगो लगाएको हो।

बैठकले नेता रामबहादुर थापालाई क्षेत्र नं ३ (खुला) र दीनानाथ शर्मालाई क्षेत्र नं ४ (खुला) उम्मेदवार बनाएको छ। थापा पूर्व रक्षामन्त्री एवम् माओवादी केन्द्रका संगठन विभाग प्रमुख हुनुहुन्छ। पूर्वमन्त्री शर्माले पार्टी प्रवक्ताको जिम्मेवारी निर्वाह गरिसक्नुभएको छ।

प्रदेश नं १ मा बिना पोखरेल (महिला) र प्रदेश नं २ मा शशिकला दाहाल (महिला) छनोट गरिएको छ। सो प्रदेशमा छनोट गर्न बाँकी एक जना उम्मेदवारको बुधबारसम्म टुंगो लगाउने प्रचण्डको सचिवालयले बताएको छ।

(क्रमशः पृष्ठ ९ मा)

# वलीलाई उम्मेदवार बनाएपछि एमालेमा हंगामा

**मधुसूदन रायमाझी, काठमाडौं**

नेकपा एमालेभित्र राष्ट्रियसभा सदस्यको उम्मेदवार छनोट प्रक्रियामा पार्टीमा पुऱ्याएको योगदानभन्दा पनि मापदण्डविपरीत उम्मेदवार छनोट गरिएको भन्दै विवाद देखिएको छ। एमालेभित्र पार्टीले बनाएको मापदण्डको आधारभन्दा पनि नेताहरूको खलतीबाट राष्ट्रियसभाका उम्मेदवार छनोट हुँदा इमानदार नेताहरू ओझेलमा परेको भन्दै नेतृत्वको आलोचना भएको छ।

एमाले स्थायी समितिको बैठकले प्रदेश नम्बर ५ बाट राष्ट्रियसभा सदस्यका लागि कोमल वलीलाई उम्मेदवार बनाउने निर्णय गरेपछि पार्टीभित्र असन्तुष्टि चुलिएको छ। प्रतिनिधिसभा निर्वाचनमा दाङ क्षेत्र नम्बर ३ बाट टिकट पाउने चर्चा भए पनि अन्तिममा आएर पार्टीले वलीको नाम हटेको थियो। लगत्तै उहाँले बागी उम्मेदवारी दिएपछि एमालेका नेता शंकर पोखरेलको आग्रहमा उम्मेदवारी फिर्ता लिनुभएको थियो। राप्रपा परित्याग गरेर निर्वाचनको केहीअघि मात्र वली एमालेमा प्रवेश गर्नुभएको थियो।

नेकपा एमालेका युवा नेता ठाकुर गैरेले पार्टी स्थायी समितिले गरेको निर्णयको बारेमा आफ्नो खासै प्रतिक्रिया नरहेको बताउनुभयो। उहाँले *नेपाल समाचारपत्र*सँग भन्नुभयो- 'पार्टी स्थायी कमिटीमा कसरी छलफल भयो? नेताहरूले के मापदण्ड बनाएर निर्णय गर्नुभयो, यो विषय विस्तारै बाहिर आउला।'

एमालेभित्र वलीको नाम छनोट भएको विषयलाई लिएर पार्टी स्थायी समितिको बैठकमा समेत चर्काचर्की भएको बताइएको छ।

(क्रमशः पृष्ठ ९ मा)

### कांग्रेस जिल्ला सभापतिको दबाब

# हत्या गरिएका सबैलाई शहीद घोषणा गर

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाली कांग्रेसका जिल्ला सभापतिहरूले सशस्त्र द्वन्द्वका बेला माओवादीद्वारा हत्या गरिएका सबैलाई शहीद घोषणा गर्न माग गरेका छन्। खोटाङको हलेसीमा सम्पन्न कांग्रेस जिल्ला सभापतिहरूको बैठकले सामाजिक सुरक्षा भत्तालाई अविलम्ब वृद्धि गर्न माग गर्दै तत्काल युवा बेरोजगार भत्ताको व्यवस्था गर्न सरकारसँग माग गरेका छन्।

काभ्रे जिल्ला सभापति मधुप्रसाद आचार्यले *नेपाल समाचारपत्र*लाई जानकारी दिएअनुसार सशस्त्र द्वन्द्वको समयमा माओवादीद्वारा हत्या गरिएका जुनसुकै दलका कार्यकर्ता अथवा सर्वसाधारण सबैलाई शहीद घोषणा गर्नुपर्ने कांग्रेस जिल्ला सभापतिहरूको बैठकले सरकारसँग माग गरेको हो।

जिल्ला सभापतिहरूको राष्ट्रिय भेला आयोजना गर्ने तयारीका लागि बसेको बैठकले केन्द्रीय नेताहरूसँग समन्वय गरी तत्काल भेलाको मिति तय गरिने निर्णय गरेका छन्। साथै, बैठकले परिवर्तित समयलाई सम्बोधन हुने गरी प्रस्तावित पार्टीको विधान परिमार्जन प्रस्ताव समिति पनि गठन गरेको छ।

(क्रमशः पृष्ठ ९ मा)

# ७४ भन्दा ७५ साल राम्रो

**नेपाल समाचारपत्र**

काठमाडौं

पञ्चाङ्ग निर्णायक समितिले २०७५ सालको पात्रो तयार गरेको छ। समितिको अध्यक्ष, सदस्य सचिव र ७ सहित ९ जनाको समितिले सो पात्रो तयार पारेको हो।

समितिको चार दिनअघि बसेको बैठकले तयार गरेको पात्रोअनुसार २०७५ सालको दशैं असोज २४ गतेदेखि शुरू हुनेछ। विजयादशमी भने कात्तिक २ गते परेको छ। यस्तै ३० गते फूलपाती, ३१ गते महाअष्टमी, १ गते महानवमी पर्व परेको छ। कात्तिक १९ गतेदेखि शुरू हुने तिहारअन्तर्गत २१ गते लक्ष्मीपूजा, २२ गते गोवर्धन एवम् म्ह पूजा र २३ गते भाइटीका रहेको छ। गृह मन्त्रालयले बिदाको सूचना जारी नगरे पनि निर्णायक समितिले केही दिनभित्र पात्रो सार्वजनिक गर्ने तयारी गरेको छ। पञ्चाङ्ग निर्णायक समितिका अध्यक्ष पण्डित रामचन्द्र गौतमले निर्णय गरेर गृह मन्त्रालयलाई पठाइसकेको र मन्त्रालयको निर्णयपछि सो पात्रो सार्वजनिक गरिने बताउनुभयो।

गृह मन्त्रालयले आग्रह गरेपछि समितिले करिब एक महिनाअघि नै सबै तिथि, मिति र पर्वसहितको तालिका उपलब्ध गराएको थियो। समितिले पात्रो निर्माण गर्ने १३ वटा संस्थालाई पात्रो छपाइको स्वीकृति दिइसकेको छ। भित्तेपात्रो (क्यालेन्डर) भने गृहले बिदा स्वीकृत गरेपछि सार्वजनिक हुने बताइएको छ।

उक्त समितिका अनुसार नयाँ सालमा वैशाख १ गते शनिबार नयाँ वर्ष, ११ गते लोकतन्त्र दिवस, १६ गते बुद्ध जयन्ती, जेठ १५ गते गणतन्त्र दिवस, साउन ११ गते गुरु पूर्णिमा, ३१ गते नागपञ्चमी, भदौ १० गते जनै पूर्णिमा, ११ गते गाईजात्रा, १७ गते कृष्ण जन्माष्टमी र २७ गते हरितालिका तीज परेको छ।

यस्तै असोज ३ गते संविधान दिवस, ७ गते इन्द्रजात्रा, मंसिर १० गते क्रिसमस, माघ २७ गते वसन्तपञ्चमी, फागुन २० गते महाशिवरात्री, चैत ६ गते फागु पूर्णिमा र २२ गते घोडेजात्रा रहेका छन्।

२०७५ सालको जेठमा मलमास परेकाले चाडपर्वहरू झन्डै एक महिनापछि सरेको अध्यक्ष गौतमले जानकारी दिनुभयो। सो समितिका सदस्यसचिव सूर्यप्रसाद ढुंगेलका अनुसार २०७५ सालमा सूर्य ग्रहण नपरे पनि असार पूर्णिमामा चन्द्रग्रहण लाग्नेछ।

समितिका अनुसार २०७५ सालमा विवाहको साइत धेरै परेका छन्। वैशाखमा ५, ६, २८, असारमा ६, ७, ९, ११, १५ र १६ तथा मंसिरमा २९ गते विवाहको साइत छ। यस्तै माघमा ३, ४, ८, ९, ११, १३, १४, १५, २६ र २७ र फगुनमा १, २, ७, ८, ९, १०, १३, १४, २३, २४ ,२५, २८ र २९ गते सो साइत परेको छ। असार ८ र ३१, माघ २७ र फागुन ९ गते गरी वर्षभरिमा चार दिनमात्र व्रतबन्धको साइत रहेको छ। अध्यक्ष गौतमले २०७५ साल यो वर्षभन्दा राम्रो रहेको बताउनुभयो।



# स्लोभाकिया
# कम्युनिस्टले राजनीति गर्न नपाइने देश

सन् १९३९ पछि नाजी जर्मनीको मध्ययुरोपमा निकै बोलवाला थियो। चेकोस्लोभाकियामा त झन् त्यस बेला नाजी जर्मनीहरुको हालिमुहाली नै थियो। यही बेला जर्मनीका तानाशाह हिटलरको उक्साहटमा परेर उसकै साथ लिई स्लोभाकिया चेकोस्लोभाकियाबाट छुटेर स्वतन्त्र राष्ट्र बन्यो। दोस्रो विश्वयुद्धमा हिटलरको नराम्ररी पराजित भएपछि पुनः स्लोभाकिया चेकसँग मिल्न बाध्य भयो। त्यसपछि फेरि यसको नाम चेकोस्लाभाकिया नै रहन गयो। यसरी दुई देशको पुनर्मिलन भए पनि दोस्रो विश्वयुद्धमा जर्मनीलाई नराम्ररी हार चखाएको तत्कालीन सोभियत संघले चेकोस्लोभाकियालाई कठपुतलीजस्तै बनाएको थियो। सोभियत संघको अधीनमा आएपछि चेकोस्लोभाकियामा लादेको जबर जस्ती कम्युनिस्ट शासन नै पछि गएर त्यहांका जनतामा कम्युनिजमप्रति घृणा जगाउने प्रमुख कारण बन्न पुगेको थियो।

पुष्करलाल श्रेष्ठ
pushkarlal@gmail.com

नेपालमा भर्खरै सम्पन्न आमनिर्वाचनमा कम्युनिस्ट पार्टीहरू नेकपा एमाले र नेकपा माओवादी केन्द्र मिलेर लडेको चुनावमा वाम गठबन्धनले बहुमत हासिल गरेपछि सरकार बनाउन तयारी भइरहेका बेलामा कम्युनिस्टले राजनीति नै गर्न नपाउने देश स्लोभाकियाबारे लेख्दै छु। मध्ययुरोपको नेपालजस्तै सानो भूपरिवेष्टित देश स्लोभाकियामा मार्क्सवादी-लेनिनवादी विचारधारा बोकेकाले त राजनीतिक पार्टीसमेत खोल्न नपाउने कुरा त्यहीं पुगेपछि मात्र थाहा पाइएको हो। स्लोभाकियाको इतिहास बुझ्दा दशौं शताब्दीसम्म यो मुलुक हँगेरीकै अधीनमा रहेछ। पहिलो विश्वयुद्धमा हँगेरी पराजित भएसँगै यहाँ शासन गरिरहेका राजासमेत पदच्यूत भएपछि स्लोभाकिया अलग्गिएर चेकसँग मिल्न पुगेको थियो। स्लोभाकिया चेकसँग मिलेपछि नै दुई देशको नाम जोडेर चेकोस्लोभाकिया बनेको हो।

सन् १९३९ पछि नाजी जर्मनीको मध्ययुरोपमा निकै बोलवाला थियो। चेकोस्लोभाकियामा त झन् त्यस बेला नाजी जर्मनीहरूको हालिमुहाली नै थियो। यही बेला जर्मनीका तानाशाह हिटलरको उक्साहटमा परेर उसकै साथ लिई स्लोभाकिया चेकोस्लोभाकियाबाट छुटेर स्वतन्त्र राष्ट्र बन्यो। दोस्रो विश्वयुद्धमा हिटलरको नराम्ररी पराजित भएपछि पुनः स्लोभाकिया चेकसँग मिल्न बाध्य भयो। त्यसपछि फेरि यसको नाम चेकोस्लाभाकिया नै रहन गयो। यसरी दुई देशको पुनर्मिलन भए पनि दोस्रो विश्वयुद्धमा जर्मनीलाई नराम्ररी हार चखाएको तत्कालीन सोभियत संघले चेकोस्लोभाकियालाई कठपुतलीजस्तै बनाएको थियो। सोभियत संघको अधीनमा आएपछि चेकोस्लोभाकियामा लादेको जबरजस्ती कम्युनिस्ट शासन नै पछि गएर त्यहाँका जनतामा कम्युनिजमप्रति घृणा जगाउने प्रमुख कारण बन्न पुगेको थियो।

चेकोस्लोभाकियाका जनतामा कम्युनिस्ट व्यवस्थाप्रति बढ्दै गइरहेको घृणा र विरोधले उग्र रूप लिएपछि सन् १९८९ मा यो मुलुक कम्युनिस्ट शासनबाट मुक्त भएको थियो। चेकोस्लोभाकियामा कम्युनिस्ट व्यवस्था अन्त्य गर्नका लागि त्यहाँका विद्यार्थीले ठूलो भूमिका निर्वाह गरेका थिए। त्यस बेलाका बलियो सोभियत संघको समेत केही जोड नचलेको संसारमा 'भेलभेट' नामले चर्चित चेक विद्यार्थीको यो शान्तिपूर्ण आन्दोलनमा नेपालमा जस्तो विद्यार्थीले कुनै भौतिक संरचनाहरू तोडफोड नगरीकनै चेकोस्लाभाकियाबाट कम्युनिस्ट शासन अन्त्य गर्न चेक विद्यार्थी सफल भएका थिए। सायद जनतामा कम्युनिस्टप्रति ठूलो वितृष्णा जागेर नै होला, फेरि कम्युनिजम फैलने डरले १ जनवरी १९९३ मा स्लोभाकिया एकपटक फेरि चेकोस्लाभाकियाबाट छुटेर स्वतन्त राष्ट्र बनेको हो।

कम्युनिस्टहरूले राजनीति गर्न नपाइने बाहेक अहिले स्लोभाकियाको राजनीतिक व्यवस्था नेपालसँगै हुबहु मिल्छ भन्दा हुन्छ। नेपालभन्दा एक प्रदेश मात्र बढी अर्थात् ८ वटा प्रदेश भएको स्लोभाकिया नेपालमा जस्तै मल्टी पार्टी सिस्टम भएको गणतान्त्रिक संसदीय व्यवस्था भएको देश हो। यहाँ पनि नेपालमा जस्तै राष्ट्रपति देशको प्रमुख भए पनि कार्यकारी अधिकार भने सबै प्रधानमन्त्रीमा निहित रहेको छ। बहुमतको आधारमा संसद्बाटै चुनिने संसदीय दलका नेतालाई नेपालमा जस्तो राष्ट्रपतिले प्रधानमन्त्रीलाई शपथग्रहण गराउने चलन छ। अहिले स्लोभाकियाका राष्ट्रपति एन्ड्रेज किस्का हुनुहुन्छ भने रबर्ट फिको प्रधानमन्त्री हुनुहुन्छ।

४९ हजार वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको स्लोभाकियाका धेरै कुरा नेपालसँग मिल्दाजुल्दा छन्। नेपालजस्तै भूपरिवेष्टित तर प्राकृतिकरूपमा अत्यन्त सुन्दर देश स्लोभाकिया पनि नेपालजस्तै पहाडी मुलुक हो। यहाँ नेपालमा जस्तै प्रशस्तै गुफा पाइन्छन्। स्लोभाकियाको सुन्दर प्राकृतिक दृश्य, पुराना क्यासलहरू, स्की पार्क र आकर्षक आर्किटेक चर्च तथा दरबारहरू हेर्न बर्सेनि सरदर ५० लाख पर्यटक आउने गरेका छन्। यहाँको सबैभन्दा राम्रो र प्रसिद्ध बोजानिज क्यासलमा त हलिउड र बलिउडका चलचित्रहरू सुटिङ गर्न होडबाजी नै हुने गरेको छ।

हाम्रो सगरमाथाको उचाइभन्दा लगभग ४ गुणा होचो गेभरिला चउस्की स्टिक पर्वत शृंखला हेर्न पनि यहाँ थुप्रै पर्यटक आउने रहेछन्। विश्वकै धेरै गुफा भएको यो मुलुकमा ३० वटा ठूला गुफा पर्यटकका लागि खुला राखिएको छ। यसबाहेक जतातत्तै आकर्षक पार्क देखिने स्लोभाकियामा ९ वटा त ठूला-ठूला राष्ट्रिय पार्क छन्। तीमध्ये सन् १९४९ मा बनेको विश्वकै चर्चित ताट्रा राष्ट्रिय पार्क त यहाँ पुगेपछि हेर्न छुटाउनै नहुने पार्क हो। काठमाडौंको काष्ठमण्डपमा जन्मेको र बच्चैदेखि घरवरिपरि जता गए पनि मन्दिरै मन्दिर देखिरहेको यस लेखकलाई स्लोभाकियाको जुनसुकै टोलमा गए पनि मन्दिरजस्तै सुन्दर चर्चहरू देख्दा घरि-घरि आफू जन्मे-हुर्केका ठाउँको याद आइरहेको थियो।

पचास लाख मात्र जनता भएको सानो मुलुक भए पनि स्लोभाकिया हाल विश्वको ४०औं धनी मुलुक हो। चेक गणराज्य, अस्ट्रिया, पोल्यान्ड र युक्रेनले घेरिएको स्लोभाकिया युरोपको ठूलो अर्थतन्त्र भएको देश हो। सन् २००८ मार्च महिनामा यहाँका अर्थमन्त्रीले अब स्लोभाकिया विदेशबाट सहयोग लिने होइन, दिने देश बनिसकेको भनी गर्वका साथ भाषण गरेका थिए। पूर्ण प्रेस स्वतन्त्रता, इन्टरनेट स्वतन्त्रता र नागरिक स्वतन्त्रताका कारण यो देशमा अहिले निकै शान्ति छ। सधैं गृहयुद्ध भइरहने छिमेकी मुलुक युक्रेनका धेरै मानिस शान्त भएकै कारण यहाँ आएर बस्न रुचाउँदा रहेछन्।

स्लोभाकियामा एउटा यस्तो वेश्यालय पनि रहेछ, जहाँ सित्तैमा सम्भोग गर्न पाइन्छ। यस वेश्यालयमा सम्भोग गर्न धेरै पुरुष मरिहत्ते नै गर्छन्। यस वेश्यालयमा सम्भोग गर्नका लागि पुरुषले एउटा सर्तको भने पालना गर्नुपर्ने हुन्छ। जुन सर्त हामीजस्ता नेपालीलाई स्वीकार्य नहुन पनि सक्छ। यस वेश्यालयका यौनकर्मी महिलासँग यौनक्रीडा गरिरहेको भिडियो खिच्न मञ्जुर हुने पुरुषले मात्र यहाँका महिलासँग सित्तै यौनक्रीडा गर्न पाउँछन्। त्यसरी खिचिएको सेक्स भिडियो जुनसुकै बेला व्यावसायिकरूपमा बिक्रीवितरण गर्न सकिने कुरामा राजी हुनुपर्ने यस वेश्यालयको नियम स्वीकार्ने पुरुषहरू भने यहाँ निःशंकोच पुग्न सक्छन्। यस कुराले पनि स्लोभाकियाले आफ्ना नागरिकलाई कुन हदसम्म स्वतन्त्रता दिएको रहेछ भन्ने कुरा बुझ्न सकिन्छ।

लगभग शतप्रतिशत जनता साक्षर रहेको स्लोभाकियामा तुलनात्मकरूपमा युरोपका अन्य मजदुरभन्दा शिक्षित भए पनि यहाँका मजदुरले कम ज्यालामा काम गर्ने, करको दर पनि निकै कम, लगानी-मैत्री कानुन र मुलुक पनि शान्त भएकाले स्लोभाकिया बाहिरी राष्ट्रका लागि राम्रो लगानी गर्न सकिने देश हो। सायद यही कारणले होला, जर्मनीको भक्सवागन, फ्रान्सको पर्जियो र दक्षिण कोरियाको कियाजस्ता विश्वप्रसिद्ध मोटर कम्पनीका गाडी एसेम्बल गर्ने प्लान्टहरू स्लोभाकियामा देख्न पाइन्छ। अहिले जागवायर, ल्यान्डलोभरजस्ता अटोमोबाइल प्लान्ट पनि यसै वर्ष यहाँ आउने बताइएको थियो। यसै गरी इन्टरनेट फ्रिडमका कारण सामसुङ, एप्पलको फक्सकन, इसेटजस्ता विश्वका चर्चित आईटी कम्पनीका विशाल कम्पनी पनि यहाँ आएर काम गरिरहेका छन्।

युरोपका धेरै मुलुकमा जस्तै हरेक जनताका लागि निःशुल्क स्वास्थ्य र शिक्षाको सुविधा भएको स्लोभाकियामा ६ वर्षदेखि १६ वर्षसम्मका लागि शिक्षा अनिवार्य गरिएको छ। २६ वर्ष नाघिसकेकाले स्नातक र ३० वर्ष नाघिसकेकाले स्नातकोत्तर गर्न चाहेमा भने आफ्नै खर्चले पढ्नुपर्ने रहेछ। सन् १९१९ मा बनेको कोमनियोस स्लोभाकियाको सबैभन्दा ठूलो विश्वविद्यालय हो। जनताको स्वास्थ्यलाई सबैभन्दा पहिलो प्राथमिकतामा राखेर हेरिने भएकाले यस देशका जनता निकै स्वस्थ र दीर्घायु पनि रहेछन्। सुत्केरी महिलाका लागि यो मुलुक स्वर्ग नै भन्दा हुन्छ। सुत्केरी भएपछि यहाँ २ सय ४० दिनसम्म तलबी बिदा पाइन्छ।

नेपालमा जस्तै घनाजंगल धेरै भएकाले यहाँका जनता सिकार गर्न खूब मन पराउँदा रहेछन्। सिकारकै क्रममा जंगली बँदेलहरू धेरै मारिने भएका कारण यहाँका मानिस बँदेल र सुँगुरका मासु खूब खाँदा रहेछन्। पेय पदार्थमा यहाँका मानिसलाई वाइन मनपर्दो रहेछ, त्यो पनि ह्वाइट वाइन। हामीकहाँ जस्तो यहाँका मानिसहरू रेड वाइन खोजेर हिँड्दा रहेनछन्। पहिले अनिवार्य सेनाको तालिम लिनुपर्ने भए पनि अहिले सन् २००६ देखि यहाँका जनतालाई सेनाको तालिम लिनु अनिवार्य छैन। अमेरिकाको नेटोसँग सीधै जोडिएको स्लोभाकियामा सैनिकको संख्या जम्मा १४ हजार मात्र रहेछ।

सन् १९९९ सम्म २० प्रतिशत बेरोजगारी भएको यो देशले सन् २०१७ सम्म आइपुग्दा बेरोजगारी संख्या ६ प्रतिशतमा झार्न सफल भइसकेको छ। यो मुलुकमा जम्मा ४ प्रतिशत मात्र मुद्रास्फीतिको समस्या छ। सन् २००४ मा युरोपियन युनियनमा आबद्ध भएको स्लोभाकिया खेलकुदमा समेत अब्बल देखिएको छ। यति सानो मुलुक भएर पनि स्लोभाकियाले सन् २०१० मा भएको विश्वकप फुटबलमा प्रतिस्पर्धा गरेको थियो। आइस हकी र फुटबल लोकप्रिय भए पनि स्लोभाकहरू टेनिस, ह्यान्डबल, बास्केटबल, भलिबल र जिम्नास्टिक पनि उत्तिकै रुचि लिएर खेल्छन्। यी सबै खेलमा स्लोभाकियाका खेलाडी विश्वका कुनै पनि विकसित मुलुकका खेलाडीभन्दा कम छैनन्।

स्लोभाकिया कति सम्पन्न र शक्तिशाली मुलुक हो भन्ने कुरा त उनीहरूको पासपोर्टबाटै स्पष्ट हुन्छ। स्लोभाकियाको पासपोर्ट विश्वकै ११औं शक्तिशाली पासपोर्ट हो। यहाँको पासपोर्टले संसारका १ सय ६५ राष्ट्रमा कि सित्तै भिसा पाइन्छ, कि त अध्यागमन पुग्नेबित्तिकै भिसा पाइन्छ। त्यसैले युरोप भ्रमण गर्ने अवसर पाउँदा स्लोभाकियालाई पनि प्राथमिकतामा राख्नु राम्रै हुन्छ जस्तो लाग्छ। खास गरी अस्ट्रियाको राजधानी भियना पुग्ने जो-कोही नेपालीलाई कम्तीमा स्लोभाकियाको राजधानी बाटिस्लाभासम्म त पुग्नैपर्ने यो लेखकको सुझाव छ। किनभने बाटिस्लाभा भियनाबाट मात्र १ घन्टा बस चढेर पुग्न सकिन्छ। त्यसैले बिहान सबेरै भियनाबाट बस चढेर बाटिस्लाभा पुग्ने हो भने दिनभरिमै स्लोभाकियाको यो सुन्दर राजधानी घुमेर फेरि आरामसँग भियना फर्किन सकिन्छ। धेरैलाई थाहा नहुन पनि सक्छ, अस्ट्रियाको राजधानी भियना र स्लोभाकियाको राजधानी बाटिस्लाभा दुई देशबीचको संसारकै सबैभन्दा नजिकको राजधानी हो। यो कुरा सुन्दर देश स्लोभाकियासमेत हाम्रो युरोप भ्रमणको सबै व्यवस्था मिलाइदिने अस्ट्रिया निवासी प्रभु श्रेष्ठ भाइले जानकारी दिएपछि थाहा भएको हो।



श्रीमती राजेश्वरी श्रेष्ठसँग लेखक




भाइ प्रभु श्रेष्ठसँग लेखक



स्लोभाकियाकी छात्राहरूसँग झन्डा समातेर रमाउँदै राजेश्वरी श्रेष्ठ

## कामना फिल्म अवार्डस्–२०७४

# के भन्छन् मनोनयमा परेका कलाकार?

### विधा : हास्य कलाकार

#### रवीन्द्र झाले पाउनुहुन्छ



केदार घिमिरे

**मनोनयन : हास्य कलाकार र संवाद (छक्का पञ्जा)**

मेरो विचारमा यस वर्षको *कामना फिल्म अवार्ड*मा हास्य अभिनेताको अवार्ड जुरीले जसलाई दिन्छ उसले पाउँछ। हा..हा..हा..। यस्तो हो नेमिनेसनमा त सबै राम्रो कलाकार पर्नुभएको छ र यस कारण पनि भन्न सजिलो छैन। तर, पनि मेरो विचारमा यसपटक *जात्रा*बाट रवीन्द्र झाले यो अवार्ड पाउनुहुन्छ। किनभने उहाँले निकै राम्रो अभिनय गर्नुभएको छ।

#### मैले पाउँछु भन्ने लाग्दैन



बुद्धि तामाङ

**फिल्म : छक्का पञ्जा**

मलाई आफूले अवार्ड पाउँछु भनेर ९९ प्रतिशत पनि लाग्दैन। कुनै-कुनै कुराको कारण हुँदैन, त्यस्तै मलाई किन आफूले अवार्ड पाउँदिन जस्तो लागेको भन्ने कुराको पनि कारण छैन। म यो प्रश्नप्रति नै भावुक छु। हाम्रो अवार्डहरुको मापदण्ड पनि क्लियर नभएका कारण म यसै भन्न सक्दिनँ। तर, अवार्ड जसले पाए पनि कामको हिसाबले मूल्यांकन गरेर दिने कुरामा म ढुक्क छु। अवार्ड जसले पाए पनि खुसी छु।

#### बुद्धिजीले पाउनुहोला



रवीन्द्र झा

**फिल्म : जात्रा**

मैले मसँग हास्य कलाकारको नोमिनेसनमा पर्ने सबैको फिल्म हेरेको छैन। त्यस कारण पनि अवार्ड कसले पाउँछ भन्न गाह्रो कुरा हो। मैले हेरेको फिल्ममध्येबाट भन्नुपर्दा बुद्धि तामाङजीले अवार्ड पाउनुहोला जस्तो लाग्छ। उहाँले क्यारेक्टर चेन्ज गर्दै सबैमा राम्रो एक्टिङ गर्नुभएको छ। आफू नोमिनेसनमा भएपछि अवार्डको आशा कसलाई हुदैन र? मैले पनि आशा त राखेको छु। किनभने अवार्ड भनेको सानो कुरा होइन, कलाकारका लागि यसले अझ राम्रो काम गर्ने ऊर्जा प्रदान गर्छ।

#### सबै खतरा छन्



सलोन बस्नेत

**फिल्म : गाजलु**

हास्य कलाकारको नोमिनेसनमा पर्ने सबै राम्रो कलाकार हुनुहुन्छ। केदार काका पनि बबाल हुनुहुन्छ, उता दया दाइ पनि खतरा हसाउनुहुन्छ। अब नोमिनेसनमा भएपछि त म आफैंले जिते हुन्थ्यो जस्तो लाग्छ। सबै जनाको एक्टिङ राम्रो र दर्शकले मन पराएको कलाकार भएको पनि गेस गर्न गाह्रो कुरा हो।

### विधा : खलपात्र

#### दीपकराज गिरीले जित्नुहुन्छ



कामेश्वर चौरासिया

**फिल्म : पलाँस**

मेरो विचारमा दीपकराज गिरीले उत्कृष्ट खलपात्रको अवार्ड जित्नुहुन्छ। अन्य अवार्ड समारोहमा पनि उहाँले पाइराख्नुभएको छ। *छक्का पञ्जा* फिल्म कमर्सियल्ली सफल भयो। त्यस कारण पनि उहाँ अवार्डका लागि डिजर्भिङ हुनुहुन्छ। मेरो हकमा कुरा गर्दा अवार्ड मैले पाउनुपर्छ भन्ने मलाई लाग्दैन। नोमिनेसनमा अर्पण थापाहरु जस्ता राम्रा कलाकार पनि पर्नुभएको छ। मेरो अवार्ड लिने बेला भएको छैन। म नोमिनेसनमा पर्नु नै ठूलो कुरा हो।

#### अर्पण वा दीपकराजले पाउनुहुन्छ



ध्रुव कोइराला

**फिल्म : बाजिगर**

मेरो विचारमा यो अवार्ड *वीरविक्रम*बाट अर्पण थापा अथवा *छक्का पञ्जा*बाट दीपकराज गिरीले पाउनुहुन्छ। किनभने उहाँहरु निकै राम्रो कलाकार हुनुहुन्छ र धेरै राम्रो एक्टिङ पनि गर्नुभएको छ। मैले आफ्नो हकमा अवार्ड पाउँछु कि पाउँदिन भन्ने कुरा आफैंले भन्ने होइन। मेरो काम त दर्शक र जर्जले मूल्याङ्कन गर्ने कुरा हो।

#### खलपात्र मैले पाउँदिन, पटकथा उत्कृष्ट छ



दीपकराज गिरी

**मनोनयन : फिल्म, खलपात्र, कथा, पटकथा र संवाद (छक्का पञ्जा)**

खलपात्रको नोमिनेसनमा पर्नु खुसीको कुरा हो। यसमा पर्नेबाहेक सबै ट्यालेन्ट नै हुनुहुन्छ। अझ ध्रुव कोइराला, कामेश्वर चौरासिया जस्ता व्यक्तिहरु त वर्षौंदेखि खलपात्रको रूपमा परिचित नाम हो। यो क्षेत्रमा मेरोभन्दा बढी योगदान उहाँहरुको नै छ। त्यसैले मैले खलपात्रको अवार्ड पाउँछु जस्तो लाग्दैन। कथाको कुरा गर्दा यसमा *डाइङ क्यानडल* जस्तो कथा, पटकथा र संवादमा जसले अवार्ड जिते पनि मलाई राम्रो लाग्छ। हुन त हाल म अवार्ड कार्यक्रमप्रति चासो राख्दिनँ र म अवार्डको आकांक्षी पनि होइन। पटकथाको हिसाबले हेर्दा *छक्का पञ्जा* उत्कृष्ट छ, यो पटकथाकै फिल्म पनि हो। पटकथामा आशा राख्ने ठाउँ छ।

#### जुरीको कुरा



कमलमणि नेपाल

**फिल्म : जात्रा**

जसले डिजर्भ गर्छ, उसले नै अवार्ड पाउँछ। सबैको काम हेरेको छैन, कसले जित्छ भन्ने कुरा भन्नका लागि त पहिले फिल्म हेर्नुपर्‍यो। हामीले भन्दा पनि जुरीले डिसाइड गर्ने कुरा हो।

#### दीपकराज गिरीले पाउनुहोला



अर्पण थापा

**फिल्म : वीरविक्रम**

अवार्डमा कसरी जजमेन्ट हुन्छ, त्यहीअनुसार अवार्ड विजेता हुन्छन्। अवार्ड त पर्फमेन्सवाइज गर्नुपर्ने हो, तर हेरौं कसरी हुन्छ। चर्चा र फिल्म चलेको आधारमा हो भने दीपकराज गिरीले पाउनुहोला जस्तो लाग्छ। पपुलारिटीको आधारमा पनि दीपकराज गिरीले पाउनुहुन्छ होला जस्तो लाग्छ।






# विचार

तपाईंको अनुमतिविना कसैले पनि तपाईंको अपमान गर्न सक्दैन।
- इलेनोर रुजबेल्ट

गल्ती गर्नु मानवीय कर्म हो र क्षमा गर्नु ईश्वरीय कर्म।
- अलेक्जेन्डर पोप

सम्पादकीय

नेपाल समाचारपत्र

## शीतलहरबाट प्रभावितलाई बचाऊ

शीतलहरको कारण हरेक वर्ष नागरिकहरूको मृत्यु हुने गरेको छ। यसकै कारण नागरिकको मृत्यु हुनु दुःखद विषय हो । नागरिकको बाँच्च पाउने अधिकारको ग्यारेन्टी गर्नु सरकारको दायित्व र कर्तव्य पनि हो। तर विशेष गरी तराई र भित्री मधेसमा शीतलहरका कारण बर्सेनि दर्जनौं नागरिकको ज्यान जाने गरेको छ। शीतलहरबाट ज्यान जाने अधिकांश नागरिक विपन्न रहेका छन्, जसको घरको संरचना कमजोर हुनुका साथै न्यानो कपडाको अभाव छ । त्यसैले चिसोका कारण कठ्याङ्ग्रिएर उनीहरूको ज्यान जाने गरेको छ ।

शीतलहरको कारण नागरिकको ज्यान जाँदा पनि सरकारले शीतलहरबाट नागरिकलाई बचाउने पर्याप्त ध्यान दिएको देखिँदैन । देशका राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री र नेताहरू राज्यकोषको ढुकुटी खर्च गरेर सामान्य ज्वरो आउँदासमेत उपचारका लागि विदेश जाने गरेका छन् । तर सामान्य न्यानो कपडाको अभावमा नागरिकहरूले ज्यान गुमाउनु कस्तो विडम्बना हो ? सरकारले यस्तो संवेदनशील विषयमा किन ध्यान दिन सकेको छैन ? राज्यकोषबाट सरकारले असहायको नाममा दिइने सहायता कता पुगेको छ ? यी विपन्नले पाउन सकेका छैनन् । के विपदमा परेका नागरिकको सुरक्षा गर्ने कर्तव्य सरकारको होइन र ? शीतलहरबाट नागरिकलाई जोगाउनका लागि किन सरकारले पूर्वतयारी अहिलेसम्म गरेको देखिँदैन। गृह मन्त्रालयको तथ्याङ्कअनुसार अहिलेसम्म शीतलहरकै कारण ६४ जनाको निधन भएको छ। शीतलहरबाट नागरिकलाई जोगाउन दाउरा वितरण गर्ने र आगो बाल्ने कार्यलाई नै सरकारले अहिलेसम्म रोकथामको विकल्प बनाएको छ। बर्सेनि दाउरा वितरण गरेर औपचारिकता पूरा मात्र गर्ने हो कि, दाउरा बाल्न नपर्ने गरी शीतलहरबाट नागरिकहरूको ज्यान जाने क्रमलाई रोक्नतिर सरकार लाग्ने हो ?

शीतलहरबाट तराईका बारा, पर्सा, रौतहट, धनुषा, महोत्तरी, सर्लाही, सिरहा, सुनसरी, मोरङ, सप्तरी, उदयपुर, बाँके, बर्दिया, रूपन्देही, नवलपसारी, चितवनलगायतका जिल्ला प्रभावित भएका छन्। घरको कमजोर संरचना भएकाहरू र विपन्न परिवारहरू नै शीतलहरको मारले सबैभन्दा पीडित बनेका छन्। शीतलरबाट मृत्यु हुने घटना बढेपछि विभिन्न संघसंस्थाले कम्बलजस्ता न्याना कपडा वितरण गरेका छन्। तर सरकारले पर्याप्त न्यानो कपडा वितरण गर्न सकेको छैन। सरकारसँग बजेट नभएर भन्दा पनि इच्छाशक्ति नहुँदा शीतलहर पीडितहरू थप पीडामा परेका छन्। उनीहरू न्यानो कपडाको पर्खाइमा रहेका छन् । शीतलहरको कारण स्थानीय अस्पतालमा रुघाखोकी, झाडापखाला, निमोनियालगायतका रोगको कारण बिरामीको संख्यासमेत बढेको छ । त्यसैले सरकारले चिसो र शीतलहर प्रभावित क्षेत्रमा तत्काल आफ्नो स्रोत–साधन परिचालन गरेर नागरिकको ज्यान जोगाउने कार्यमा लाग्नुपर्छ ।

# वाम गठबन्धनप्रति जनताको चासो


वसन्त घिमिरे

संविधानको भावनाअनुसार तीनै चरणको निर्वाचन सम्पन्न भई कार्यान्वयनको दिशामा समेत अगाडि बढिसकेको छ। यसले जनतामा आशा जगाएको छ। विगतको समयमा भए/गरेका सत्ता समीकरणका साथै अन्य क्रियाकलापबाट नेपाली जनता वाक्क भएका थिए। धेरै राजनीतिक दलबाट बनेको सरकारबाट जनताले अपेक्षा गरेअनुसारको मुलुकले विकास निर्माण कार्यमा गति लिन सकेको थिएन। तर अब भने मुलुकले कोल्टे फेरिसकेको छ। ढिलै भए पनि विगत समयमा राजनीतिक तहबाट भए/गरेका तीता, टर्रा, अमिला, अमिल्दा र असुहाउँदा कुरालाई बिर्सेर नयाँ शिराबाट आत्मसमीक्षा गरी नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीच चुनावी तालमेल भयो। यसै तालमेलबाट चुनावमा जाने र चुनावपछि छिट्टै पार्टी एकीकरण गर्ने लगायतका ६ बुँदे सहमति भयो। यो ऐतिहासिक सहमतिबाट मुलुक सधैँ अस्थिर राजनीतिको सिकार भइरहने परिपाटीको अन्त्य हुने प्रबल सम्भावना बन्दै गएको छ। यी दुवै पार्टी मार्क्सवादी विचारको समान दर्शनमा रहे पनि क्रान्तिको सिद्धान्त र कार्यनीतिका सन्दर्भमा भने नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) दुवै शक्तिबीच विगतमा बेग्ला-बेग्लै दृष्टिकोण थियो। र, उनीहरू आ-आफ्ना दृष्टिकोणका साथ अघि बढ्दै गएका थिए। एमालेले जनताको बहुदलीय जनवाद (जबज) र माओवादी केन्द्रले २१ औं शताब्दीको जनवादलाई मार्गदर्शन सिद्धान्त मान्दै आएको थियो। लोतान्त्रिक गणतन्त्रको व्यवस्थासहितको संविधान २०७२ जारी गरेपछि यी दुवै पार्टीले आफ्ना विचार र कार्यक्रममा दूरी घटेको महसुस गरी चुनावी तालमेल गरेर पार्टी एकीकरणको संघारमा आउने कार्यलाई बल पुगेको हुनुपर्छ। जननेता मदन भण्डारीले वि.सं. २०४९ मा एमालेको पाँचौं महाधिवेशनमा प्रस्तुत गरेको (जबज) ले शान्तिपूर्ण तरिकाबाट समाजको रूपान्तरण भनेको थियो भने २०५७ सालमा भूमिगत अवस्थामा रहेको माओवादीले पारित गरेको २१ औं शताब्दीको जनवादमा विचार मिल्ने शक्तिसँगको एकता, सहकार्य र प्रतिस्पर्धालाई प्राथकितामा राखी जोड दिएको थियो। सरसर्ती अध्ययन गर्दा यी दुवै पार्टीमा खासै अन्तर देखिएन। यी कुरालाई दृष्टिगत गरी माओवादी हिंसात्मक आन्दोलनबाट शान्ति प्रक्रियामा आएको हुनुपर्छ।

माओवादीको सातौं राष्ट्रिय सम्मेलन २०६९ सालमा हेटौंडामा सम्पन्न भएको थियो। उक्त सम्मेलनबाट शान्तिपूर्णरूपमा नै समाज रूपान्तरणको नीति पारित गरेको थियो। यी पार्टीले लोकतान्त्रिक मान्यताका साथै विधिको शासन आवधिक निर्वाचन, मानवअधिकार, प्रेस स्वतन्त्रतालाई आत्मसात् गर्दै अएका थिए। अन्त्यमा एमाले र माओवादी केन्द्रले आफ्ना सिद्धान्तलाई थाती राखेर एकीकृत पार्टीको सिद्धान्तका बारेमा आन्तरिक छलफल बढाउँदै लगे। साझा सिद्धान्त तय गर्ने भन्ने कुरामा उत्कर्ष विचार विमर्श भइराखेको हुनुपर्छ। आन्तरिक कुरा जे भए पनि एमाले र माओवादी केन्द्रमा पार्टी एकतापछिको वैचारिक सिद्धान्त र कार्यक्रमको नाम जेसुकै राखे तापनि अबको मार्ग भनेको लोकतान्त्रिक समाजवाद उन्मुख अर्थतन्त्र हुने आम मार्क्सवादी चिन्तक एवं विश्लेषकहरूको धारणा रही आएको छ।

विद्यार्थी, युवा संघ-संगठनका तर्फबाट पनि दुवै अध्यक्षलाई भेटी जनताले शान्ति, राजनीतिक स्थिरता, आर्थिक समृद्धिका लागि वाम गठबन्धनलाई मत दिएकाले जनताको अपेक्षालाई पूरा गरेर जनताका लागि छिटो पार्टी एकीकरण गरेर निष्कर्षमा पुग्न आग्रह गरिएको छ। अहिले मुलुकमा वामपन्थी एकता हुन नदिने देशी-विदेशी केही तत्वहरू सल्बलाउन थालेका छन्। नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीचको एकता मन नपराउने केही रहेको तर आफूहरू एकताका लागि इमानदार रहेकाले दुवै पार्टीबीचको एकता कसैले चाहेर नभाँडिने कुरा माओवादी केन्द्रका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले बताउनुभएको छ। वाम गठनबन्धनको नयाँ सरकार बनेपछि मुलुक विकासको गतिमा अघि बढ्ने र राजनीतिक अस्थिरताको अन्त्य हुने हुँदा जनताको लामो समयदेखिको शान्ति, स्थिरता र विकासको चाहना पूरा हुने उहाँले जनाइसक्नुभएको छ। 'अब हामी सबैले राजनीतिक स्वार्थबाट माथि उठेर सुशासन र आर्थिक समृद्धिको बाटोमा अगाडि बढ्नुको विल्कप छैन', अध्यक्ष प्रचण्डले बताउनुभएको छ।

निकट भविष्यमा पार्टी एकता गर्ने गरी निर्वाचनको संघारमा बनेको वाम गठबन्धन चुनावसम्म मात्रै कि ? विगतमा कम्युनिस्ट पार्टीबीच हुने फुटको कारणले गर्दा वाम गठबन्धनको एकता कति समय टिक्ला अथवा नटिक्ला ? यसले सार्थक रूप लेला वा नलेला ? अहिले राजनीतिक वृत्त, बुद्धिजीवी तथा आमनेपालीमाझ चौतर्फी चोसोको विषय बन्दै गएको छ। यस्ता कुरालाई मनन गरी नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) का गरी दुवै अध्यक्षले जनताको चाहना र निर्वाचनबाट पाएको मतको अवमूल्यन गर्न पक्कै दिनेछैनन् भन्नेहरू पनि प्रशस्तै छन्। विगत समयमा यी दुवै पार्टीबीच जे-जस्ता असजिला घटना, परिघटना भए पनि त्यसलाई पूरै बिर्सेर नेपालमा एउटै कम्युनिस्ट पार्टी निर्माण गरी यो एकतालाई बाह्यखाले शक्तिको खतराभन्दा पनि आन्तरिक द्वन्द्व भविष्यमा कहीँ-कतैबाट हुन नसक्ने गरी विश्वासको वातावरण बनाई उचित व्यवस्थापन गर्ने जिम्मेवारी वाम गठबन्धका दुवै शीर्ष अध्ययक्षको काँधमा आएको छ। यी जिम्मेवारीलाई कहीँ-कतैबाट डग्मगाउन नदिई उचित व्यवस्थापन मिलाउनुमा नै बुद्धिमानी ठहर्नेछ। स्थानीय सरकारदेखि प्रदेश हुँदै संघीय सरकारका लागि आवश्यक जनमत प्राप्त भएको यो ऐतिहासिक अवसरलाई खेर फाल्ने काममा कुनै पनि व्यक्ति वा नेताहरूको च्याँखेदाउ हुनुहुँदैन। अब मुलुकमा राजनीतिक स्थिरता र आर्थिक समृद्धिको नारालाई नेपाली जनताले अनुमोदन गरेको हुँदा यो जनादेशको अपमान गर्ने काम कहीँ-कतैबाट कुनै पनि रूपको माध्यमबाट हुनुहुँदैन भनी जनताले अभिमत प्रकट गरेका छन्।

> निकट भविष्यमा पार्टी एकता गर्ने गरी निर्वाचनको संघारमा बनेको वाम गठबन्धन चुनावसम्म मात्रै कि ? विगतमा कम्युनिस्ट पार्टीबीच हुने फुटको कारणले गर्दा वाम गठबन्धनको एकता कति समय टिक्ला अथवा नटिक्ला ? यसले सार्थक रूप लेला वा नलेला ? अहिले राजनीतिक वृत, बुद्धिजीवी तथा आमनेपालीमाझ चौतर्फी चोसोको विषय बन्दै गएको छ।

अब निकट भविष्यमा नै बन्ने वाम सरकारले जनताको गाँस, बास र कपासको ग्यारेन्टी गर्नुपर्दछ। वाम गठन्धनको सरकारको नेतृत्व नेकपा (एमाले) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले गर्नुहुने कुरा पक्कापक्की भएको छ। उहाँले आफ्नो जीवन रहेसम्म देश र जनताका लागि इमानका साथ काम गर्ने प्रतिबद्धता पनि व्यक्त गर्नुभएको छ। त्यसैले अब संयुक्त राष्ट्रसंघको विकासको लक्ष्य १३ वर्षभित्र पूरा गर्नुपर्छ। विकास नभएको दोष अरूलाई दिएर पन्छिने स्थान अब नभएकाले प्राप्त उपलब्धिलाई रक्षा गर्दै मुलुकको विकास र समृद्धिको बाटोमा अगाडि बढ्नुपर्छ।

वाम गठबन्धनले गएको तीनै चरणको निर्वाचनमा अत्यधिक बहुमतका साथ विजय हासिल गरेपछि हाम्रो उत्तर र दक्षिणका छिमेकी मुलुकले नेपालको राजनीतिमा चासो व्यक्त गर्दै आएका छन्। भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालका तीन दलका तीन नेतासँग हालै टेलिफोन वार्ता गरी भारत सहकार्यका लागि आतुर रहेको प्रस्ताव गरेका छन्। उता चीनका राष्ट्रपति सी जिन पिङको विगतमा स्थगित भएको नेपालको भ्रमण आगामी मार्चभित्र गर्ने भनिएकाले नेपालको छिमेकीसँगको कूटनीतिक सम्बन्धमा पनि कोसेढुंगा साबित हुने देखिन्छ। दुई छिमेकी मुलुक भारत र चीनसँगको सम्बन्धलाई आगामी दिनमा बन्ने वाम गठबन्धनको सरकारले अझ मजबुत बनाउनुपर्छ। परस्पर हितको आधारमा अगाडि बढ्नुपर्छ। त्यसमा सर्वप्रथम स्पष्ट हुनुपर्छ कि दुवै मुलुकको नेतृत्वको माइन्डेट परिवर्तन गर्नुपर्छ। भारतका प्रथम प्रधानमन्त्री नेहरूकले तत्कालीन नेपालका प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाई पत्र लेखी कमनवेल्थ लन्डनमा डेलिगेसनका लागि बढी खर्च नगर्नू भेनका थिए रे। त्यस्तै भारतका तत्कालीन राजदूत सीपी सिंहले नेपाल सरकारलाई मन्त्रिमण्डलका लागि लिस्ट नै दिन्थे अरे। यो मनोवृत्तिबाट भारत सरकार अहिले प्रभावित नभए पनि नेपालमा यो मनोविज्ञानको प्रभाव कहिलेकाहीँ नदेखिएको होइन। आउने दिनमा वाम गठबन्धनको सरकारले भारत र नेपालको कूटनीतिक सम्बन्धलाई भड्काउने, लडाउने, मिथ्या प्रजारबाजी गर्ने तत्वलाई बेलैमा सचेत गराउनुपर्छ। राजनीतिक र कूटनीतिक क्षितिजबाट टाढा गर्न 'पिपुल टु पिपुल डिप्लोम्यासी' लाई क्रियाशील बनाउनुपर्छ। पिपुल टु पिपुल डिप्लोम्यासी भन्नाले जन-जनबीचको अन्तरक्रिया मात्रै होइन कि जन-जनको अपेक्षा र समस्यालाई जनस्तरबाट नै समाधान गर्न मेकानिज्म बनाउनुपर्छ।

अब मूलुकमा यो वा त्यो बहानामा कुनै किसमका झमेला नतेर्स्याई जति सक्यो छिटो वाम गठबन्धनको सरकार निर्माण गर्नुपर्छ। सिंहदारबारको अधिकार स्थानीय तहका जनतालाई प्रत्यक्षरूपले अनुभव गराउने गरी अगाडि बढ्नुपर्छ। जनतालाई सुशासन र आर्थिक समृद्धिका साथै विकासको अनुभव गराउनेतर्फ पहलकदमी गराउनुमा आगामी सरकारले कुनै कसरत बाँकी राख्नुहुँदैन।

*(लेखक घिमिरे गोरखापत्र संस्थानका पूर्वकर्मचारी तथा स्वतन्त्र पत्रकार हुनुहुन्छ।)*

पाठक पत्र

# यस्तो हुनुपर्छ स्मार्ट सिटी

विकसित देशमा हुने स्मार्ट सिटी भनेको सुविधा सम्पन्न र मोबिलिटी पनि सुपर फास्ट हुन्छ। तर हामी कहाँ निर्माण हुने स्मार्ट सिटी भन्नाले आधारभूत पुनर्संरचनासहितको भौतिक पूर्वाधार हुनुपर्छ। प्रत्येक घरहरू सडक सञ्जालसँग जोडिनुपर्छ। नाला र ढलको उचित व्यवस्थापन हुनुपर्छ। शुद्ध पानीको पर्याप्तता हुनुपर्छ। वातावरणीय हिसाबले मानव अनुकूल हुनुपर्छ। उच्च शिक्षा हासिल गर्ने एकेडेमिक इन्स्टिच्युट, उत्पादनमूलक उद्योगको विकाससँगै सबै नाागरिक आईटी सिस्टमले जोडिएको हुनुपर्छ। स्थानीयलाई विश्वव्यापीकरण गरिनुपर्छ।



खरिद प्रविधिको प्रयोग, स्मार्ट ट्रान्सपोटेसन, मोबिलेसन फास्ट, ग्यासको प्रयोग वातावरण उपयुक्त हुनु मात्रै हैन आमजनता पनि स्मार्ट हुनु जरुरी छ। जनताको सोच पनि स्मार्ट हुनु जरुरी छ। भौतिक सुविधा मात्रको सिटी स्मार्ट हुन सक्दैन। मानवीय सोच र चेतना पनि स्मार्ट भएमा सिटी स्मार्ट हुनसक्छ। भौतिक पूर्वाधार आवश्यक छ भने परिपूरकको रूपमा मानवीय सोच जरुरी छ। सामाजिक प्राणी मानव जबसम्म व्यावहारिकरूपमा सामाजिक बन्न सक्दैन तबसम्म स्मार्ट सिटी साँच्चीकै स्मार्ट सिटी बन्नै सक्दैन। जथाभावी फोहोर फाल्ने अनि शहर फोहोर भयो भनेर चिच्याउने सोच परिवर्तन गर्नु जरुरी छ।

अति ग्रामीण क्षेत्रलाई स्मार्ट सिटी घोषणा गर्न अन्य क्षेत्रमा भन्दा गाह्रो हुन्छ। स्मार्ट सिटी रातारात हुने कुरै हैन। आमनागरिकले बुझ्नुपर्ने कुरा स्मार्ट सिटीका लागि कार्य थालनी मुख्य कुरा हो। चुनावमा भोट बटुल्न वर्षदिनमा मुहार फेर्ने भनेझैं रातारात केही हुँदैन। पाँच वर्षमा, १० वर्षमा, १५ वर्षसम्म मात्रै नभएर २० औं, २५ औं वर्ष लाग्न सक्छ। पाँच वर्षमा बेसिक इन्फ्रास्टक्चरको काम गर्न सकिन्छ। १० वर्षमा हेर्नलायक हुन्छ भने १५ वर्षमा जनसंख्या र जनघनत्व पनि बढ्दै जान्छ। अहिले सरकारले शुरुवात गरेको पालुङटार क्षेत्र, तनहुँ, लमजुङ र गोर्खा क्षेत्रलाई स्मार्ट सिटीका रूपमा लैजाने र पिज गरेर लुम्बीनीलाई लैजाने काम अघि बढेको छ। यसलाई शुरुवातीको रूपमा लिन सकिन्छ। अन्य शहरमा स्मार्ट सिटीका सन्दर्भमा सम्भाव्यता अध्ययन भइरहेको छ। अम्मरगढी, दैलेखको दुल्लु, पालुङटार क्षेत्रलगायतका शहरहरूलाई स्मार्ट सिटीका रूपमा लैजान सम्भाव्यता अध्ययन भइरहेको छ। स्मार्ट सिटीको काम चाँडो सम्पन्न गर्न अध्ययनको कामसँगसँगै निर्माणको काम पनि लैजानुपर्छ र योजनाबद्धरूपमै बजेटको विनियोजन गर्नुपर्छ।

वास्तवमा स्मार्ट सिटी भनेको त्यस्तो शहर हो, जहाँको भौतिक संरचना, दीर्घकालीन निर्माण, सञ्चार र बजार अत्याधुनिक हुन्छ। यसलाई पूर्ण व्यवस्थित शहरको रूपमा परिभाषित गरिन्छ। आधुनिक शहरमा आवश्यक पर्ने कुनै पनि विषय नछुटेको शहरलाई स्मार्ट सिटी भनिन्छ। यस्तो शहरमा सूचना प्रविधिलाई प्राथमिक पूर्वाधारको रूपमा राखिएको हुन्छ। शहर ठूलो भएपछि सबैभन्दा ठूलो समस्या सवारी व्यवस्थापनमा हुने भएकाले स्मार्ट सिटीमा अटोमेटिक ट्राफिक संकेत हुनुपर्छ। हरेक काम छिटोछरितो हुनुपर्छ। शहरका हरेक कुनामा सीसी क्यामेरा जडान, कन्ट्रोल रुममा बसेर शहरको गतिविधि निगरानी, विभिन्न स्थानमा डाटा सेन्टर हुनु जरुरी छ। अपराधीको पहिचान गर्न 'फेस आइडेन्टिफिकेसन सिस्टम' हुनुपर्छ। कुनचाहिँ पार्किङ स्थलमा ठाउँ छ भन्ने जानकारी गाडीमै पाइने व्यवस्था स्मार्ट सिटीमा हुनु जरुरी छ। टेली उपचारको प्रयोग व्यापक हुनुपर्छ। सडकमा साँझ, राति र बिहानमा आवश्यकता अनुसार फरक-फरक चमक हुने विशेष खाले बत्तीको व्यवस्था हुनुपर्छ।

हरेक घरमा पानी र बिजुलीको खपत कति भैरहेको छ भन्ने कार्यालयबाटै हेर्न सकिने व्यवस्था हुनुपर्छ। अत्याधुनिक फोहोर व्यवस्थापन हुनुपर्छ। शहरको कुन ठाउँमा फोहोर थुप्रिएको छ भनेर कार्यालयमै बसेर हेर्न सकिने र व्यवस्थापन गर्न सकिने हुनुपर्छ। स्मार्टफोन एप्लिकेसनबाट सबैभन्दा नजिक रहेको ट्याक्सीलाई घरसम्मै बोलाउन सकिने मात्रै हैन पानी, पार्क र हरियालीले सुन्दर र आकर्षक र पूर्ण वातावरण मैत्री हुनु पनि जरुरी हुन्छ। जनता, सरकार, अर्थतन्त्र, आवागमन, वातावरण र जीवनस्तरलाई स्मार्ट बनाए मात्र सिंगो शहर स्मार्ट बन्न सक्छ।

संसारमा न्यूयोर्क, फ्रेन्च सिटी, लन्डन, बार्सिलोना, सिंगापुर, पेरिस, बर्लिन, टोकियो, कोपनहेगनलगायतका शहरहरू स्मार्ट सिटीको रूपमा विकास भइसकेका छन्। ती शहरबाट पनि हामी धेरै कुरा सिक्न सक्छौं। नेपाल प्रकृतिले निकै धनी देश हो। यहाँ वातावरण अनुकूल स्मार्ट सिटी निर्माण गर्न त्यति समस्या पर्दैन। स्थानीय तह निर्वाचन मात्रै नभएर प्रदेश र संघको निर्वाचनमा पनि 'स्मार्ट सिटी' बारे नछुटाई बोले तर कसरी स्मार्ट सिटी बनाउने भन्ने खाका कोहीसँग आउन सकेन। निर्वाचनमा विजयपछि पनि 'फ्री वाइफाइ जोन'का कुरा कतिले गरे भने कतिपयले त रेललाई स्मार्ट सिटीको मानक पनि माने।

'स्मार्ट सिटी'को प्रमुख आधार सूचना, सञ्चार र प्रविधि नै हो। यसमा दुईमत छैन। यी तीन प्रमुख तत्वको उचित प्रयोग गरेर शहरलाई सुविधासम्पन्न बनाउनु 'स्मार्ट सिटी'को प्रमुख अवधारणा हो। सूचना, सञ्चार र प्रविधिको अधिकतम प्रयोग गरेर शहरको अर्थव्यवस्था, वातावरण, यातायात र प्रशासन चुस्त-दुरुस्त नबनाइँदासम्म कुनै शहर 'स्मार्ट' बन्नै सक्दैन।

*- सूचना केसी, भक्तपुर*

## सामाजिक सञ्जाल



जीवन पनि अनौठो छ। कसैलाई संसार भोग्न नपाएको चिन्ता छ। कसैलाई संसार जित्न नसकेको दुःख छ। मर्का सबैतिर उत्तिकै छ।

**Kishore Nepal**
**@kishorenepal**



कामरेडले 'धेरै पढेपछि मान्छेको दिमाग बिग्रिन्छ' भन्नु नेतोचित भनाइ नै हो। नेताका लागि पढालेखा मान्छेको उपादेयता क्रान्ति सम्पन्न हुन्जेल मात्र हुन्छ। त्यसपछि उसको विचारमा बुद्धिजीवीको काम क्रान्तिनायकको आत्ममुग्ध एकालापको सैद्धान्तिकीकरण गर्ने मात्र हो।

**Jugal Bhurtel**
**@JugalBhurtel**

२०७४, माघ
बुधबार
१०

‘नेपालका बहुमूल्य कलामा आधारित पुरातात्विक सामानहरू मूर्ति, हस्तलिखितग्रन्थ चोरी भएर विदेशी संग्रहालयमा पुगेका छन्, त्यसमध्ये डेनमार्कको संग्रहालयमा रहेका नेपालका मूर्तिहरूको तस्वीरको प्रर्दशनी गरेका छौं, यी मूर्ति कुन मन्दिर र कुन ठाउँको हो, पहिचान भए, हामी ती मूर्तिहरू डेनमार्कबाट फर्काउनेछौं।

# नेपाल

## चोरिएर डेनमार्क पुगेका मूर्तिको तस्वीर प्रर्दशनी सम्पन्न

# विदेश पुगेका मूर्ति फर्काउन सकिन्छ : पुरी

पुष्कर बुढाथोकी, भक्तपुर

नेपालका विभिन्न मन्दिरबाट चोरी भएर डेनमार्कको संग्रहालयमा पुगेका महत्त्वपूर्ण एवं बहुमूल्य मूर्तिका तस्वीरहरूको तीनदिने प्रर्दशनी मंगलबार सम्पन्न भएको छ। भक्तपुरको दत्तात्रयस्थित ‘द हेरिटेज ग्यालरी’ मा १९ वटा मूर्तिको तस्वीर प्रर्दशनीमा राखिएको आरपी फाउन्डेसनका निर्देशक एवं सम्पदाकर्मी रविन्द्र पुरीले बताउनुभयो।

नेपालबाट हराएका मूर्तिको पहिचान गर्ने, विदेशी संग्रहालयमा पुगेका मूर्ति नेपाल फिर्ता ल्याउन पहल गर्ने उद्देश्यले मूर्तिको तस्वीर प्रर्दशनी गरिएको बताउँदै उहाँले मूर्ति कुन ठाउँको हो पहिचान गरिदिन सबैलाई आग्रह गर्नुभएको छ।

पुरीले भन्नुभयो- ‘नेपालका बहुमूल्य कलामा आधारित पुरातात्विक सामानहरू मूर्ति, हस्तलिखितग्रन्थ चोरी भएर विदेशी संग्रहालयमा पुगेका छन्, त्यसमध्ये डेनमार्कको संग्रहालयमा रहेका नेपालका मूर्तिहरूको तस्वीरको प्रर्दशनी गरेका छौं, यी मूर्ति कुन मन्दिर र कुन ठाउँको हो, पहिचान भए, हामी ती मूर्तिहरू डेनमार्कबाट फर्काउनेछौं।’ नेपालका विभिन्न मन्दिरमा पूजा गरिएका मूर्तिहरू अहिले विदेशी संग्रहालयमा रहेको बताउँदै उहाँले नेपालले अनुमोदन गरेको युनेस्को महासन्धिका आधारमा विदेशी संग्रहालयमा पुगेका मूर्तिहरू हाम्रो देशको भएको प्रमाण पेस गर्न सके नेपाल फिर्ता ल्याउन सकिने बताउनुभयो।



डेनमार्कका पीएचडीका विद्यार्थी उल्रिक जोह्सिनले आफ्नो थेसिसको सिलसिलामा डेनमार्कको मोइसगार्ड संग्रहालयबाट लिइएको नेपाल र नेपालसँग सम्बन्धित मूर्तिहरूको तस्वीर प्रदर्शनीका लागि राखिएको हो। पुरीले भन्नुभयो- ‘तस्वीरमा रहेका मूर्ति डेनमार्कको संग्रहालयमा छन्, नेपालबाट चोरिएर गएका हुन् भन्ने प्रमाणको खोजीमा हामी छौं, यदि यी फोटोको सञ्चार माध्यमबाट प्रचारप्रसार गर्न सकियो र मूर्तिहरूको पहिचान गर्न सके, हामी ती मूर्तिलाई फर्काउन सक्छौं।’

डेनमार्कका विद्यार्थी उल्रिक जोह्सिनले आफूले पीएचडी गर्ने क्रममा थेसिसका लागि यी तस्वीरहरू संग्रहालयबाट लिएको बताउँदै यसलाई नेपालमा प्रर्दशनी गर्न पाउँदा आफू खुसी भएको बताउनुभयो। प्रर्दशनीमा नेपालको १७औं शताब्दीदेखि १९औं शताब्दीसम्मका भैरवको बहुकलात्मक मूर्ति, १७औं शताब्दीको पित्तलको सिंह, १९औं शताब्दीको अर्को भैरव, श्रीकृष्ण, विष्णु, मञ्जुश्री, सिलाकु, फुर्वा, १८औं शताब्दीको मञ्जुश्री, हरियो तारा, दियो, तोरण, काठको बाकस, १७औं शताब्दीको भैरव, २०औं शताब्दीको कलात्मक मादल, कागजमा बनाएको कलात्मक चित्र, कागजको झण्डालगायतका तस्वीरहरू प्रर्दशनीमा राखिएका थिए।

नेपालबाट हराएका र नेपाल फिर्ता ल्याएका मूर्ति एवं कलात्मक बस्तुहरूको प्रतिमूर्ति निर्माण गरेर संग्रहित गर्नका लागि फाउन्डेसनले पनौतीमा निर्माण गर्न लागेको ढुङाका मूर्ति संग्रहालयमा राखिने भएको छ। नेपालबाट चोरी भएर पाश्चात्य मुलुक पुगेका हिन्दू र बौद्धधर्म सम्बन्धित ५० बहुमूल्य मूर्तिहरूको प्रतिमूर्ति प्रदर्शनीबाट यो संग्राहलय शुरु गर्ने उद्देश्य रहेको बताउँदै पुरीले भन्नुभयो- ‘त्यसका लागि सन् २०१८ भित्र ती प्रतिमूर्तिहरू तयार हुनेछन्, हालसम्म २६ वटा मूर्तिहरू तयार भइसकेका छन्, तयार भएका प्रतिमूर्तिहरू हेरिटेज ग्यालरी मै प्रर्दशनीमा राखिएको छ, आगामी २०१९ मा यो संग्राहलयको भवन शिलान्यास गरिने योजना छ।’

सन् २०१३ मा आफूहरूको पहलमा १२ औं शताब्दीका हस्तलिखित ग्रन्थका गाताहरू फर्काउन सफल भएको स्मरण गर्दै उहाँले हामी सबै लागेमा चोरी भएर विदेश पुगेका मूर्तिहरू फर्काउन सकिने बताउनुभयो।

## गौचनलाई गोली हान्ने गुम्बे पक्राउ

काठमाडौं, (नेस)

निर्माण व्यवसायी महासंघका अध्यक्ष शरदकुमार गौचनलाई गोली प्रहार गरी हत्या गरेको घटनामा प्रत्यक्ष संलग्न भएका बाराको गढीमाई नगरपालिका-१ पथलैया घर भई चितवनको भरतपुर महानगरपालिका-१३ चम्पानगर डेरा गरी बस्ने बागमारे भन्ने श्यामबहादुर गुम्बे गुरुङलाई प्रहरीले पक्राउ गरेको छ।

प्रहरी प्रधानकार्यालय केन्द्रीय अनुसन्धान ब्युरो महाराजगन्जबाट खटिएको प्रहरी टोलीले गुरुङलाई सोमबार उनकै डेरा कोठाबाट पक्राउ गरेको हो।

गुरुङ गत असोज २३ गते निर्माण व्यवसायी महासंघका अध्यक्ष शरदकुमार गौचनलाई गोली प्रहार गरी हत्या गरेको घटना तथा २०७३ पुस ४ गते रुपन्देहीको देवदह खैरहनीमा युवा संघका अध्यक्ष दुर्गा तिवारीलाई गोली प्रहार गरी हत्या गरेको घटनामा प्रत्यक्ष रूपमा संलग्न भएको खुल्न आएको छ।

गुरुङले युवा संघका अध्यक्ष तिवारी र निर्माण व्यवसायी संघका अध्यक्ष गौचनलाई एउटै पेस्तोल प्रयोग गरेर हत्या गरेको प्रहरीले जानकारी दिएको छ। पैसा लिएर व्यक्ति सुट गर्ने गुरुङ अचुक निसानाबाज भएको पनि प्रहरीले जानकारी दिएको छ। गुरुङले यसअघि पनि अन्य व्यक्तिलाई पैसा लिएर हत्या गरेको प्रहरीले दाबी गरेको छ। सो हत्याकाण्डका प्रमुख योजनाकार समिरमान सिंह बस्नेतलाई यसअघि नै प्रहरीले पक्राउ गरी सार्वजनिक गरिसकेको छ। पैसाको लेनदेनकै कारण गौचनको हत्या भएको थियो।

## शहीद दिवस मनाउन समिति

काठमाडौं, (नेस)

यो वर्षको शहीद सप्ताह मनाउन महानगरका मेयर विद्यासुन्दर शाक्यको संयोजकत्वमा मूल समारोह समिति गठन गरिएको छ। समितिको उप-संयोजकमा उपप्रमुख हरिप्रभा खड्गी श्रेष्ठ हुनुहुन्छ भने सदस्यहरूमा, महानगरको वडा नं. ७, १२, १५, र २६ वडा अध्यक्षहरू, महानगरका प्रमुख प्रशासकीय प्रमुख, विभागीय प्रमुख, आयोजना तथा कार्यक्रम प्रमुख, नेपाली सेना, सशस्त्र प्रहरी, गृह मन्त्रालय, नेपाल स्काउटका प्रतिनिधि रहनुभएको छ। समितिको सदस्य सचिवमा नगर नायब प्रहरीउपरीक्षक धनपति सापकोटा हुनुहुन्छ।

शहीद सप्ताहअन्तर्गत यस वर्ष पनि माघ १० गतेदेखि १६ गतेसम्म विविध कार्यक्रम आयोजना गरिनेछन्। जसअन्तर्गत माघ १० गते बिहान ८ बजे टेकुस्थित शुक्रराज शास्त्रीले अमरत्व प्राप्त गरेको स्थानमा श्रद्धाञ्जली सभाबाट कार्यक्रमको थालनी हुनेछ। त्यस्तै १३ गते बिहान ८ बजे सिफलस्थित धर्मभक्त माथेमाले अमरत्व प्राप्त गरेको स्थानमा, १५ गते, गंगालाल श्रेष्ठ र दशरथ चन्दले अमरत्व प्राप्त गरेको स्थान, शोभा भगवतीमा श्रद्धाञ्जली सभा हुनेछ।

माघ १६ गते शहीद दिवसका दिन बिहान साढे आठ बजे शान्तिबाटिका रत्नपार्कबाट प्रभातफेरि शुरु हुनेछ। यस वर्षको सप्ताहलाई व्यवस्थित गर्न सरसफाइको जिम्मेवारी वातावरण व्यवस्थापन विभागलाई दिइएको छ भने झाँकीको व्यवस्थापन हनुमान ढोका दरबार क्षेत्र कार्यक्रमले गर्नेछ। त्यस्तै शहरी पूर्वाधार विकास विभागले कार्यक्रम स्थलको रंगरोगन गर्नेछ। कार्यक्रम अवधिमा कार्यक्रम स्थल तथा रुट व्यवस्थापनको जिम्मा नगर प्रहरी महाशाखालाई दिइएको छ। त्यस्तै जनस्वास्थ्य विभागलाई स्वास्थ्य शिविर सञ्चालन गर्ने र सहीद दिवसका विषयमा विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता गर्ने जिम्मेवारी शिक्षा विभागलाई दिइएको छ।

मूल समारोह समितिको बैठकले महानगरले स्थापना गरेको पुस्तकालयको नाम परिवर्तन गरी शहीद पुस्तकालय बनाउने निर्णय गरेको छ।

## नमुना बन्दै भैरवी आधारभूत विद्यालय

नेपाल समाचारपत्र

भक्तपुर

भक्तपुरको सूर्यविनायक नगरपालिका- १ मा रहेको एक सामुदायिक विद्यालय निर्माण गर्ने क्रम शुरूआत भएको छ। भक्तपुरको सूर्यविनायक नगरपालिका ७ स्थित भैरवी आधारभूत विद्यालयमा भएको सरस्वती मन्दिर उद्घाटन तथा बालबालिकालाई अक्षराम्भ गर्ने क्रममा स्थानीय समुदायको ३५ जना बालबालिकाहरू प्रारम्भिक बाल विकास कक्षा (ईसीडी) मा भर्ना भएसँगै नगरपालिकाको १ वडा १ सामुदायिक विद्यालय निर्माण गर्ने क्रम शुरु भएको हो।

मन्दिरको उदघाटन गर्दै प्रतिनिधिसभा सदस्य महेश बस्नेतले सामुदायिक विद्यालयलाई नमूना विद्यालय बनाउने काम भैरवी आधारभूत विद्यालयबाट शुरूआत भएको बताउनुभयो। उहाँले नगरपालिकाभित्र एक वडा एक नमूना विद्यालय बनाउने अभियान आफ्नो भएको भन्दै अहिले भैरवी आधारभूत विद्यालयबाट त्यो शुरूआत भएको बताउनुभयो। सरकारको लगानीमा सञ्चालित विद्यालयलाई सबै पक्षले साथ र सहयोग गर्नुपर्ने उल्लेख गर्दै यस पवित्र कार्यको शुरूआत भैरवी आधारभूत विद्यालयबाट भएको स्पष्ट गर्नुभयो। कार्यक्रममा सूर्यविनायक नगरपालिका वडा नं ७ वडाध्यक्ष रवीन्द्र सापकोटाले नगरपालिकाको हालै सम्पन्न नगरसभाले नगरपालिकाभित्र सञ्चालित सबै सामुदायिक विद्यालमा आगामी शैक्षिक सत्रदेखि कक्षा ३ सम्म अङ्ग्रेजी माध्यममा पठनपाठन गराउने नीति पास गरेकाले सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना हुने र अध्ययन गर्ने क्रम बढेको स्पष्ट गर्नुभयो। भैरवी आधारभूत विद्यालय त्यसैको नमूना भएको चर्चा गर्दै उहाँले विद्यालयले पुनःजीवन पाउन लागेको बताउनुभयो।

विद्यालयका प्रधानाध्यापक राजकुमार बस्नेतले अष्टाङ फाउन्डेसनअन्तर्गतको काठमाडौं वल्ड स्कुलसँग विद्यालयको सहकार्य भएसँगै विद्यालयमा विद्यार्थीहरू आउने क्रम तीव्र भएको विद्यालयले जनाएको छ। उहाँले विद्यालयको विस्तृत योजना सार्वजनिक गर्दै विद्यालयमा सञ्चालन भएको अक्षराम्भ कार्यक्रममा स्थानीय समुदायका ३५ जना बालबालिकाहरूले अक्षराम्भ गरेसँगै अब विद्यालय नमूना बन्ने स्पष्ट संकेत देखिएको बताउनुभयो। उक्त फाउन्डेसनले भैरवी आधारभूत विद्यालयलको शिक्षा गुणस्तरीय, प्रतिस्पर्धी र प्रविधिमैत्री बनाउन सहकार्य गरेको बस्नेतले जानकारी दिनुभयो।

उहाँका अनुसार अहिले विद्यालयको आफ्नै सुविधा सम्पन्न भौतिक पूर्वाधार, ई-लाइबेरी, ईसीडीका कक्षामा मन्टेश्वरी विधिबाट पठनपाठन, विद्यालयकै तर्फबाट विद्यार्थीहरूलाई खाजा, पोषाक, स्टेसनरीको व्यवस्थापन भएको छ। त्यस्तै आधुनिक सुविधा सम्पन्न कक्षा, कम्प्युटर कक्षाको व्यवस्था, सरसफाइ युक्त आकर्षक विद्यालय भनव, इन्टरनेटको माध्यमबाट पठनपाठ शुरु गरेकाले विद्यालयको आकर्षण बढेको उहाँले बताउनुभयो।

कार्यक्रममा जिल्ला शिक्षा अधिकारी अर्जुनबहादुर रायमाझी र सूर्यविनायक नगर शिक्षा अधिकृत सरस्वती दङ्गालगायतले स्थानीय सामुदायिक विद्यालय स्थानीय तहको मातहतमा आएसँगै शैक्षिक गुणस्तरीयता सुदृढ भएको भैरवी आधारभूत विद्यालय एउटा उदाहरण भएको बताउनुभयो सरस्वती मन्दिर अलपाइन कृषि फारमिङ्ग रिसर्च सेन्टरले १ लाख ६० हजार रुपियाँको लागतमा मन्दिर निर्माण गरेको विद्यालयले जनाएको छ।

## अवैध घरेलु मदिरा नष्ट

भक्तपुर, (नेस)

प्रहरीले चाँगुनारायण नगरपालिका वडा नं. ८ सुडालबाट १३ सय लिटर अवैध घरेलु मदिरा बरामद गरी नष्ट गरेको छ। इँट्टा भट्टाहरूको आसपासमा रहेका खाजाघरलगायतका २० वटा पसलहरूबाट ८ सय ३५ लिटर र छ्याङ ४ सय ७० लिटर बरामद गरी नष्ट गरिएको महानगरीय प्रहरी परिसर भक्तपुरले जनाएको छ।

घरेलु मदिरा बेचबिखनबाट समुदायमा झै-झगडा तथा घरेलु हिंसाका घटनासमेत बढेको भन्ने स्थानीयहरूबाट जन गुनासो आएकाले जिल्ला प्रशासन कार्यालय भक्तपुरका प्रतिनिधि र परिसरका सिनियर प्रहरी अधिकृतसहितको टोलीले अनुगमन गरी उक्त परिमाणमा घरेलु मदिरा बरामद गरेको हो।



सो क्रममा पसले र स्थानीयलाई मदिराजन्य पदार्थहरूबाट हुन सक्ने रोगहरू, मदिरा बिक्रीबितरण तथा सेवनबाट हुने सामाजिक असर बारेमा समेत सम्झाइ बुझाइ गरिएको र पुनः बिक्रीबितरण गरेको पाइएमा कानुनी कारबाहीसमेत हुने जानकारी गराइएको परिसरका पवक्ता प्रहरी नायब उपरीक्षक कृष्ण प्रसाईंले बताउनुभयो।

## ट्राफिक व्यवस्थापन सञ्चालन

काठमाडौं, (नेस)

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगन्जको तत्वावधानमा महानगरीय ट्राफिक प्रहरी महाशाखा रामशाहपथद्वारा महानगरीय सशस्त्र प्रहरी गण महाराजगन्जमा ट्राफिक प्रशासन २०औं समूहको तालिम सञ्चालन भएको छ।

उक्त तालिमको सोही महाशाखाका प्रहरी वरिष्ठ उपरीक्षक उमेश रञ्जितकारले मंगलबार आयोजित एक कार्यक्रमबीच उद्घाटन गर्नुभयो।

कार्यक्रममा उहाँले ट्राफिक व्यवस्थापन, ट्राफिक नियमको पालना, सडक प्रयोगकर्ताले पालना गर्नुपर्ने नियमसम्बन्धि तालिम प्रदान गरिने उल्लेख गर्दै अनुशासनमा रही इमानदारीपूर्वक तालिम गर्न प्रशिक्षार्थीहरूलाई निर्देशनसमेत दिनुभयो।

तालिम संयोजक प्रहरी नायब उपरीक्षक नवीनराज राईले तालिमसम्बन्धी प्रतिवेदन प्रस्तुत गर्दै ३५ दिन कार्यावधि रहेको उक्त तालिममा प्रहरी नायब निरीक्षक ४ जना र प्रहरी सहायक निरीक्षक २७ जना गरी जम्मा ३१ जना प्रशिक्षार्थीहरूको सहभागीता रहेको समेत जानकारी दिनुभयो।

## सिनेमा कर्नर










**अग्नि यातायात प्रा. लि.**

दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-४२८५६३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**

काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : कोसेली-पुरस्कार प्राप्ति, भाग्योदय, कार्य सफल, धनलाभ।
**वृष** : नोक्सानी, दुर्घटनाको भय, निरर्थक खर्च, विवादमा फसिएला।
**मिथुन** : पैसा लाभ, विविध सेवा वा वस्तुको प्राप्ति, मिष्ठान्न भोजन।
**कर्कट** : सुख-सन्तोष, कार्यसिद्धि, शारीरिक स्वस्थता, मन प्रफुल्लित।
**सिंह** : राज्यबाट लाभ, राजनीतिक सफलता, प्रतिष्ठा वृद्धि, सुख।
**कन्या** : रोगव्याधिको भय, आर्थिक नोक्सानी, काममा बाधा।
**तुला** : धनलाभ, सम्मान, परीक्षा आदिमा सफलता, समस्या समाधान।
**वृश्चिक** : द्रव्यलाभ, शत्रु विजय, खेलकुद-परीक्षामा सफलता।
**धनु** : कार्य सिद्धि, स्वस्थता, काममा जोश-जाँगर, सुख-सन्तोष।
**मकर** : झाडापखाला, ग्यास्ट्रिकको सम्भावना, विवाद, निरर्थक घुमफिर।
**कुम्भ** : आर्थिक लाभ, मान-सम्मान, पढाइ, व्यापारमा सफलता।
**मीन** : धन लाभ, स्वस्थता, रोमान्टिक जमघट, रमाइलो वातावरण।

# नेपाल

छानविन समितिका टोलीले समेत कलेज सञ्चालकले विद्यार्थीको भविष्यमाथि खेलवाड गरेको निष्कर्षसहितको प्रतिवेदन बुझाइसकेको छ।

## निर्देशकले सञ्चालक जोगाए
# ८० विद्यार्थीले परीक्षा दिन नपाउने

मोतीराम तिमल्सिना, काभ्रे

गैरकानुनी रूपमा कलेज सञ्चालन गरी विद्यार्थी ठगी गर्ने गिरोह र कलेजका सञ्चालकलाई सीटीईभीटीका स्तर निर्धारण महाशाखाले जोगाउने प्रयास गरेको छ। उक्त कलेजमा अध्ययनका लागि भर्ना भएका विद्यार्थीले समेत सञ्चालक जोगाउने प्रयास गरेकाले परीक्षा दिन नपाउने प्रतिवेदन पेस भएको छ।

छानविन समितिका टोलीले समेत कलेज सञ्चालकले विद्यार्थीको भविष्यमाथि खेलवाड गरेको निष्कर्षसहितको प्रतिवेदन बुझाइसकेको छ।

बनेपा नेपाल पोलिटेक्निक स्कुलका प्रिन्सिपल मिस्टरकान्त मैनालीको टोलीले बनेपामा रहेको नेसनल हेल्थ फाउन्डेसनले विद्यार्थी ठगी गरेको पुष्टि गरेको छ। सोही व्यहोराको प्रतिवेदन सीटीईभीटीमा बुझाएपछि शुरू भएको कारबाही प्रक्रिया सुस्त र झारा टार्ने प्रकृतिको छ। सदस्य सचिव पुष्परञ्जन वाग्लेका अनुसार कलेजलाई पहिलो चरणमा स्पष्टीकरण सोधिएको छ। स्पष्टीकरणपछि अध्ययनले देखाएका गल्तीका आधारमा कानुनअनुसार कारवाही हुनेछ। 'नेसनल हेल्थ फाउन्डसनलाई कारवाहीका लागि स्पष्टीकरण सोधिएको छ', सदस्य सचिव पुष्परञ्जन वाग्लेले भने- 'कारवाहीको प्रक्रियामा छौं, अध्ययनमा कलेजले गल्ती गरेको पुष्टि भएको छ।'

सदस्य सचिवले स्तर निर्धारण महाशाखालाई कारवाहीको लागि तोक आदेश गरेको लामो समयसम्म उक्त महाशाखाले कारवाही प्रक्रिया नै शुरू गरेन। डडेल्धुरामा कलेज सञ्चालन गरेका शिलाकान्त झाको कलेजलाई तीन वर्षका लागि निलम्बन गरिएको छ। उक्त कलेज निलम्बन भएपछि त्यहि कलेजमा गैरकानुनी रूपमा भर्ना लिएका विद्यार्थीको रजिस्ट्रेसन नेसनल हेल्थ फाउन्डेसनका नामबाट भराएका थिए। पुनः नुवाकोट टेक्निकल इन्स्टिच्युटको नामबाट विद्यार्थीको फाराम भराएपछि ८० विद्यार्थीको विचल्ली भएको थियो। ८० विद्यार्थीहरूले पुनः सीटीईभीटीको परीक्षा दिन नपाउने भएका छन्। मैनालीको अध्ययन समितिले गल्ती गरेका सञ्चालकलाई जोगाउन विद्यार्थीको समेत मिलेमतो देखिएकाले त्यस्ता विद्यार्थीको रजिस्ट्रेसन नभएको र अब पनि नगर्न सिफारिस गरेको छ।

'ठगी गर्ने सञ्चालकहरूले नै विद्यार्थीलाई अर्को वर्ष परीक्षा दिने तर कतै उजुरी नगर्ने कागजमा सही गराएका थिए छन्', एक विद्यार्थीले भने- 'हामीसँगै अध्ययन गरेका साथीहरूले फाइनल परीक्षा दिइसके, हामीलाई घुमाउन लगेर भविष्य बर्बाद पारिएको छ।' 'अभिभावकहरूलाई समेत ठगीका बारेमा कसैलाई उजुरी नगरिदिन अनुरोध गरेका छन्', विद्यार्थीले भने- 'सीटीईभीटीका कर्मचारीहरूको मिलेमतोमा अनुमति पाएको भन्दा दोब्बर विद्यार्थी भर्ना लिएपछि नुवाकोट टेक्निकल इन्स्टिच्युटका नाममा नक्कली फाराम भराइएको भए पनि रजिस्टर हुन नसक्दा परीक्षाबाट वञ्चित हुनुपर्‍यो।' समयमै नवीकरणसमेत नगरेको नेसनल हेल्थ फाउन्डेसनका बारेमा ठगीको समाचार आएलगत्तै सोमबार बिहानै जिल्ला प्रशासन कार्यालयमा एनजीओ नवीकरणका लागि फाइल पुगेको थियो। असोज २८ गते साधारणसभा भएको विवरणसहित कात्तिक २७ गते नवीकरणका लागि जिल्ला प्रशासन कार्यालयमा फाइल पुगेको थियो। 'हतार-हतार नवीकरणका लागि पुगेको टोलीले वडाको सिफारिस नलगेपछि पुनः सिफारिस लगेर नवीकरण गरे' -प्रशासनका एक कर्मचारीले भने।

२०५३ साल चैत्र २९ गते जिल्ला प्रशासनको ३३४ नम्बरमा दर्ता भएको उक्त संस्थामा अध्यक्ष प्रकाश रजौरीया, सचिव जया ढुंगाना, कोषाध्यक्ष सत्यनारायण यादव रहेका छन् भने कोषाध्यक्ष पुष्पराज खनाल, कन्हैयालाल संघाई, रोशनी अमात्य र मिनु जोशी रहेका छन्। कोटेश्वरमा शाखा कार्यालय राख्ने अनुमति लिएको उक्त संस्थाको मुख्य कार्यालय साविक जनागाल गाविस ८ हो।

वार्षिक १ लाख ५० हजारका दरले करोडभन्दा धेरै रुपियाँ संकलन गरेर फरार भएका सञ्चालकहरू राजनीतिक दलको फेर समातेर ठगीबाट उम्कने प्रयासमा छन्। बनेपामा रहेको नेसनल हेल्थ फाउन्डेसनको नाममा विद्यार्थी भर्ना गराएर सञ्चालक सदस्य सचिव शिलाकान्त झा र प्रशासन प्रमुख सुरज ज्ञवालीले दर्ता नै नभएको नुवाकोट टेक्निकल इन्स्टिच्युटको नाममा झुक्याएर फाराम भराएका थिए। नेसनल हेल्थ फाउन्डेसनले सीएमए र अनमी अध्ययनका लागि ४०/४० जनाको अनुमति प्राप्त गरेको छ।

## समृद्ध प्रदेश बनाउने प्रदेशसभा सांसदको प्रतिबद्धता
# 'स्थायी राजधानी सुर्खेत, नाम कर्णाली प्रदेश'

शेरबहादुर थापा, सुर्खेत

प्रदेश नं. ६ का प्रदेशसभा सदस्यहरूले प्रदेशलाई समृद्ध बनाइछाड्ने प्रतिबद्धता व्यक्त गरेका छन्। मंगलबार वीरेन्द्रनगर नगरपालिकाले आयोजना गरेको प्रदेससभा सदस्यलाई बधाई तथा शुभकामना आदानप्रदान कार्यक्रममा उनीहरूले त्यस्तो प्रतिबद्धता जनाएका हुन्।

कार्यक्रममा माओवादी केन्द्रबाट निर्वाचित विन्दमान विष्टले आफूहरू स्थानीय र संघीय सरकारसँग सहकार्य गर्दै अघि बढ्ने जानकारी दिए। उनले विगतमा जुनसुकै पार्टीबाट चुनाव लडेर विजयी बने तापनि अबको बाटो भनेकै ६ नम्बर प्रदेशलाई समुन्नत बनाउने रहेको जनाए।

प्रदेससभा सदस्य हिमबहादुर शाहीले प्रदेशलाई सबल बनाउन कांग्रेसले कुनै बाधा व्यवधान खडा नगर्ने बताए। उनले आफूहरू सरकारमा नरहे पनि सत्तापक्षले गरेका राम्रा कामको सदैव समर्थन गर्ने र सबै दलहरूसँग सहकार्य गर्दै अघि बढ्ने प्रतिबद्धता जनाए। ६ सिट रहेको कांग्रेसले मुख्य मुद्दाका रूपमा विकास निर्माणलाई लगेकाले विकास निर्माणमा कांग्रेस कहिल्यै पछि नहट्ने उनको संकल्प थियो।

नेकपा एमालेका नेता तथा प्रदेशसभा सदस्य प्रकाश ज्वालाले अब प्रदेश ६ नभनेर कर्णाली प्रदेश भन्नुपर्ने बताए। उनले भने- 'सरकारले अस्थायी राजधानी भनेर वीरेन्द्रनगरलाई तोके पनि यो स्थायी



राजधानी नै हो। र प्रदेशको नाम कर्णाली प्रदेश नै रहन्छ। त्यसैले अब कर्णाली प्रदेश भन्न शुरू गरौं।' राज्यको मूल प्रवाहबाट कर्णाली प्रदेश उपेक्षित भए पनि अब प्रदेश बनाउने जिम्मा आफूहरूको भएको उनले बताए। उनले भने- 'हामीले गरिबी, भोकमरी, अशिक्षा भयो भनेर गाउनुपर्ने कुनै जरुरी छैन। हाम्रा असीमित प्राकृतिक स्रोत र साधनलाई प्रयोग गरेर आगामी ५ वर्षभित्र नेपालकै धनी, सबल र समृद्ध प्रदेश बनाउन लाग्नेछौं।' उनले सबै दल मिलेर समृद्धिको खाका तयार गरिने र त्यसलाई कार्यान्वयन गर्ने जानकारी दिए। उनले भने- 'यो प्रदेशमा अब कोही सत्ता चलाउने, कोही पीपल चौतारामा विरोध गर्ने हुनेछैन।' यसका लागि सबै दलसँग आफूहरू हातेमालो गर्दै अघि बढने बताए।

यसैबीच नेता ज्वालाले कांग्रेसलाई पनि सरकारमा आउन आह्वान गरेका छन्। सबै दल मिलेर प्रदेशलाई सामाजिक विकृतिरहित, सुशासनयुक्त बनाउनुपर्ने भन्दै उनले यस्तो आग्रह गरेका हुन्।

नेकपा एमालेका नेता, पूर्वमन्त्री एवम् प्रदेससभा सदस्य यामलाल कंडेलले संघीय सरकारका लागि यो प्रदेशका सबै सदस्य स्थायी प्रतिपक्षको रूपमा रहने बताए। उनले भन- 'राज्यले जहिल्यै हामीलाई उपेक्षा गरेको छ, हामी आ-आफ्नै दलसँग लडेर मात्रै बढी बजेट पाउन सक्छौं। त्यसैले हामी संघीय सरकारको स्थायी प्रतिपक्षजस्तै आगामी ५ वर्ष हुनेछौं।' नेता कंडेलले वीरेन्द्रनगरमा रहेका केही संस्थाले सरकारी जमिनको जथाभावी प्रयोग गरेको भन्दै यसबारेमा स्पष्ट धारणा बनाई बढ्दो बेथिति अन्त्य गर्न नगरपालिकालाई आग्रह गरे।

प्रदेशको राजधानीसमेत भइसकेकाले बढ्दो चापलाई थेग्न सक्ने गरी कार्यक्रम बनाउन र शहरलाई शान्त बनाउनेतर्फ अग्रसर हुन नगरपालिकालाई सुझाए। यसका साथै उनले शहरमा बढ्दो लागूऔषध र त्यसले बढाएको असुरक्षालाई ध्यानमा राख्दै नगरपालिकलाई विकसित बनाउन आग्रह गरे। यसका लागि प्रदेश सरकार आवश्यक सहयोग गर्न तयार रहेको उनको भनाइ थियो।

कार्यक्रममा प्रदेशसभाका अधिकांश सदस्यको सहभागिता रहेको थियो।

# सूचनाको हकसम्बन्धी अभिमुखीकरण

गुल्मी, (नेस)

गुल्मीमा साइबर अपराध र सूचनाको हक अधिकारसम्बन्धी एक दिने कार्यक्रम सम्पन्न भएको छ। विद्यार्थीमा साइबर अपराध र सूचनाको हक अधिकारबारे जानकारी दिने उद्देश्यले निजामती कर्मचारी श्रीमती संघ केन्द्रीय कार्यालय काठमाडौंको आयोजनामा मंगलबार जिल्लाको सदरमुकाम तम्घासमा सम्पन्न भएको हो।

साइबर अपराधले समाजमा घट्ने समस्याहरू र सूचनाको हकबारे केहो कसरी लिने दिने बारे राखिएको कार्यक्रममा सदरमुकाम तम्घासस्थित ४ वटा विद्यालयका विद्यार्थीको सहभागिता रहेको थियो। जिल्लास्थित महेन्द्र मावि, सिद्धबाबा मावि, रेसुंगा मावि र उपल्लो तम्घास माविका विद्यार्थीको सहभागिता रहेको थियो।

साइबर अपराध र सूचनाको हकबारे प्रहरी निरीक्षक भोजराज पाण्डेयले प्रशिक्षण दिएका थिए। उनले साबइर अपराधले ठूला-ठूला जघन्य रापराध घट्ने गरेकाले यसको प्रयोग गर्दा विशेष ध्यान दिनुपर्ने बताए।

# बालक हत्याको आरोपमा तीन पक्राउ

गौर, (नेस)

रौतहटको राजपुर नगरपालिका-९ को बलुवाटोलनजिकैको बगैंचामा ८ वर्षीय बालक मफजुल देवानको हत्या भएको छ। उनी सोही टोल निवासी हुन्। बालकको शव स्थानीयले देखेर प्रहरीलाई खबर गरेपछि उनको हत्या भएको खुलेको हो। बालकको टाउकाको पछिल्लो भागमा धारिलो हतियार प्रहार भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

हत्याको आरोपमा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। घटनाको अनुसन्धान भइरहेको प्रहरी नायव उपरीक्षक रामकुमार दानीले बताउनुभयो। सरस्वती पूजाको विषयलाई लिएर सोमबार बालकहरूबीच झगडा भएकोमा आज उनको शव भेटिएको स्थानीयले बताएका छन्।

सारा नेपाली मिलेर अन्याय, अत्याचारको विरुद्धमा लड्नु पर्छ र यस्ता अन्याय, अत्याचारबाट मुक्त हुनु पर्छ भन्ने आजको मागलाई हामी सबैले बुझ्नु पर्दछ ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# जग्गाधनी पुर्जा चल्तीमा नआउँदा समस्या

गोकुल घोरसाइने, बारा

जिल्लाको जीतपुरसिमरा उपमहानगरपालिका वडा नं. १ पथलैया बजार देशका चर्चित स्थानमध्येको एक हो। पूर्व-पश्चिम राजमार्ग र उत्तर-दक्षिण त्रिभुवनराजपथको संगमस्थलको रूपमा रहेको पथलैया बजारमा पछिल्लो समय होटल र ढुवानी व्यवसाय राम्ररी फस्टचाएको छ।

२०२१ सालमा पूर्व-पश्चिम राजमार्ग निर्माण शुरू भएपछि व्यवसायसँगै बसोबास थालेका यहाँका बासिन्दा वर्षौं अघिदेखि आफू बसेको जमिनको स्वामित्व र जग्गाधनी पुर्जा नपाउँदा समस्यामा छन्।

सुकुम्बासी समस्या समाधान आयोगमार्फत् सरकारले पटक-पटक उपलब्ध गराएको जग्गाधनी पुर्जा चलनचल्तीमा नआउँदा स्थानीय समस्यामा परेका हुन्। 'पुर्जामात्र भएर के गर्नु?', स्थानीय विष्णु भण्डारी भन्छन्- 'निसा प्रमाण केही छैन, बैंकले धितो लिँदैन।' उनले आयोगले मालपोत र नापी कार्यालयमा नक्सालगायतका प्रमाण खडा नगरी पुर्जामात्र वितरण गरेकाले यस्तो समस्या आएको बताए।

सुकुम्बारी समस्या समाधान आयोगले २०५५ सालमा पहिलो पटक करिब ५ सय परिवारलाई जग्गाको पुर्जा वितरण गरेको थियो। तर उक्त पुर्जा चलनचल्तीमा नआउँदै २०६७ सालमा गठन भएको अर्को आयोगले फेरि पनि उनीहरूलाई सोही जग्गाको धनीपुर्जा वितरण गरेको थियो। पछिल्लो पटक स्थानीयले लालपुर्जा कामकाजी बनाउन आवश्यक दस्तुरबापत् जिल्ला मालपोत कार्यालयमा थप १९ लाख रुपियाँ सरकारी राजस्वसमेत बुझाएका छन्।

०६७ सालमा मातपोतमार्फत् आयोगले पुर्जा फुकुवा गर्ने अन्तिम तयारी गरिरहेको बेला अनियमितता आशंकामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानविनका लागि सबै फाइल तानेपछि स्थानीयको समस्या ज्युँका त्युँ छ। छानविन गर्न भनेर जग्गाको कारोबार रोक्का गरेको अख्तियारले अहिलेसम्म पनि मुद्दाको किनारा नलगाउँदा प्रक्रिया अघि बढन नसकेको अर्का स्थानीय प्रकाश लम्सालले सुनाए। जग्गाधनी पुर्जा प्राप्त नभए पनि बैंक धितो र आर्थिक कारोबारबाहेक जग्गा खरिद बिक्री र घर तथा भवन निर्माण कार्य भने जारी छ। पथलैयाको जमिन यतिबेला प्रतिधुर १० देखि २० लाख रुपियाँसम्ममा किनबेच हुने गरेको बताइएको छ। त्यसै गरी यस क्षेत्रमा अहिले साना झुपडीदेखि करोडौं लगानीमा ठूला महल खडा गरिएका छन्। देशका दुई प्रमुख राजमार्गको संगमस्थलको रूपमा रहेको पथलैयामा केही वर्षयता ढुवानी व्यवसायसँगै होटल व्यवसाय पनि राम्रो फस्टाएको छ। १५ वर्षअगाडि पाएको लालपुर्जा चलनचल्तीमा ल्याउन पटक-पटक अख्तियार धाएको र सडक आन्दोलनमा समेत उत्रिएको भन्दै अब स्थानीय निकायका जनप्रतिनिधिमार्फत् आफूहरूको समस्या हल हुने स्थानीय समाजसेवी रामदास ध्यौजुको विश्वास छ। शहरउन्मुख पथलैयामा अहिले ७ सय २६ घरधुरी परिवारमा करिब ३ हजारभन्दा बढीको बसोबास छ।

# एउटै वडामा फरक बस्ती

सञ्जय कार्की, रौतहट

चन्द्रपुर नगरपालिका-८ स्थित सन्तपुरको एकै वडामा यतिखेर दुई फरक प्रकारका बस्ती निर्माण भएको छ। एउटा व्यवस्थित बस्ती जहाँ फराकिलो सडक, ढल निकास, धारा, बिजुली बत्ती, भ्यू-टावर, सामुदायिक भवन, प्राथमिक विद्यालय, नमुना क्लब घर, चिल्ड्रेन पार्क र मन्दिरसहितका घर रहेका छन्। जहा मुसहर र माझीलगायतका समुदायको बसोबास हुनेछ। यसले यसक्षेत्रको सौन्दर्यता बढाएको छ भने पर्यटकलाई आकर्षित पनि गरेको छ।

अर्को बस्ती घना र अव्यवस्थित, साँघुरो बाटो, नालाको अभावसमेत रहेको छ जहा सदियौंदेखि बस्दै आएका तराईका भूमिपुत्र थारू समुदायको बसोबास रहेको छ। सँगै जोडिएको फरक बस्तीले हेर्न आउनेहरूको सोचाइमा समेत फरक पार्ने गरेको छ। सोही स्थानमा निर्माण भएको एकीकृत नमुना बस्तीको निर्माण भने धुर्मुस-सुन्तली फाउन्डेसनबाट भएको हो। ५ करोड ९५ लाखको लागतमा शुरू गरिएको परियोजना सकिनै लाग्दा भने धुर्मुस-सुन्तली फाउन्डेसनलाई भने १ करोड माथि ऋण भार थपिने स्थिति रहेको छ।

१२ कठ्ठा जमिन क्षेत्रफलमा मुसहर, माझी, चमार, हजरालगायतको समुदायको ४७ घरपरिवारका लागि धुर्मुस-सुन्तली फाउन्डेसनद्वारा सुन्दर बस्ती निर्माण गरिएको हो। उक्त बस्ती निर्माणको कार्य भने अन्तिम चरणमा पुगेको छ। स्थानीयमा भने खुसियाली छाएको छ। सुन्दर बस्तीमा अहिले रंगरोगन, बिजुली, भित्री बाटो, वाल उद्यान निर्माण, झ्यालढोका लगाउने काम भइरहेको छ। बस्ती हस्तान्तरण गर्न दुई हप्ता पनि छैन, तर कामले भने तीव्रता पाएको छ। सुन्दर र पक्की घरमा १ सय ७ वर्षपछि रामकल्लि देबी हजरा बस्दै छिन। उनी नया आधुनिक घरमा बस्न पाउनेभएपछि दंग परेकी छिन्। सपनामा पनि नचिताएको चिज जीवनको उत्तरार्द्धमा पूरा हुन लागेको भन्दै रामकल्ली देवी हजाराले बस्ती निर्माणका अभियान्तालाई धन्यवाद दिनुभएको छ।

सुन्दर बस्ती निर्माणमा हातेमालो गर्न धुर्मुस-सुन्तली फाउन्डेसनकी कुन्जना घिमिरे (सुन्तली )ले आग्रह गर्नुभयो। बस्ती निर्माण सम्पन्न गरिसक्दा १ करोड ३० लाख रकम अपुग हुने अनुमान उहाँले गर्नुभयो। धुर्मुस-सुन्तली फाउन्डेसनले देशबाहिर र भित्र रहेका नेपालीको सहयोगमा उक्त बस्ती निर्माण गर्दै आएको भए तापनि अन्तिम चरमा भने १ करोडभन्दा बढी रकम अपुग हुने भएको छ।

# नमुना बन्दै गाउँपालिका अध्यक्ष

ललित सिंह, बझाङ

सिंहदरवारले प्रयोग गर्दै आएका कतिपय अधिकारसमेत पाएको भनिएको स्थानीय तहका अध्यक्षको दैनिकी कस्तो होला? धेरै जसो को उत्तर हुन्छ- 'बिहानदेखि साँझसम्म भेटघाट, गोष्ठी बैठकमा दौडधुप, योजना निर्माण र अनुगमन आदि।' सम्भवतः यो दैनिकी धेरैजसो स्थानीय तहका प्रमुखहरूको दैनिकीसँग मेल खान्छ। तर बझाङ जिल्लाको खप्तडछान्ना गाउँपालिकाका अध्यक्ष बर्कबहादुर रोकायाको दैनिकी यतिमा मात्र सीमित छैन।

उनी बिहान सबेरै उठ्छन्। हरेक दिन ९ बजेसम्म आफ्नो बारीमा काम गर्छन्। त्यसपछि खाना खाएर दिनभर जसो गाउँपालिकाको काममा व्यस्त हुन्छन्। खनजोत गर्ने, मल बोक्ने, विरुवा गोडमेल गर्ने, काट्छाट गर्नेजस्ता खतीपातीका काम उनको नियमित दैनिकीभित्र पर्दछन्। हुन त उनका गाउँपालिकाका अधिकांश मानिस कृषि पेसामा नै आश्रित छन्। तर अध्यक्ष रोकाया र अरू कृषकको खेतीपाती गर्ने तरिका फरक छ। उनी कृषिका माध्यमबाट गाउँपालिकाको समृद्धि हुन्छ भन्ने कुरामा विश्वास गर्छन्। यसका लागि कृषिमा आधुनिकीकरण गर्ने उनको धोको छ। जुन आफैं गरेर देखाउन चाहन्छन्।

नेपाली कांग्रेसको तर्फबाट गाउँपालिका अध्यक्षमा विजयी हुनुभन्दा पहिलेदेखि नै आधुनिक कृषिमा लागेका रोकाया भन्छन्- 'हामीले बाजे बराजुका पालादेखि नै खेतीपाती गर्दै आएका हौं। तर पनि हाम्रो प्रगति हुन सकेन। हामीले रातदिन खेतमा घोटिएर काम गर्दा पनि आफैंलाई पाल्न नसक्ने अवस्थामा पुग्यौं। किनकि हामीले खेतीपाती नै गर्न जानेनौं।'

'धान र गहुँ खेती नगर्ने हो भने के खाएर बाँच्नु ? भन्ने यहाँका कृषकको बुझाइ छ। अझै पनि व्यवसायिक खेती गरे आर्थिक रूपमा सबल भइन्छ भन्ने कुरामा यहाँका मानिसलाई विश्वास छैन', अध्यक्ष रोकायाले भने- 'कुन माटोमा कस्तो खेती फस्टाउँछ ?, व्यवसायिक खेतीले कसरी आर्थिक समृद्धि सम्भव छ? भन्ने कुरा गरेरै देखाउनका लागि



मैले यसो गरेको हुँ।'

उनको बारीमा अहिले ५ सयभन्दा बढी ओखरका बोट छन्। केही नफल्ने खरबारीमा २ हजारबोट कागती लगाएका छन्। खोला किनारको जग्गामा २ सय बोट केरा छन्। खोलाको प्रवाह पनि रोक्ने र गाइवस्तुलाई पोषिलो घाँस पनि हुने नेपियर लहरै लगाएका छन्। अनार सुन्तला र अमिलाजस्ता फलफूल मौसमअनुसार बारीभरि लटरम्म फल्छन्। फलफूल खेतीको तल अदुवा र बेसारजस्ता मसलाबाली लगाएका छन्। घर वरिपरि लगाएका मौसमअनुसारका तरकारीले उनलाई खान पुगेर राम्रै आम्दानी पनि दिएको छ। 'लेकतिर २ हजार जति स्याउ पनि लगाएको छु', रोकायाले भने- 'चुनावमा भएको खर्च सबै यही खेतीपातीबाट जुटाएको हुँ। वर्षमा ५/६ लाख सजिलै आम्दानी हुने गरेको छ।' उनले आधुनिक प्रविधिमा आधारित प्लास्टिक घरमा पनि विभिन्न जातका तरकारीहरू फलाउने गरेका छन्।

व्यवसायिक खेतीमा उनको सफलता देखेर अहिले गाउँपालिकाका अरू धेरै मानिस पनि यसतर्फ आकर्षित भएको उनका छिमेकी राजेन्द्र रोकायाले बताए। उनले भने- 'पहिला धान गहुँ नरोपे के खाने भन्नेहरू पनि अहिले तरकारी र फलफूल खेती गर्न थालेका छौं। राम्रो मिहेनत गर्ने हो भने धान गहुँभन्दा दशौं गुणा बढी फाइदा पनि लिन सकिँदो रहेछ भन्ने कुरा विस्तारै बुझ्न थालेका छौं।'

गाउँपालिकाले आफ्नो कार्यक्रम तथा बजेटमा पनि कृषिलाई प्रमुख प्राथमिकतामा राखेर १ करोडभन्दा बढी रकम यसमा छुट्याएको छ। 'कृषिमा राम्रो मिहेनत गर्ने किसानलाई छानेर आधुनिक प्रविधि, उन्नत बीउविजन र सीप विकासमा यो रकम खर्च गरिनेछ।' अध्यक्ष रोकायाले भने- '५ वर्षको अवधिमा तरकारी र फलफूल खेतीमा गाउँपालिकालाई नै नमुना बनाउने सोच लिएका छौं।' गर्न चाहाने तर व्यवसायिक कृषिमा विश्वास नभएकाहरूलाई आफ्नो बारीमा घुमाएर उत्प्रेरित गर्ने गरेको उनले सुनाए।

# श्रद्धा-सुमन



जन्म मितिः
१९९८ वैशाख १३ गते

स्वर्गारोहण मितिः
२०७२ फागुन ३ गते

**स्व. भरतलाल श्रेष्ठ**

प्रातः स्मरणीय परमपूज्य हाम्रा आदरणीय अभिभावक लब्ध प्रतिष्ठित समाजसेवी

## भरतलाल श्रेष्ठको

स्वर्गारोहण भएको आज दोस्रो वार्षिक पुण्यतिथिको अवसरमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

उहाँले यस धर्तीबाट बिदा लिनुभए पनि उहाँको आशिर्वाद र प्रेरणा हामी सबैका लागि सहज जिउने आधार बनेको छ । उहाँको अभिभावकत्व हामीमा सदैव खड्किए पनि उहाँले देखाउनुभएको मार्गनिर्देशनलाई हामीले पथ-प्रदर्शकका रूपमा धारण गर्ने प्रण गरेका छौं । भविष्यपर्यन्त गरिरहने छौं ।

## श्रीमती : जमुनादेवी श्रेष्ठ

**छोरा/बुहारीहरूः**
पुष्करलाल श्रेष्ठ/राजेश्वरी श्रेष्ठ
प्रितमलाल श्रेष्ठ/छाया श्रेष्ठ
गौतमलाल श्रेष्ठ/अनिता श्रेष्ठ

**नाति/बुहारी/नातिनातिनाहरूः**
दिरेकलाल श्रेष्ठ/विनी श्रेष्ठ
रकिनलाल श्रेष्ठ/एलिना श्रेष्ठ
श्रीतेशलाल श्रेष्ठ, लकिशकृष्ण श्रेष्ठ, अनुजलाल श्रेष्ठ,
डा. सुशाना श्रेष्ठ, प्रणीशकृष्ण श्रेष्ठ, समीप श्रेष्ठ,
निकी श्रेष्ठ र श्रीभा श्रेष्ठ

**छोरी/ज्वाइँहरूः**
ज्योत्सना श्रेष्ठ
प्रेरणा श्रेष्ठ/सुनीलकृष्ण श्रेष्ठ
शान्तना श्रेष्ठ/सुधीर श्रेष्ठ

**नातिनी/ज्वाइँः**
सरिना महर्जन/निमन महर्जन

**भान्जी/ज्वाइँः**
सविना मास्के/गजेन्द्र मास्के
सजना जोशी/कीर्तिकिशोर जोशी

**पनातिः**
दिभांकलाल श्रेष्ठ

**बहिनीः**
जमल श्रेष्ठ
निर्मला श्रेष्ठ
सावित्री श्रेष्ठ

**भान्जा/बुहारीः**
सलिन श्रेष्ठ/अर्चना श्रेष्ठ

**नाति/नातिनीहरूः**
कृशा जोशी, ऋति मास्के, रिवाज मास्के,
आरोग्य श्रेष्ठ, कृष्मा जोशी

# विश्व

## आह्वान

इरानका बिग्रेडियर जनरल मस्सुद जाजागरीले इरानप्रतिको अमेरिकाको शत्रुतापूर्ण नीतिको विरोध गर्न अन्तर्राष्ट्रिय जगत्लाई आह्वान गरेका छन्।



## विस्फोट

जापानको टोक्योदेखि उत्तर पश्चिममा रहेको माउन्ट कुसात्सुमा भएको ज्वालामुखी विस्फोटमा एक व्यक्तिको ज्यान गएको छ।



2018, JAN
Wednesday
24

विश्व २ मिनेट

### अमेरिका

## सुनामीको चेतावनी

अलास्का, (एजेन्सी)

संयुक्त राज्य अमेरिकाको अलास्काको समुद्री तटमा ७ दशमलव ९ रिक्टर स्केलको भूकम्प गएपछि स्थानीय प्रशासनले सम्भावित सुनामीको चेतावनी दिएको छ। अमेरिकी भौगर्भिक सर्भेक्षणका अनुसार कोडियाकदेखि २ सय ८० किमि दक्षिणपूर्वको २५ किमि गहिराइमा यसको केन्द्रविन्दु रहेको जनाएको छ। अमेरिकी राष्ट्रिय मौसम सेवाले अलास्कार ब्रिटिस कोलम्बियाका समुद्री तटमा सुनामी आउन सक्ने भविष्यवाणी गरेको छ। तर सोही सेवाले हवाई र गुआमका टापुहरुमा भने सुनामीको खतराको चेतावनी फिर्ता लिएको छ।

### मलेसिया

## आशंकितद्वय पक्राउ

क्वालालम्पुर, (एजेन्सी)

मलेसियाको प्रहरीले लडाकू समूह इस्लामिक स्टेटसँग आबद्ध रहेको आशंकामा दुई पुरुषलाई पक्राउ गरेको छ। सोमबार पक्राउ गरिएका तिनीहरुमध्ये एक बौद्ध भिक्षुहरुको हत्या गर्ने उद्देश्यले छुरा बोकेर राजधानी क्वालालम्पुरका सडकमा घुमिरहेको प्रहरीले जनाएको छ। इस्लामिक स्टेट (आईएस)का बन्दुकधारीहरुले सन् २०१६ को जनवरीमा छिमेकी मुलुक इन्डोनेसियाको राजधानी जाकार्तामा शृंखलाबद्ध आक्रमण गरेयता मुस्लिम बाहुल्य दक्षिणपूर्वी एसियाली मुलुक मलेसियाको सुरक्षा सतर्कता निकै उच्च पारिएको हो। दुवैजना आशंकितलाई फरक फरक स्थानबाट पक्राउ गरिएको हो।

### अमेरिका

## मेलानिया डावोस नजाने

वासिङ्टन, (एजेन्सी)

अमरिकी प्रथम महिला मेलानिया ट्रम्पले विवाहको १३ वार्सिकोत्सव मनाउन स्विजरल्यान्डको डावोसमा भइरहेको वर्ल्ड इकोनोमिक फोरममा राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको यात्रालाई रद्द गरेकी छिन्। ट्रम्पले स्विस आल्पसस्थित रिसोर्टमा विश्व तथा व्यापारिक नेताहरुको वार्षिक भेलालाई शुक्रबार सम्बोधन गर्ने कार्यक्रम रहेको छ। पूर्व निर्धारित योजना र व्यवस्थापनका कारण प्रथम महिला सहभागी हुन असमर्थ हुने मेलानियाका सञ्चार निर्देशक स्टेफेनी ग्रिसामले सीएनएनलाई पुष्टि गरेका थिए। ट्रम्प जोडीको सन् २००५ जनवरी २२ मा विवाह भएको हो।

### अमेरिका

## बन्द खुल्ने संकेत

वासिङ्टन, (एजेन्सी)

अमेरिकामा तीन दिनदेखि ठप्प सरकारी कामकाज पुन: शुरू हुन सक्ने देखिएको छ। रिपब्लिकन र डेमोक्रयाटसबीच भएको सम्झौताले हालका लागि यो संकट अस्थायी रुपमा टरेको छ। अमेरिकी संसद्को दुवै सदन सिनेट र प्रतिनिधिसभाले संघीय सरकारलाई कोष उपलब्ध गराउने अस्थायी विधेयकलाई पारित गरेको छ। यो फैसलापछि संघीय सरकारका हजारौं कर्मचारीले राहतको श्वास लिएका छन्। उनीहरु केही समय विनातलब छुट्टीमा बस्नुपरेको थियो। सरकारी खर्चका लागि सिनेटमा अस्थायी बिलको पक्षमा ८१ जनाले भोट दिए। तर यो सम्झौता साढे दुई हप्ताका लागि मात्र हो।

# पियोङ्चाङ ओलम्पिक्सलाई 'प्योङ्याङ ओलम्पिक्स'को संज्ञा

सोल, (एजेन्सी)



दक्षिण कोरियाको राष्ट्रपति भवन ब्ल्यु हाउसले मंगलबार आगामी महिना आफ्नो राष्ट्रमा हुन गइरहेको हिउँदे ओलम्पिक्स खेलकुद प्रतियोगितालाई उत्तर कोरियाले अपहरण गर्‍यो भन्ने कुराको आलोचना गर्दै यस कार्यक्रमले प्योङ्याङको आणविक तथा क्षेप्यास्त्र कार्यक्रमको कारण सिर्जित अन्तर्राष्ट्रिय तनाव कम पार्ने जनाएको छ।

दक्षिण कोरियाको रिसोर्ट शहर पियोङ्चाङमा आयोजना हुन लागेको ओलम्पिक्समा उत्तर कोरियाको सहभागितालाई लिएर सोलका केही विपक्षी राजनीतिज्ञ र अनुदारवादीहरुले आलोचना गर्दै यसलाई 'प्योङ्याङ ओलम्पिक्स'को संज्ञा दिएका छन्।

ब्ल्यु हाउसका प्रवक्ता पार्क सो ह्युनले पत्रकार सम्मेलनमा भनेका छन्- 'एक महिनाअघि मात्र उत्तर कोरियाको क्षेप्यास्त्र परीक्षणका कारण कोरियाली प्रायद्वीपमा भयावह तनाव उत्पन्न भएको थियो। उक्त समस्या समाधानका लागि भएको द्विपक्षीय उच्चस्तरको वार्ताको क्रममा उत्तरले ओलम्पिक्समा भाग लिने सहमति भएको हो।'

हामीलाई यसै ओलम्पिकसले कोरियाली प्रायद्वीप, उत्तरपूर्वी एसिया तथा विश्वमै शान्ति स्थापनाको थालनी गर्ने कुरामा हामी विश्वस्त छौं। यी दुई राष्ट्रका संयुक्त महिला आइस हकी टोली बनाउने संयुक्त झण्डामुनि मार्चपास गर्नेजस्ता केही योजना विवादमा आएका थिए।

अनुदारवादी र दक्षिण कोरियाका युवाहरुले उत्तर कोरियाली नेता किम जोङ उनले ओलम्पिक्सको आकर्षण चोरेको भन्दै असन्तुष्टि व्यक्त गरेका छन्। यसैगरी दक्षिण कोरियाका राष्ट्रपति मुन जाय इनको नेतृत्वमा रहेको उदारवादी सरकारको आफ्ना खेलाडीहरुलाई संयुक्त तालिमका लागि उत्तर कोरियाको एउटा स्कि रिसोर्टमा पठाउने प्रस्ताव अहिले दबाबमा परेको छ। सोलका केही विशेषज्ञहरुले यस कदमबाट किमको वैधानिकतालाई मान्यता मिल्ने तथा थुप्रै पैसा खर्च हुने चिन्ता व्यक्त गरेका छन्।

# ट्रम्पले बैठकमा मोदीको नक्कल गरेको खुलासा

वासिङ्टन, (एजेन्सी)



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ओवल अफिसमा भएको एक बैठकमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नक्कल गरेको एक समाचारमा जनाइएको छ।

हाइटी, एल साल्भाडोर र केही अफ्रिकी मुलुकलाई लिएर अभद्र शब्द प्रयोग गरेकोमा ट्रम्पमाथि जातिवादीको आरोप लागिरहेको बेला उक्त जानकारी बाहिर आएको हो। अमेरिकी अखबार वासिङ्टन पोस्टले वरिष्ठ अधिकारीलाई उद्धृत गर्दै अफगानिस्तानको चर्चाका क्रममा राष्ट्रपति ट्रम्पले मोदीको नक्कल गरेको दाबी गरेको छ।

ट्रम्प भारतीय लबजमा बोल्न पोख्त रहेको पनि ती अधिकारीहरुले बताएका थिए। मोदीले गत वर्ष भएको भेटवार्ताका क्रममा ट्रम्पलाई अमेरिकाले अफगानिस्तानमा जति काम गरे त्यसको बदलामा अत्यन्तकम प्रगति हासिल गर्ने स्थितिमा कुनै पनि देशले कहिले पनि नगरेको बताएको अधिकारीहरुलाई उद्धृत गर्दै उक्त अखबारले जनाएको छ। मोदीसँग उसकै नक्कल गरी संवाद गर्नु ट्रम्प जातिवादी भएको अर्को उदाहरण हो।

गत ग्रीष्ममा भर्जिनियामा गोरा सुपरमेसिस्ट प्रदर्शनकारी तथा नव नाजीप्रति सहानुभूति देखाउँदै गरेको टिप्पणीलाई लिएर ट्रम्पको व्यापक आलोचना भएको थियो।

गत वर्ष अमेरिका यात्राका क्रमा ट्रम्प र मोदीबीच अफगानिस्तानसहित कयौं मुद्दामा चर्चा भएको थियो। मोदीको उक्त बयान अफगानिस्तानमा फाइदाको स्थितिमा पनि अमेरिका ठगिएको प्रमाण भएको ट्रम्पले भनेको अधिकारीहरुले बताए। भारतीय लबजमा प्रधानमन्त्रीको नक्कल उतारेको विषयमा ह्वाइट हाउसले कुनै प्रतिक्रिया दिएको छैन। डेमाक्रयाटिक पार्टिका सांसद राजा कृष्णामूर्तिले मोदीको नक्कल गरेकामा ट्रम्पको कथित बानीको निन्दा गरेका छन्।

उनले मोदीको नक्कल गरी ट्रम्पले बोलेको समाचार पढेर आफू दुखित भएको बताएको पीटीआईले जनाएको छ। उनले भने- 'अमेरिकीको पहिचान उनको लबजबाट नभई उक्त देशका लागि उनको मूल्य र आदर्शलाई लिएर उनको प्रतिबद्धताबाट हुन्छ।'

ट्रम्प यस प्रकारको व्यवहारका कारण पहिला पनि विवादित बन्ने गरेका छन्। विगतमा ह्वाइट हाउसले वासिङ्टन पोस्टको यस प्रकारका समाचारलाई खारेज गर्ने गरेको छ। ट्रम्पले पनि वासिङ्टन पोस्टमाथि 'फेक न्युज' भएको आरोप लगाउने गरेका छन्।

Government of Nepal
Ministry of Water Supply & Sanitation
Department of Water Supply & Sewerage
Water Quality Section
Panipokhari, Kathmandu

Invitation for Bids for the Supply of Water Quality Testing Mobile Vans and Water Quality Test Kits

Date of Publication : 24-01-2018

Department of Water Supply and Sewerage (DWSS), Water Quality Section(WQS) invites bids from eligible bidders for the procurement of Water Quality Testing Mobile Vans and Water QualityTest Kits under National Competitive Bidding procedures. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of DWSS, Water Quality Section, Panipokhari, Kathmandu, or may visit PPMO **website:** www.bolpatra.gov.np/egp.

Section Chief
Water Quality Section, DWSS

हार्दिक श्रद्धाञ्जली



जन्म :
१९९९ ज्येष्ठ (तछलाथ्व: द्वादशी)

स्व. ध्रुवरत्न शाक्य

स्वर्गारोहण :
२०७४/१०/०४
(सिल्लाथ्व: पारु)

प्रात: स्मरणीय मेरा पति स्व. ध्रुव रत्न शाक्यको असामयिक देहवसान भएकोमा हामी सम्पूर्ण परिवारजन मर्माहत भएका छौं। आज ७औं दिनको पुण्य तिथिमा उहाँको निर्वाण कामना गर्दै उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं।

धर्म पत्नी - तारा शोभा शाक्य

छोरा/बुहारी
दिलिप रत्न शाक्य /सोना शाक्य
नातीहरु
सम्राट शाक्य /समृद्ध शाक्य /सफल शाक्य
भाइ/भाइ बुहारी
गौरी शाक्य
बाबु राजा शाक्य/नानी हेरा शाक्य
प्रेमरत्न शाक्य/अमिता शाक्य
दिनेश शाक्य/प्रज्ञा देवी शाक्य
बहिनी/बहिनी ज्वाइँ
तारा देवी शाक्य/ई.दिल्ली रत्न शाक्य
शान्ति शाक्य/ज्ञानरत्न शाक्य
प्रेम देवी शाक्य/नीलरत्न शाक्य
मोहन देवी शाक्य

छोरी/ज्वाइँ
सरीता शाक्य /तीर्थ शाक्य
नाती/नातिनी/नातिनी ज्वाइँ
अरवीन शाक्य/एलिना शाक्य/शैगेस शाक्य
भतिज/भतिजी/भतिजी ज्वाइँ
सन्जीब शाक्य/सत्यम शाक्य/रीता शाक्य/स्वयम्भू शाक्य
श्रृष्टी शाक्य/वन्दना शाक्य/नेरोल मान शाक्य/अन्जना शाक्य/सन्नी शाक्य
प्रेरणा शाक्य/सवीर शाक्य/प्रतिक शाक्य/प्रियंका शाक्य
सोनिया शाक्य/सविन शाक्य
बहिनी छोरा/छोरी/ज्वाइँ
प्रफुल्ल रत्न शाक्य/डा.स्मृति शाक्य/डा.अन्जान शाक्य/डा.अजय क्रान्ति शाक्य
सुजित शाक्य/सुनिल शाक्य/अनिल रत्न शाक्य/सुजन शाक्य/श्रीजन शाक्य
निरञ्जन शाक्य/निरेश शाक्य/निरज शाक्य
कवेन्द्र शाक्य

एवंमा समस्त शाक्य परिवार

चुलाचुली गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
चुलाचुली, ईलाम
१ नं. प्रदेश, नेपाल

चुलाचुली गाउँपालिका भित्र रहेका ऐतिहासिक, धार्मिक तथा पर्यटकिय महत्वका स्थानहरुको दिगो विकासका लागि विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गर्ने आसय पत्र (Letter of Intent) सहितको प्रस्तावना आह्वान सम्बन्धी सूचना

गाउँसभाबाट स्वीकृत भई चालु आ.ब.मा कार्यान्वयन गरिने तपशीलका क्षेत्रहरूको दिगो विकासका लागि विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गर्नका लागि योग्यता पुगेका संघसस्था, फर्म एवं परामर्शदाताहरूलाई प्राविधिक तथा आर्थिक प्रस्तावना पेश गर्नका लागि १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

१. माथि उल्लेखित सूचनाको विस्तृत शर्त विवरण (TOR) कार्यालयबाट प्राप्त गर्न सकिने छ।
२. प्रस्ताव गर्ने संघसस्था, फर्म एवं परामर्शदाता नेपाल सरकारको प्रचलित कानुन बमोजिम दर्ता भई आ.ब. ०७२/७३ को कर चुक्ता गरी आर्थिक बर्ष २०७४/७५ का लागि नविकरण गरेको हुनु पर्ने छ।
३. प्रस्तावना आवेदकले उल्लेखित कार्य विवरणको प्राविधिक तथा आर्थिक प्रस्तावना छुट्टा छुट्टै पेश गर्नु पर्ने छ।
४. प्रस्तावना आवेदकले निम्न अनुसारको कागजात समावेश गर्नु पर्ने छ।
   क) नविकरण सहितको संस्था/कम्पनी/फर्म दर्ताको प्रमाण पत्रको प्रतिलिपी
   ख) मु.अ.क र पान न. को प्रतिलिपुी लेखापरिक्षण प्रतिवेदन प्रतिलिपी।
   ग) कार्य अनुभव कागजातहरू।
   घ) प्रस्तावित कार्य सम्पादन गर्नका लागि जनशक्तिको व्यक्तिगत विबरण र जिम्मेवारी
   ङ) कार्यसम्पादन कार्य योजना
५. रित पूर्वक समावेश नभएका एवं समय सिमामा प्राप्त हुन नसकेका आवेदन प्रस्तावमाथि कुनै कारबाही हुने छैन।
६. एक सस्थाले ३ वटा स्थानका लागि मात्र आसय पत्र पेश गर्न सक्ने छ।
७. DPR तयार गर्नुपर्ने योजना/आयोजनाहरू:
   १. चुलाचुली गा.पा वडा नं. २ मा रहेको तिनकुने पोखरी।
   २. चुलाचुली गा.पा वडा नं. ३ मा रहेको शिवओरक मिलन पोखरी र
   ३. चुलाचुली वाडा न. ६ मा रहेको कुईनेटार ओमकारेश्वर मन्दिर।
   ४. चुलाचुली वडा नं. १ हुदै मैनाचुली पदमार्ग।
   ५. चुलाचुली वडा नं. ४ र ५ को विधुवा खोला।
   ६. चुलाचुली वडा नं. १ को कमल खोला।

नोट : chulachuli.ruralmunicipality@gmail.com मा पनि E-mail गरी पठाउन सकिनेछ।

अध्यक्ष
चुलाचुली गाउँपालिका

# नेपाल

खड्काको नेतृत्वमा चितवन, भैरहवा, झापा, सर्लाहीमा जग्गा खरिदमा राज्यलाई ठूलो व्ययभार पर्ने गरी आर्थिक अपचलन गरेको आरोपमा अनुसन्धान गरिएको अख्तियारको दाबी छ।

## खड्काको अनुसन्धान अन्तिम चरणमा

**नेपाल समाचारपत्र**
काठमाडौं

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले भ्रष्टाचार प्रकरणमा मुछिएका नेपाल आयल निगमका तत्कालीन कार्यकारी निर्देशक गोपाल खड्कासम्बन्धी अनुसन्धान अन्तिम चरणमा पुगेको जनाएको छ।

अख्तियारका प्रवक्ता पदमप्रसाद पाण्डेयले इन्धन भण्डारणका लागि जग्गा खरिद गर्दा करोडौं रुपियाँ घोटाला गरेको आरोप लागेका खड्कासँग मंगलबार साँझसम्म राखेर बयान लिइएको र सो बयान अन्तिम चरणमा पुगेको प्रष्ट पार्नुभयो।

खड्कासँगै जग्गा खरिद प्रकरणमा जोडिएका करिब ३ सय जनाको पनि बयान लिइसकिएको अख्तियारको भनाइ छ। अख्तियारका अनुसार जग्गा खरिद प्रकरणमा मुछिएका जग्गाधनी, बिचौलिया, टेन्डरदाता, तत्कालीन स्थानीय निकायका प्रतिनिधिसँगको बयान सकिएको हो। खड्काको नेतृत्वमा चितवन, भैरहवा, झापा, सर्लाहीमा जग्गा खरिदमा राज्यलाई ठूलो व्ययभार पर्ने गरी आर्थिक अपचलन गरेको आरोपमा अनुसन्धान गरिएको अख्तियारको दाबी छ।

खड्काको बयान सकिएपछि निगमका सञ्चालक समितिका पदाधिकारी र सदस्यहरूसँग बयान लिई विशेष अदालतमा मुद्दा दायर गरिने अख्तियार स्रोतले जानकारी दिएको छ।

## सीमा अतिक्रमणविरुद्ध रिट दायर

**नेपाल समाचारपत्र**
काठमाडौं

भारतले नेपाली भू-भागभित्र पर्ने सिमाना मिचेकाले उत्प्रेषणको आदेशमार्फत बदरको मागसहित मंगलबार सर्वोच्च अदालतमा रिट दायर गरिएको छ।

भारतीय पक्षबाट पर्सा जिल्लाको वीरगन्जस्थित सिर्सिया नदी क्षेत्रमा सीमा मिचेको भन्दै अधिवक्ता यज्ञमणि न्यौपानेले उक्त रिट दायर गर्नुभएको हो। नयाँ सीमा स्तम्भहरु गाड्दा भारतले सो क्षेत्रको नेपालीभूमि अतिक्रमण गरेको कारण देखाइ प्रधानमन्त्री कार्यालय, नापी विभाग, नेपाल-भारत सीमा टोली प्रमुख लगायतलाई विपक्षी बनाई रिट दायर गरिएको बताइएको छ।

अधिवक्ता न्यौपानेले सुगौली सन्धी र साविकका जंगे पिल्लरभन्दा फरक प्रकृतिले सीमा स्तम्भ गाड्ने कुनै निर्णय भएको भए उत्प्रेषणको आदेशमार्फत बदर गर्न माग गर्नुभएको छ। रिटको पेशी आज बुधबारका लागि तोकिएको छ। 'नेपाल-भारतको अन्तर्राष्ट्रिय सिमानासम्बन्धी सन् १८१६ को सुगौली सन्धी र सोही वर्षको डिसेम्बरको पुरक सन्धीबाट अगाडि बढेको देखिएको उल्लेख गर्दै रिटमा भनिएको छ,-१८५७ र १८६० को नेपाल-भारत समेतका आधारमा सिमा निर्धारण गरिएको हो। सोहीबमोजिम तत्कालीन सरकारले सीमास्तम्भ, जंगे पिलर गाडी नेपाल र भारतको सिमाना छुट्याइ दशगजा कायम गरिएको थियो।'

सीमा स्तम्भ गाड्दा भारतले नेपालको ५० विघा जग्गा मिचेको भन्दै स्थानीय जनता विरोधमा उत्रिएका छन्। नापी विभागले भने नेपाली भूमि नमिचिएको दाबी गरेको छ।

### राष्ट्रियसभामै...

राष्ट्रियसभा निर्वाचनका लागि उम्मेदवार तय गर्ने सन्दर्भमा कांग्रेस नेता डा. महतले मंगलबार साँझ भन्नुभयो- 'प्रदेश नम्बर १, २ र ३ को उम्मेदवार पनि आज नै टुंगो लगाउँछौं।' मतभारअनुसार प्रदेश नम्बर १, २, ३ र ५ बाट कांग्रेसले ४ सिट पाउने सम्भावना छ। यसका लागि कांग्रेसलाई अन्य दलको सहयोग आवश्यक पर्छ।

प्रदेश नम्बर ४ र ७ बाट कांग्रेसले ४ सिटसम्म पाउन सक्ने अनुमान गरिएको छ। प्रदेश नम्बर ६ मा भने कांग्रेसको शुन्य सिट हुने सम्भावना छ। कांग्रेसले राष्ट्रियसभामा मनोनितसमेत गरेर बढीमा १२ सिट ल्याउने अनुमान गरिएको छ। प्रदेश नम्बर २ मा मधेशी दलहरूसँग तालमेल भएमा भने कांग्रेसले केही सिट बढाउने बताइन्छ। तालमेल बारे मनोनयन दर्तालगत्तै छलफल अघि बढाइने कांग्रेस नेताहरूले बताएका छन्।

हालै सम्पन्न केन्द्रीय समितिको बैठकको निर्णय र जिल्ला सभापतिहरूको सुझावअनुसार प्रदेशसभा र प्रतिनिधिसभामा उम्मेदवार बन्ने अवसर नपाएकालाई राष्ट्रियसभामा उम्मेदवार बनाउने नीतिअनुसार नै उम्मेदवारको छनोट भएको कांग्रेस नेता डा. महतले बताउनुभएको छ।

राष्ट्रियसभा निर्वाचनका लागि मतदाता प्रदेशसभाका सदस्य, गाउँपालिकाका अध्यक्ष/उपाध्यक्ष र नगरपालिकाका प्रमुख/उपप्रमुख रहनेछन्। उनीहरूको मतभारको आधारमा राष्ट्रिय सभाका सदस्य निर्वाचित हुनेछन्। कांग्रेसले राष्ट्रिय सभा निर्वाचनको लागि मतदातालाई प्रशिक्षण दिन प्रत्येक प्रदेशमा केन्द्रीय सदस्य खटाउने तयारी गरेको छ।

प्रधानमन्त्री समेत रहेका सभापति शेरवहादुर देउवाले सातवटा प्रदेशमा एक/एक जना केन्द्रीय सदस्य खटाउन लाग्नुभएको हो।

सभापति देउवाले मतदातालाई प्रशिक्षण दिन प्रदेश नम्बर १ मा डा. डिला संग्रौला, प्रदेश नम्बर २ मा नागिना यादव, प्रदेश नम्बर ३ मा डिना उपाध्याय, प्रदेश नम्बर ४ मा जीवन परियार, प्रदेश नम्बर ५ मा अतहर मुसलमान, प्रदेश नम्बर ६ मा जीवनबहादुर शाही र प्रदेश नम्बर ७ मा एनपी साउदलाई केन्द्रीय प्रतिनिधिका रूपमा पठाउने तयारी गर्नुभएको स्रोतको भनाइ छ।

कुल ५९ सदस्यीय राष्ट्रियसभामा सरकारको सिफारिसमा राष्ट्रपतिले मनोनित गर्ने व्यवस्था छ। मनोनित तीन जनामा कम्तीमा पनि एक महिला हुनुपर्नेछ। राष्ट्रिय सभाका सदस्यहरूको पदावधि ६ वर्षको हुनेछ। संविधानअनुसार यो सभाको एक तिहाइ सदस्यको पदावधि प्रत्येक २ वर्षमा समाप्त हुनेछ।

पहिलोपटक राष्ट्रियसभा सदस्यको पदावधि कायम गर्दा गोला प्रथाद्वारा एक तिहाइको २ वर्ष, अर्को एक तिहाइको ४ वर्ष र बाँकी एक तिहाइको ६ वर्षको हुने गरी पदावधि कायम गरिएको छ। राष्ट्रियसभा सदस्यहरूको पहिलो पटक पदावधि गणना गर्दा प्रथम बैठक बसेको दिनबाट सम्पूर्ण सदस्यको पदावधि प्रारम्भ भएको मानिनेछ।

### माओवादी...

यस्तै प्रदेश नं ३ मा गंगा पराजुली (महिला), प्रदेश नं ४ मा खिमकुमार विक (दलित), प्रदेश नं ५ मा राजकुमार कुँवर (अल्पसंख्यक र अपांग) र चन्द्रबहादुर खड्का (खुला), प्रदेश नं ६ बाट जीवन बुढा (अपांग र अल्पसंख्यक), युटुल लामा (महिला) र कालीबहादुर मल्ल (खुला) उम्मेदवार बन्नुहुने भएको छ। साथै प्रदेश नं ७ मा लालीराम लोहार (दलित) र हरिराम चौधरी (खुला) लाई उम्मेदवार बनाउने निर्णय गरिएको छ। राष्ट्रियसभा सदस्यमा एमालेले २९ र माओवादी केन्द्रले १४ जना उम्मेदवारमा बाँडफाँड गरेका थिए।

### वलीलाई...

एमालेका एक स्थायी समिति सदस्यले भने- 'मापदण्डअनुसार जाऔंभन्दा केही साथीहरूले वलीलाई नबनाइहुँदैन भनेर अडान लिएपछि निर्णय भएको हो।' राष्ट्रियसभा सदस्यका लागि पार्टीबाट सिफारिस भएकी कोमल वलीले भने आफ्नो विषयमा पार्टीभित्र देखिएको चासो र चिन्ता स्वाभाविक भएको प्रतिक्रिया दिनुभयो। उहाँले नेपाल समाचारत्रपसँग भन्नुभयो- 'पार्टीको चिन्ता गर्ने, पार्टीको हरेक निर्णयमा खबरदारी गर्ने आवश्यक छ, उहाँहरूले खबरदारी गर्नुभएको छ।' तपाईंको आलोचना भएको छ नि भन्ने जिज्ञासामा वलीले थप्नुभयो- 'पार्टीको हरेक क्षेत्रमा खबरदारी हुन आवश्यक छ, मेरा लागि यो परीक्षा हो, कतिको सम्बोधन गर्न सक्छु, समयले देखाउनेछ।'

आफ्नो बारेमा आएको सभ्य प्रतिक्रियालाई सम्बोधन गरेर अगाडि बढ्ने बताउँदै उहाँले परीक्षामा उत्तीर्ण भएर देखाउन कोसिस गर्ने बताउनुभयो। 'पार्टीभित्र सधैंभरि सकारात्मक टीकाटिप्पणी र चिन्ताको खाँचो हुन्छ' -वलीले भन्नुभयो।

### हत्या गरिएका...

काभ्रे जिल्ला सभापति मधुप्रसाद आचार्यको संयोजकत्वमा गठित विधान परिमार्जन प्रस्ताव समितिमा धादिङ, सिन्धुली, पाँचथर र कालिकोटका जिल्ला सभापति सदस्य रहेका छन्। प्रत्येक प्रदेशको सहभागिता हुने गरी पछि सदस्य थपिने संयोजक आचार्यले जानकारी दिनुभएको छ। कांग्रेस जिल्ला सभापतिहरूको बैठकले गरिबीको रेखामुनि रहेका जनतालाई तत्काल परिचयपत्र वितरण गर्नुका साथै उनीहरूको न्यूनतम आधारभूत आवश्यकताको जिम्मेवारी राज्यले लिनुपर्ने जनाएको छ। बैठकले भूकम्पपीडितले घर बनाउने म्याद थप्नुपर्ने भन्दै कम्तिमा पनि ५ लाख रुपियाँ उपलब्ध गराउन सरकारसँग माग गरेका छन्।

जिल्ला सभापतिहरूले हिन्दु, बौद्ध र किरात धर्मालम्बीहरूको त्रिधार्मिक क्षेत्रको रूपमा ख्यातिप्राप्त खोटाङको हलेसीको वृहत्तर विकासका लागि सरकारले विशेष कार्यक्रम घोषणा गर्न माग गरेका छन्। कांग्रेस जिल्ला सभापतिहरूले नेपालको राष्ट्रिय हितको रक्षा हुने गरी सीमा अतिक्रमणको समस्या अबिलम्व समाधान गर्न पनि सरकारसँग माग गरेका छन्।

कांग्रेस जिल्ला सभापतिहरूले राष्ट्रिय सभा निर्वाचनमा उम्मेदवार छनोट गर्दा हालै सम्पन्न प्रदेशसभा र प्रतिनिधिसभामा उम्मेदवार बन्न अवसर नपाएका जिल्ला सभापतिहरूलाई राष्ट्रिय सभा निर्वाचनमा उम्मेदवार बनाउन पार्टी केन्द्रीय नेतृत्व र संसदीय समितिसँग माग गरेका छन्।


## हार्दिक श्रद्धाञ्जली



जन्म: २००७-१०-११ गते

मृत्यु: २०७४-०९-२९ गते

**स्व. राजेन्द्र प्रसाद श्रेष्ठ**

हाम्रा प्रात: स्मरणीय श्रद्धेय राजेन्द्र प्रसाद श्रेष्ठको असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिका लागि श्री परमेश्वरसँग प्रार्थना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दु:खद घडीमा हामीप्रति समवेदना व्यक्त गर्नुहुने सम्पूर्ण आफन्तजन, ईष्टमित्र एवं शुभचिन्तकहरूप्रति हार्दिक आभार प्रकट गर्दछौं।

श्रीमती कृष्णा श्रेष्ठ

| दाइ/भाउजू | दिदीहरू | बहिनी/ज्वाइँ | छोरी/ज्वाइँ | भतिजा/बुहारी | भान्जा/बुहारी | भान्जी/ज्वाइँ |
| --- | --- | --- | --- | --- | --- | --- |
| शंकर प्रसाद/मथुरा श्रेष्ठ | सुशीला | मीरा/जितेन्द्र श्रेष्ठ | टीना/मनिष राजभण्डारी | नरेन्द्र/सविना | जतिन/सुमन | जली/अनिन राजभण्डारी |
| | सुलोचना | | रिंकी/शुलभ तुलाधर | शैलेन्द्र/निना | मोहन/किपा | अनु/सुदिप श्रेष्ठ |
| | | | रेजिना/संजीब प्रधान | जेलेन्द्र | नितीन/निमा | निकीता/सुकृत मेहेता |
| | | | | | सुशान्त/एलिना | |

नाति/नातिनीहरू

अनुष्का, श्रेया, प्रियान्सा, आयुष, अक्षज, निष्ठा, मार्टिन, हिया, यासीका, इशान, नाम्या, अंश, आर्जव,आर्यभ, रेयान, अमाइरा



# अर्थ

> अघिल्लो दिझैं यसदिन पनि सानिमामाई हाइड्रोपावरको सबैभन्दा धेरै कारोबार भयो। मंगलबार कम्पनीको २ करोड ९२ लाख रुपियाँभन्दा बढीको कारोबार भयो। यस दिन युनिलिभर नेपालको पनि २ करोड रुपियाँभन्दा बढीको कारोबार भयो।

# आईपीओको आवेदन घरबाटै

**नेपाल समाचारपत्र**

काठमाडौं

सीडीएस एन्ड क्लियरिङ लिमिटेड (सीडीएससी)ले मंगलबारदेखि केन्द्रिकृत आस्बा प्रणालीमार्फत् प्राथमिक निस्काशनको आवेदन घरबाटै गर्न सकिने व्यवस्था मिलाएको छ। सीडीएससीले सूचना प्रकाशित गर्दै आईपीओ, हकप्रद शेयर र एफपीओमा अनलाइनबाटै आवेदन दिने व्यवस्था मिलाएसँगै वित्तीय संस्था वा मर्चेन्ट बैंक धाउन नपर्ने भएको हो।

हालसम्म २५ वटा बैंक तथा वित्तीय संस्थाले मात्रै सिआस्बाको सदस्यता लिएको सीडीएस एन्ड क्लियरिङ जनाएको छ। सदस्यता लिएका बैंक तथा वित्तीय संस्थाले लगानीकर्तालाई दर्ता गराएर मेरो शेयर नामक सेवामार्फत् घरबाटै शेयरमा आवेदन दिने व्यवस्था मिलाउने सीडीएससीको सुचनामा उल्लेख छ।

नेपाल धितोपत्र बोर्डले प्राथमिक शेयर निष्कासनलाई सहज बनाउन आस्बा प्रणाली लागू गरेको थियो। आस्बा प्रणाली सञ्चालन गर्न धितोपत्रको सार्वजनिक निस्काशनको केन्द्रिकृत विद्युतीय सेवासम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ तयार गरिएको र उक्त निर्देशिका नेपाल धितोपत्र बोर्डबाट स्वीकृत गरी कार्यान्वयनका लागि निर्देशन दिइएकोमा सीडीएससीको सञ्चालक समितिको निर्णयले मंगलबारबाट सि आस्बा पूर्ण रुपमा लागू गराएको हो।

आस्बा प्रणालीलाई थप व्यवस्थित गर्न केन्द्रीय निक्षेप प्रणालीले आस्बा सफ्टवेयरलाई परिमार्जन गर्दै सिआस्बामा स्तरोन्नती गरेको हो। सिआस्बा प्रणालीको प्रयोगले धितोपत्रको खरिद आवेदकको हितग्राही खाता आवेदन पूर्व नै रुजु हुने हुँदा कुनै पनि आवेदक हितग्राही खाता नमिलेको कारणले बाँडफाँडबाट बन्चित हुनु नपर्ने सीडीएससीले जनाएको छ।

नयाँ व्यवस्थासँगै अब आस्बा सेवा प्रदायक सबै बैंक तथा वित्तीय संस्थाले सिआस्बा प्रणालीमा सेवा स्तरोन्नती हुनुपर्ने हुन्छ। यसभन्दा पहिला आस्बा प्रणालीमा शेयरमा आवेदन दिने व्यक्ति स्वयम् उपस्थिति हुने नपर्ने र अब शेयरमा आवेदन दिँदा फर्ममा भरिएको तथ्यांकसमेत गल्ती नहुने भएको हो।

सिआस्बा प्रणालीमा अब एउटा युनिक कोड नम्बर सीडीएससीमार्फत् उपलब्ध गराइन्छ त्यो नम्बर मेरो शेयरमा लगअन गरी उक्त नम्बर इन्ट्री गरेपछि शेयरमा आवदेन दिँदा पुऱ्याउनुपर्ने सम्पूर्ण विधि पुग्दछ। हालसम्म १ लाख ५० हजार जना मेरो शेयर सेवाका युजर रहेका छन्।

यसैबीच सिआस्बा सेवा पूर्णरूपमा कार्यान्यनमा आएसँगै बाँडफाँडमा सहज हुने भएको छ। आवेदन सम्बन्धी विवरण निष्काशन तथा बिक्री प्रबन्धकलाई सफ्टवेयरमार्फत् सोझै प्राप्त हुने हुँदा निस्काशन बन्द भएको ७ दिनमै बाँडफाँड प्रक्रिया सञ्चालन गर्न सकिने भएको हो।

प्राथमिक शेयर र एफपीओमा आवेदन दिएपछि लगानीकर्ताले कम्तिमा ३० दिनपछि शेयर र रकम फिर्ता पाउने अवस्थाको अन्त्य भै शेयर आवेदनमा नयाँ अध्ययको शुरूवात हुने भएको हो।

## नेप्से १३ सयभन्दा कम

काठमाडौं, (नेस)

साताको तेस्रो दिन मंगलबार शेयर बजार ९ दशमलव शून्य ५ अंकले ओरालो लगोको छ। कारोबार शुरू भएको १५ मिनेटपछि एक घण्टासम्म भएको तीव्र गिरावटका कारण नेप्से करिब १ महिनापछि १ हजार ३ सय अंकमुनि झरेको हो।

नेपाल धितोपत्र बोर्डले शेयर ग्राहकको पहिचानमा कडाइ गरेको दोस्रो दिन मंगलबार १ हजार ४ सय २ दशमलव शून्य ९ अंकबाट शुरू भएको नेप्से ओरालो लागेको हो। यसक्रममा बजार १ हजार ३ सय ९३ दशमलव शून्य ४ को बिन्दुमा पुगेर रोकिएको हो।

यससँगै नेप्सेमा निरन्तर ओरालो लाग्ने क्रमले मंगलबार पनि निरन्तरता पाएको हो। नेप्से घट्दा मंगलबार शेयर बजारको कारोबार रकम पनि घटेको छ। यस दिन बजारमा ३२ करोड २६ लाख ७३ हजार ३ सय ५८ रुपियाँको कारोबार भयो। यसक्रममा बजारमा १ सय ५५ कम्पनीका ८ लाख २८ हजार ७ सय ७ कित्ता शेयर किनबेच भए। बजारमा मंगलबार ३ हजार ८ सय ६२ कारोबार हुँदा कारोबार रकम अघिल्लो दिनभन्दा ३ करोड ४८ लाख रुपियाँ कम रहेको हो।

लाभांश प्राप्त गर्ने अवधि सकिनु, बैंक तथा वित्तीय संस्थामा पुँजी अभाव हुनु तथा बजारमा शेयर आपूर्ति बढ्नुलगायतले बजार बढ्न नसकेको जानकारहरूले बताएका छन्। यसले लगानीकर्ता पर्ख र हेरको अवस्थामा रहेको जानकारहरू बताउँछन्।

नेप्से परिसूचक घट्दा मंगलबार 'क' वर्गका कम्पनीहरूको कारोबार मापन गर्ने सेन्सिटिभ इन्डेक्स पनि २ दशमलव शून्य २ अंकले घटेर २ शय ९३ दशमलव ९८ अंकमा सीमित भएको छ।

मंगलबार नेप्से र सेन्सेटिभ दुवै ओरालो लाग्दा कारोबारमा आएका १० मध्ये ९ समूहका परिसूचकमा गिरावट आए। यसदिन उत्पादनमुलक समूह स्थिर रहँदा बीमा समुहमा सबैभन्दा धेरै ८७ दशमलव ६५ अंकले घटेको छ। घट्नेमा होटल र जुलविद्युत् समूह पनि क्रमश: ३७ दशमलव २९ र २९ दशमलव ४८ अंकले घटेका छन्।

त्यसैगरी लघुवित्त, बैंकिङ र वित्त समूह पनि क्रमश: ९ दशमलव २१, ६ दशमलव ६७ र ३ दशमलव ८३ अंकले घटे।


नेपालकै एक मात्र
यूरोपियन भि आर एम मेसिनबाट उत्पादित
सर्वोत्तम सिमेन्ट
सर्वोत्तम भविष्य
OPC PSC
EXTRA FINE CEMENT
VRM TECHNOLOGY

नेपाल बङ्गलादेश बैंक लिमिटेड
THE BANK FOR EVERYONE
नयाँ सडक शाखाको
NEPAL BANGLADESH BANK

**निक्षेप उपर हकदावी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

यस बैंकको नयाँ सडक शाखा कार्यालयमा बचत खाता खोली कारोवार गर्दै आउनु भएका रुपन्देहि जिल्ला, बुटवल उ.म.न.पा. वडा नं ७ बस्ने **श्री पदम कुमार जोशी घिमिरे**को मिति २०७२/०५/२१ मा मृत्यु भएको व्यहोरा जनाई खाताको रकम भुक्तानी पाउँ भनी नाताले मृतकको **श्रीमती श्री बिना जोशी घिमिरे**ले यस नयाँ सडक शाखा कार्यालयमा मिति २०७४/१०/०९ गते निवेदन दिनुभएको हुँदा, यस बैंकमा मृतकको खातामा भएको रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ८१ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्र यस बैंकको नयाँ सडक शाखा कार्यालय, खिचापोखरी, काठमाण्डौमा स-प्रमाण हकदावी गर्न आउनुहोला । ३५ दिन म्याद भित्र दावी गर्न नआएमा निवेदक श्री बिना जोशी घिमिरको नामको खातामा रकम भुक्तानी गरिने व्यहोरा सम्वन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**भिनस वचत तथा ऋण सहकारी संस्था लि. को**
**निक्षेप हकदावी सम्बन्धी ३५ दिने सूचना**

(प्रथम पटक प्रकाशित मिति २०७४/१०/१० गते)

काठमाडौं जिल्ला, कामनपा वडा नं.-२३ बस्ने, गणेशबहादुर मानन्धरको छोरा गौतम मानन्धरको मिति २०७४/०५/०७ गते मृत्यु भएकाले (मृत्यु दर्ता प्र. नं. २०२६०३०२००५६५२ र २८४/७४/७५) अनुसार निजको नाममा यस संस्थाको मुद्धती तथा वचत निक्षेप खाता F1YA-10729 र VSS-1-0003 मा रहेको रकम भुक्तानी पाउँ भनी निजको आमा ज्ञानमाया मानन्धरले आवश्यक कागजात सहित यस संस्थामा मिति २०७४/०७/२० मा निवेदन पेश गर्नु भएकाले निज सदस्यको यस संस्थाको खातामा रहेको रकम उपर अन्य कसैको हक दावी लाग्ने भए अधिकारवाला हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र आफ्नो सवुद प्रमाणसहित यस संस्थामा हकदावी गर्न आउनु होला। यो म्यादभित्र हकदावी गर्न नआएमा सहकारी तथा वित्तीय संस्था सम्बन्धी ऐन बमोजिम निज निवेदक ज्ञानमाया मानन्धरलाई उल्लेखित व्यक्तिको खाताको रकम भुक्तानी भई जाने व्यहोराको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**भिनस वचत तथा ऋण सहकारी संस्था लि.**
गणवहाल, काठमाडौं, फोन नं. ४२४११६०, ४२३३८८६

ज्योति
**हिमाल स्टील आजको भाउ**

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७९.८५ | ७८.८५ | ८१.३५ | ८०.३५ | ७७.३५ | ७९.८५ | ७९.६५ | ८९.२२ |
| बीरगंज | ७७.९५ | ७६.९५ | ७९.४४ | ७८.४५ | ७५.४५ | ७७.९४ | ७७.७५ | ८७.४२ |
| विराटनगर | ७८.४५ | ७७.४५ | ७९.९४ | ७८.९५ | ७५.९५ | ७८.४४ | ७८.२५ | ८८.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

SAURABH GROUP
JAS-ANZ ISO 9001-2008 NS: 191
**लक्ष्मी स्टील**
नेपालमै ग्यारेण्टेड नं. 1 क्वालिटी

RHINO 500D GUARANTEED DUCTILITY

**बिक्री मूल्य रू. प्रति किलोग्राम**

| स्थानहरू | राईनो स्टील | | | |
|---|---|---|---|---|
| | ८ एम.एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ८५ | ८२ | ८५ | ८५ |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ८३।४० | ८०।४० | ८३।४० | ८३।४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ८४ | ८१ | ८४ | ८४ |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ८४ | ८१ | ८४ | ८४ |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगढी | ८५ | ८२ | ८५ | ८५ |
| पोखरा, स्याङजा | ८५ | ८२ | ८५ | ८५ |

नोट: उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ।
नेपालमा पहिलो पटक, नेपालकै लागि

Available at : Samakhushi (01-4384786), Sanobharang (9841356008), Satungal (9841687562), Dhumbarai (01-4446169), Sanepa (01-5555259, 01-5525049 ), Bhaktapur (01-6616205), Banepa (9851054994), NGT (056-570695), Parsa Chitwan (9855055795), Bardibas (044-550702), Birtamode (9842871718), Balkhu (01-4450166, 9851120096), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467), Sallaghari (9851118515), Janakpur (9844104194, 9854020183, 9854026965), Birgunj (9855025151), Sitapaila (9851133746), Kalanki (9851152480), Melamchi (9851058093), Sukute (9851089323), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Hetauda (9855067550, 9845030450)

**कामनाको प्रत्येक अंक, विशेष अंक**




**यस अंकका आकर्षणहरू**

**कामना फिल्म अवार्डस माघ १६ मा**
प्रकाशनको ३ दशकभन्दा लामो यात्रा पार गरेको अवसरमा कामनाले गत २०७१ सालबाट आयोजना गर्दै आएको कामना फिल्म अवार्डसको तेस्रो संस्करण आगामी माघ १६ गते राजधानीमा कसरी आयोजना हुँदै छ। पहिलो संस्करणदेखि नै प्रिय बनेको कामना फिल्म अवार्डस २०७४ मा कुन-कुन फिल्म मनोनयमा परेका छन्? को-को कलाकार र प्राविधिक कुन-कुन फिल्मबाट प्रतिस्पर्धाको मैदानमा छन्। पूर्ण विवरण।

**चिन्ता उन्नतिको**
कलाकार र फिल्मकर्मीलाई केवल आफ्नो क्षेत्रको मात्र चिन्ता छैन। उनीहरु देशले उन्नति गर्न नसकेको तथा आर्थिकरूपमा फडको मार्न नसककाले पनि उत्तिकै चिन्तित छन्। देशको समृद्धि उन्नतिका लागि मुलुक हाँक्ने राजनीतिज्ञहरूलाई समेत उपयोगी कलाकर्मीले दिएका उपयोगी सुझाव र टिप्स।

**पोर्न सिनेमा : एउटा दमित यथार्थ**
छोटो फिल्मका नाममा हिजोआज नेपाली भाषामै पोर्न सिनेमा अश्लील फिल्म) बनिरहेका छन्। यस्ता फिल्म सामाजिक सञ्जाल युटयुबबाट संसारभरि जालोसरी फैलिरहेको छ। एउटा तीतो र डरलाग्दो यथार्थ।

**नयाँ पुस्ताले धानेको फिल्म क्षेत्र**
जमाना नयाँको छ। फिल्म क्षेत्रमा नयाँ अनुहारको वर्चश्व छ। वर्तमान फिल्म क्षेत्र नयाँ पुस्ताकै बलले अगाडि बढिरहेको छ। कस्ता छन, फिल्म क्षेत्र हाँकिरहेका नयाँ पुस्ताका कलाकार र निर्देशकहरु। रोचक सामग्री।

**चन्द्रराज शर्मा : संगीतका सारथी**
सांगीतिक वातावरण हुर्किई जीवनकालभरि केवल गीत-संगीतमा रमाउँदै र खेल्दै यस क्षेत्रको श्रीवृद्धिका लागि अहोरात्र खटिएका संगीतसाधक चन्द्रराज शर्मा अब हामीबीच रहेनन्। स्व शर्माको संग्रहणीय पूर्ण जीवनी।

**नेपाली मोडल भारतमा छाउँदै**
नेपाली मोडलहरूले नेपालमा मात्र नाम कमाएका छैनन्। सुन्दरीको नगरीका रूपमा परिचित बलिउडमा समेत लोकप्रियता कमाएका छन्। दिनहुँ दर्जनौं मोडलको प्रवेश हुने बलिउडका मोडलहरूलाई समेत चुनौती दिँदै आफनोसँगै नेपालको छवीसमेत निर्माण गरिरहेका छन्। नेपाली मोडलले भारतमा कमाएको लोभलाग्दो सफलताको कथा।

**अभिनयमा फर्किएकाहरूको सफलता र असफलता**
आफनो जमानामा नाम कमाएका कतिपय कलाकार फेरि फिल्ममा फर्केका छन्। फिल्म क्षेत्रमा पुनरागमन गर्ने सबै कलाकार र निर्देशकले भने आफनो जमानमा जस्तो सफलता हासिल गर्न सकिरहेका छैनन्। सफलता र असफलताको अर्को कथा।

**साथमा**
- नाच्न सिकाउने गोपालको पुस्तक
- पुसको चिसोमा फेसनको गर्मी
- विन्ध्यवासिनी अवार्डमा रामकृष्णको हुरी हाबी
- पश्चिमेली सेलिब्रेटीको ग्ल्यामरस छवि
- स्वरमा सुनीता
- सुमनकुमारको स्वर सिर्जना

**र नियमति स्तम्भहरू**
**सम्पादकीय, समाचार, हलिउड बलिउड, हुइयाँ, क्लिक क्लिक**

> इन्टरनेसनल पोलिक्लिनिक प्रालिलाई बिक्री बिल औषधि व्यवस्था विभागको ढाँचा अनुसारको छपाई नमुना औषधि व्यवस्था विभागमा पेश गर्न तथा नार्कोटिक औषधिको रेकर्ड दुरुस्त राखी २४ घण्टाभित्र औषधि व्यवस्था विभागमा उपस्थित हुन निर्देशन दिइएको छ।




# गाडीमा अस्वभाविक मूल्य असुली

**नेपाल समाचारपत्र**

काठमाडौं।

आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागले मंगलबार अनुगमनका क्रममा चार पांग्रे सवारी साधनमा अस्वभाविक रुपमा शुल्क असुल्ने गरेको भेटिएको छ। वास्तविक मूल्यमा अतिरिक्त शुल्क लिइएको भेटिएपछि ती कम्पनीलाई मूल्य बढाउनुको कारणसहित ३ दिनभित्र विभागमा पेश गर्न समेत विभागले निर्देशन दिएको छ।

विभागले थापाथलीमा रहेका पायोनियर मोटो कर्प प्रालि र जीओ अटोमोबाइल्स प्रालिले बेच्ने गरेका सवारी साधनको मूल्य बढ्नुको कारणसहित ३ दिनभित्र पेस गर्न निर्देशन दिएको छ। काठमाडौंको थापाथलीमा रहेको पायोनियर मोटो कर्प प्रालिले रेडी गोज कारको खरिद मूल्य २ लाख ५६ हजार ९ सय ८७ भारतीय रुपियाँमा खरिद गरेको र नेपालमा १६ लाख २० हजार रुपियाँमा बिक्री गरेको देखिएकाले सो सम्बन्धमा पुष्ठ्याइसहित ३ दिनभित्र विभागमा उपस्थित हुन निर्देशन दिइएको विभागका प्रवक्ता लक्ष्मण श्रेष्ठले बताउनुभयो।

त्यसैगरी थापाथलीमै रहेको जीओ अटोमोबाइल्स प्रालिले 'इको स्पोर्ट फोर्ड' १ दशमलव ५ लिटर पेट्रोल गाडीको मूल्यमा जम्मा लागत २२ लाख ५८ हजार २ सय ९२ रुपियाँ उल्लेख भएको देखिए पनि उक्त गाडी २४ लाख ८६ हजार ७ सय २५ रुपियाँमा बिक्री गरेको देखिन्छ। यसरी इको स्पोर्ट गाडीको बिक्रीमा जीओ अटोमोबाइल्स प्रालिले २ लाख २८ हजार ४ सय ३२ रुपियाँ बढी लिइएको देखिन्छ।

विभागले उक्त कम्पनीलाई के कति कारणले मूल्यमा फरक भएको हो ३ दिनभित्र लिखित जवाफ पेस गर्ने निर्देशन दिएको छ। कम्पनीले इको स्पोर्ट फोर्ड गाडीको जम्मा मूल्य भन्दा बढी मूल्य देखाइ छुटवापत ३ लाख ३६ हजार २ सय ८३ रुपियाँ दिएको देखिन्छ। यसरी जम्मा मूल्यभन्दा बढाइ बिल जारी गर्नुको कारण समेत पेस गर्न विभागले निर्देशन दिएको छ।

त्यसैगरी विभागको अनुगमन टोलीले दुईवटा मेडिकलमा पनि कैफियत भेटिएको जनाएको छ। ठमेलमा रहेको अपोलो इन्टरनेसनल पोलिक्लिनिक प्रालि, त्यसको फार्मेसी युनिट, र नरदेवीमा रहेको सन्जिवनी स्वास्थ्य प्रयोगशालामा बिक्री बिल औषधि व्यवस्था विभागको ढाँचा अनुसारको नभएको तथा नार्कोटीक औषधिको रेकर्ड दुरुस्त नभएको विभागले जनाएको छ।

इन्टरनेसनल पोलिक्लिनिक प्रालिलाई बिक्री बिल औषधि व्यवस्था विभागको ढाँचा अनुसारको छपाई नमुना औषधि व्यवस्था विभागमा पेश गर्न तथा नार्कोटिक औषधिको रेकर्ड दुरुस्त राखी २४ घण्टाभित्र औषधि व्यवस्था विभागमा उपस्थित हुन निर्देशन दिइएको छ।

सन्जिवनी स्वास्थ्य प्रयोगशालालाई सञ्चालन अनुमति नलिई ल्याव सञ्चालन गरिएकोमा ल्यावमा रहेको सामान अन्यत्र स्थानान्तरण गर्न तथा ल्याव संचालन नगर्ने निर्देशन दिइएको छ।

# नेपाल अन्तर्राष्ट्रिय व्यापार मेला आयोजना हुँदै

काठमाडौं, (नेस)

नेपाल उद्योग वाणिज्य महासंघद्वारा प्रत्येक वर्ष आयोजना गरिँदै आएको नेपाल अन्तर्राष्ट्रिय व्यापार मेला यस वर्ष आगामी फागुन २४ देखि २८ गतेसम्म काठमाडौंमा हुने भएको छ। नेपाल अन्तर्राष्ट्रिय व्यापार मेला-२०१८ सातौं संस्करण हो।

वाणिज्य मन्त्रालयको सहयोग तथा व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको प्रवर्द्धनमा ललितपुर उद्योग वाणिज्य संघ र नेपाल हस्तकला महासंघको सहआयोजनामा 'क्यालेन्डर इभेन्ट'को रूपमा उक्त मेला आयोजना हुन लागेको हो। कुल ३ सयभन्दा बढी स्टलमार्फत् मेलामा स्वदेशी एवं विदेशी वस्तु तथा सेवाको प्रदर्शनी गरिने छ। मेलामा नेपालसहित सार्क मुलुकहरू, चीन, थाइल्यान्ड, मलेसिया लगायतका देशहरूको सहभागिता रहनेछ। मेलाको मुख्य आकर्षणमा हस्तकलाका उत्पादनहरू, एनटीआइएस उत्पादनहरू रहने छन्। मेलाका अवसरमा अन्तर्राष्ट्रिय खरिदकर्तासँग प्रत्यक्ष अन्तरक्रिया गराउने लक्ष्यसमेत रहेको आयोजकले जनाएको छ। हस्तकला, पर्यटन, सूचना प्रविधि एवं व्यावसायिक सूचना, कृषि उत्पादन, ऊर्जा, भवन तथा निर्माण सम्बन्धी, शिक्षा, औषधि, फलाम तथा स्टील, सवारी साधन आदिका छुट्टाछुट्टै स्टलहरू रहने छन्।

मेलालाई नेपालमा लगानी आकर्षण तथा अन्तर्राष्ट्रिय व्यावसायिक सम्बन्ध विस्तारमा एक महत्वपूर्ण कडीका रुपमा हेरिएको छ। मेलाका अवसरमा विभिन्न देशबाट आउने व्यापारिक प्रतिनिधिहरूसँग भेटघाट तथा द्विपक्षीय व्यापार प्रवर्द्धन तथा लगानीबारे छलफलसमेत हुने छ। मेलामा स्वदेशी र विदेशी गरी करिव २ लाख अवलोकनकर्ताहरूले अवलोकन गर्ने लक्ष्य राखिएको छ।

# दोस्रो किस्ता पाउन योग्य भूकम्पपीडतको संख्या २ लाख नाघ्यो

*काठमाडौं, (नेस)*

*भूकम्प अति प्रभावित १४ जिल्लामा दोस्रो किस्ताका लागि प्रमाणीकरण भएका लाभग्राहीको संख्या २ लाख नाघेको छ। शहरी विकास मन्त्रालयअन्तर्गतको केन्द्रीय आयोजना कार्यान्वयन इकाईको मंगलबार अपरान्ह ४ बजेसम्मको तथ्यांकअनुसार प्रमाणीकरण हुने लाभग्राहीको संख्या २ लाख ४ हजार ९ सय ९३ पुगेको हो।*

*२०७३ पुस मसान्तभित्र पहिलो किस्ता लिएका लाभग्राहीले दोस्रो किस्ताका लागि आवेदन गर्ने समयसीमा यही पुस मसान्तसम्म तोकिएको पृष्ठभूमिमा दोस्रो किस्ताका लागि योग्य लाभग्राहीको संख्या उल्लेखनीय रुपमा बढेको हो। यो तथ्यांकले पछिल्लो समय निजी आवास पुर्ननिर्माण तीव्र रुपमा भइरहेको देखाएको छ।*

*राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रवक्ता यमलाल भूसाल भन्नुहुन्छ, 'भूकम्प प्रभावित जिल्लाका स्थानीय तहमा इन्जिनियर, प्राविधिक खटिएका तथा दोस्रो किस्ता लिने समय सीमा तोकिएका कारण पनि निजी आवास पुनर्निर्माणले गति लिएको हो।*

*दोस्रो किस्ताका लागि प्रमाणीकरण भएकामध्ये सबैभन्दा धेरै सिन्धुपाल्चोकका ३७ हजार ३ सय ८८ लाभग्राही छन् भने सबैभन्दा कम भक्तपुरका १ हजार ९ सय २१ लाभग्राही छन्।*

*पहिलो किस्ता लिएका लाभग्राहीले मापदण्डअनुसार घरको जग राखेपछि पुर्निर्माणका लागि प्राविधिकले जाँच गरी दोस्रो किस्ताका लागि सिफारिस गर्छन्। कम प्रभावित १७ जिल्लाका दोस्रो किस्ताका लागि लाभग्राहीको लगत संकलन भइरहेको छ।*

*त्यस्तै, शहरी विकास मन्त्रालयको केन्द्रीय आयोजना कार्यान्वयन इकाईका अनुसार अति प्रभावित १४ जिल्लामा पुनर्निर्माण सम्पन्न भएका र निर्माणाधीन घरको कूल संख्या ३ लाख ६० हजार ४ सय ७८ पुगेको छ। तथ्यांकअनुसार निर्माण सम्पन्न भएका घरको संख्या ९० हजार २ सय ६२ छ भने निर्माणाधीन घरको संख्या २ लाख ७० हजार २ सय १६ छ। प्राधिकरणको सूचना प्रणालीमा दर्ता भएको तथ्यांकअनुसार धादिङमा सबैभन्दा धेरै १८ हजार ९ सय ४० घर पुनर्निर्माण भएका छन् भने सबैभन्दा कम भक्तपुरमा ३ सय ६२ छन्।*

# द्विपक्षीय व्यापारिक तथा पर्यटन प्रवर्द्धनका लागि सम्झौता

काठमाडौं, (नेस)

चाइना काउन्सिल फर प्रोमोसन अफ इन्टरनेसनल ट्रेड दोङग्वाङ सिटी कमिटी (सीसीपीआईटी सानडोङ) का उपाध्यक्ष लिउ जियाओजियाङको नेतृत्वमा नेपाल भ्रमणमा आएका ७ सदस्यीय व्यापारिक प्रतिनिधि मण्डलले नेपाल-चाइन चेम्बर अफ कमर्स एन्ड इण्डष्ट्रिजमा आबद्ध व्यवसायीसँग भेट गरी द्विपक्षीय आर्थिक व्यापारिक तथा पर्यटन प्रवर्द्धनका लागि द्विपक्षीय समझदारी गरेको छ।

समझदारी पत्रमा संघका तर्फबाट उपाध्यक्ष पञ्चरत्न शाक्य तथा सीसीपीआईटी सानडोङका तर्फबाट उपाध्यक्ष लिउ जियाओजियाङले हस्ताक्षर गर्नुभयो। सहमतितपत्र अनुसार दुवै संस्थाले संयुक्त लगानी प्रवर्द्धन, व्यापार विस्तार एवम् विविधिकरणका लागि एक आपसमा सहकार्य गर्नुका साथै विभिन्न व्यापारीक सूचनाको आदान-प्रदान गर्नेछन्। जसबाट व्यापारिक सम्बन्धको विकास गरी विद्यमान व्यापारिक कठिनाइलाई आपसी समझदारीमा समाधान गरिने जनाइएको छ। साथै आर्थिक तथा व्यापारिक सम्बन्ध विस्तारका लागि दुवै मुलुकमा हुने गोष्ठी, सभा, सेमिनारहरू आदि कार्यक्रमहरूमा सहभागी हुन एक आपसमा सहयोग गर्ने समेत उल्लेख छ।

सो अवसरमा संघका अध्यक्ष राजेशकाजी श्रेष्ठले नेपाल चीन बीचको सदियौं पुरानो सम्बन्धको चर्चा गर्नुहुँदै संघ तथा सानडोङ प्रान्तबीच विगत वर्षदेखि सूचनाको आदान प्रदान भइरहेको तथा नेपाली व्यापारिहरूले व्यापारिक मेलामा भाग लिइरहेको बताउनुभयो। यस भ्रमणबाट व्यापार वृद्धि तथा लगानीका लागि सहज हुने उहाँले बताउनुभयो। आर्थिक व्यापारिक सम्बन्ध विस्तार, पर्यटन, उद्योग, तयारी पोशाक तथा लगानी वृद्धिमा विस्तार गर्दै जाने श्रेष्ठको भनाइ रहेको छ। नेपालमा कृषि, खाद्यन्य तथा तयारी पोशाक उद्योग, पर्यटन, बैंकमा संयुक्त लगानीका लागि समेत आह्वान गर्दै उहाँले नेपालमा लगानी गर्न इच्छुक लगानीकर्तालाई संघले सक्दो सहयोग गर्ने बताउनुभयो।

सानडोङ शहर तथा ललितपुर उपमहानगरपालिका बीच भगिनी सम्बन्ध स्थापनाका लागि संघ तथा सीसीपीआईटी सानडोङले पहल गर्ने श्रेष्ठले बताउनुभयो।

सीसीपीआईटी सानडोङ का अन्तर्राष्ट्रिय सम्बन्ध निर्देशक जोउ जिआले सानडोङ औद्योगिक तथा अत्याधुनिक पर्यटन तथा सांस्कृतिक शहर भएको र नेपाली व्यवसायीसँग द्विपक्षीय व्यापार तथा लगानी प्रवर्द्धन गरी नेपाली उत्पादनलाई प्रवर्द्धन गर्न सहयोग गर्ने तथा लगानी विस्तार अध्ययनका लागि भविष्यमा नेपाल भ्रमण गर्ने कुरा बताउनुभयो।

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७४ माघ १०, जनवरी २४, २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रू. | १०१।८९ | १०२।४९ |
| युरो १ को रू. | १२४।८९ | १२५।६३ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४१।७१ | १४२।५५ |
| स्विस फ्रन्क १ को रू. | १०६।०५ | १०६।६७ |
| अस्ट्रलियन डलर १ को रू. | ८१।६७ | ८२।१५ |
| क्यानाडियन डलर १ को रू. | ८१।७५ | ८२।२३ |
| सिङ्गापुर डलर १ को रू. | ७७।२३ | ७७।६९ |
| जापानी यन १० को रू. | ९।२० | ९।२६ |
| चिनियाँ युआन १ को रू. | १५।९१ | १६।०१ |
| साउदी अरब रियाल १ को रू. | २७।१७ | २७।३३ |
| कतारी रियाल १ को रू. | २७।९८ | २८।१४ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ को रू. | ३।२० | ३।२२ |
| सं. अरब इमिरट दिराम १ को रू. | २७।७४ | २७।९० |
| मलसियन रिङ्गिट १ को रू. | २५।८९ | २६।०५ |
| दक्षिण कारियन वन १०० को रू. | ९।५२ | ९।५८ |

**खरिद दर**

| | |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।७१ |
| डेनिस क्रोनर १ का रू. | १६।७८ |
| हङकङ डलर १ का रू. | १३।०३ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।


## प्रतिलिपी अधिकार ऐन २०५९ को दफा ३९ बमोजिम गीत संगीतको सार्वजनिक रूपमा प्रयोग भए वापत सम्बन्धित प्रयोगकर्तासँग रोयल्टी संकलन गरी वितरण गर्ने उद्देश्यले स्थापित रोयल्टी सङ्कलन संस्थाहरु (संगीत रोयल्टी संकलन समाज नेपाल, प्रस्तोता समाज नेपाल र संगीत उत्पादक समाज नेपाल)को गीत संगीत सार्वजनिक रूपमा प्रयोग गर्ने प्रयोगकर्ताहरूसँग रोयल्टी संकलनको लागि बनाइएको संयुक्त मापदण्ड

१. **रेडियो**
व्यवसायिक रेडियोले तिर्ने रोयल्टीको दर वार्षिक कुल विज्ञापन आम्दानी रकमको १% हुनेछ।
सामुदायिक रेडियोले तिर्ने रोयल्टीको दर कुल वार्षिक खर्च रकमको १% हुनेछ।
इन्टरनेट रेडियोले तिर्ने रोयल्टीको दर वार्षिक कुल विज्ञापन आम्दानी रकमको १% हुनेछ।

२. **टेलिभिजन**
टेलिभिजनले तिर्ने रोयल्टीको दर वार्षिक कुल विज्ञापन आम्दानी रकमको १% हुनेछ।

३. **इन्टरनेट**
इन्टरनेटको माध्यमबाट गीत संगीत प्रयोग गर्ने व्यक्ति वा संस्थाले कुल आम्दानीको १०% का दरले रोयल्टी बुझाउनु पर्नेछ।

४. **लाइभ कन्सर्ट**
प्रत्येक लाइभ कन्सर्टको आयोजकले प्रति टिकट ४% का दरले रोयल्टी बुझाउनु पर्नेछ।

५. **होटल**
- पाँचतारे होटलले वार्षिक प्रति कोठा रु.२,०००।- नेपाली रुपैयाँ बराबर रोयल्टी बुझाउनु पर्नेछ।
- चारतारे होटलले वार्षिक प्रति कोठा रु.१,६००।- नेपाली रुपैयाँ बराबर रोयल्टी बुझाउनु पर्नेछ।
- तीनतारे होटल र रिसोर्टले वार्षिक प्रति कोठा रु.१,२००।- नेपाली रुपैयाँ बराबर रोयल्टी बुझाउनु पर्नेछ।
- टुरिष्ट क्लास होटलले वार्षिक प्रति कोठा रु.१,०००।- नेपाली रुपैयाँ बराबर रोयल्टी बुझाउनु पर्नेछ।
- दुईतारे होटलले वार्षिक प्रति कोठा रु.८००।- नेपाली रुपैयाँ बराबर रोयल्टी बुझाउनु पर्नेछ।
- एकतारे एवं अन्य सबै होटलले वार्षिक प्रति कोठा रु.४००।- नेपाली रुपैयाँ बराबर रोयल्टी बुझाउनु पर्नेछ।
- होटल तथा लजले वार्षिक प्रति कोठा रु.२००।- नेपाली रुपैयाँ बराबर रोयल्टी बुझाउनु पर्नेछ।
- होटलको हल वा खुल्ला स्थानमा आयोजना हुने सांगितिक कार्यक्रमको आयोजकले प्रति टिकट ४% र टिकट बिक्री नगरेकोमा प्रति सिट रु.१०।- दरले रोयल्टी बुझाउनु पर्नेछ।

६. **प्रदर्शनी**
भित्री परिसर (Indoor) भएमा तथा टिकट वा प्रवेश शुल्क लाग्ने भएमा शुल्कको ४% प्रवेश निःशुल्क भएमा खर्चको ४% का दरले रोयल्टी बुझाउनु पर्नेछ।

७. **यातायात**
सार्वजनिक यातायातका साधनहरूले वार्षिक निम्न नेपाली रुपैयाँका दरले रोयल्टी बुझाउनु पर्नेछ।
- ३ पाङ्ग्रे (टेम्पु) वार्षिक रु.८००।- प्रति गाडी
- ४ पाङ्ग्रे (ट्याक्सी, माइक्रो, जिप) वार्षिक रु.१,०००।- प्रति गाडी
- ४ पाङ्ग्रे (मझौला बस मिनी बस) वार्षिक रु.१,४००।- प्रति गाडी
- ६ पाङ्ग्रे (ठुला बस) वार्षिक रु.२,०००।- प्रति गाडी

८. **केवल नेटवर्क**
प्रत्येक केवल नेटवर्क कम्पनी वा फर्मले वार्षिक रु.१२,०००।- रुपैयाँका दरले रोयल्टी बुझाउनु पर्नेछ।

९. **दोहोरी, डान्स, गजल सोही प्रकृतिका अन्य रेष्टुरेण्ट**
प्रत्येक दोहोरी, डान्स, गजल सोही प्रकृतिका अन्य रेष्टुरेण्टले सांगीतिक धुन वा गीत बजाए वापत दैनिक रु.१००।- नेपाली रुपैयाँका दरले रोयल्टी बुझाउनु पर्नेछ। साथै लाइभ कार्यक्रम भएमा आयोजकले प्रति सिट रु.१०।- का दरले हुन आउने रकम रोयल्टी बुझाउनु पर्नेछ।

१०. **डिजिटल मिडिया/रिङ ब्याक टोन**
डिजिटल मिडियाबाट डाउनलोड गरिने गीत संगीतबाट हुने आम्दानीको प्रति डाउनलोड १५% का दरले जम्मा डाउनलोड वापतको कुल रकम मासिक वा वार्षिक रुपमा डिजिटल मिडियाहरूले रोयल्टी बुझाउनु पर्नेछ। प्रति रिङटोन प्रयोग वापत हुने आम्दानीबाट १५% का दरले जम्मा रिङटोन डाउनलोड वापतको कुल रकम मासिक वा वार्षिक रुपमा मोबाइल रिङटोन सेवा प्रदायक कम्पनीहरूले रोयल्टी बुझाउनु पर्नेछ।

११. **वायुसेवा**
वायुयानमा प्रयोग हुने संगीत मात्रै रहेको वायुयानले प्रति यात्रु रु.२।- का दरले रोयल्टी बुझाउनु पर्नेछ, तर वार्षिक कम्तिमा रु.१,००,०००।- प्रति वायुयान तिर्नु पर्नेछ। In flight entertainment भए रु.४।- प्रति यात्रुका दरले रोयल्टी बुझाउनु पर्नेछ, तर वार्षिक कम्तिमा रु.२,००,०००।- प्रति वायुयान तिर्नु पर्नेछ।

१२. **विमानस्थल**
५०,००० वर्ग फिट सम्म क्षेत्रफल ओगट्ने भए कम्तिमा रु.१,००,०००।- वार्षिक रोयल्टी तिर्नु पर्नेछ। सो भन्दा बढी क्षेत्रफल भएमा प्रति थप वर्ग फिटमा रु.३।- वार्षिक रुपमा थप हुनेछ।

१३. **मल्टीप्लेक्स, मल, आर्केड, सपिङ्ग कम्प्लेक्स, पार्क, सोरुम आदि**
परिसर भित्र कर्मचारी तथा ग्राहकहरूको मनोरञ्जनका लागि प्रयोग हुने गीत संगीतको लागि ५,००० वर्ग फिट सम्म क्षेत्रफल भए वार्षिक कम्तिमा रु.५०,०००।- सो भन्दा बढी क्षेत्रफल भए प्रति थप १००० वर्ग फिटको रु.३।- वार्षिक रुपमा थप रोयल्टी रकम तिर्नु पर्नेछ।
साथै कुनै लाइभ कन्सर्ट वा डिजे भएको कार्यक्रम गर्नु परेमा यस समाजबाट छुट्टै लाइसेन्स लिनु पर्नेछ।

१४. **फन पार्क**
स्विमिङ्ग पुल भएको फन पार्कले वार्षिक रु.१,००,०००।-, स्विमिङ्ग पुल नभएको फन पार्कले वार्षिक रु.५०,०००।- र पिकनिक स्पटले वार्षिक रु.१०,०००।- रोयल्टी तिर्नु पर्नेछ।

१५. **बोलिङ्ग खेलाउने**
प्रति बोलिङ्ग लेनको वार्षिक रु.२,४००।- रोयल्टी तिर्नु पर्नेछ।

१६. **बैंक तथा अन्य कार्यालय**
२,००० वर्ग फिट सम्म रु.५,०००।- (कम्तिमा) वार्षिक रुपमा रोयल्टी तिर्नु पर्नेछ। प्रति थप १,००० वर्ग फिटमा थप रु.२,५००।- वार्षिक रुपमा रोयल्टी तिर्नु पर्नेछ।

१७. **चलचित्रमा डिजिटल वा अन्य माध्यम (सिडी, भिसिडि, डिभिडि, मेमोरी कार्ड)बाट बिक्री, डाउनलोड, भाडामा दिने, स्ट्रिमिङ्ग गर्ने**
बिक्री मूल्यमा कर कट्टी गरी बाँकी हुने मूल्यको ८% तथा भाडा मूल्यको ६% का दरले हुन आउने रकम रोयल्टी तिर्नु पर्नेछ।

१८. **क्लबहरुको परिसरमा कर्मचारी, सदस्य तथा अन्यको मनोरञ्जनका लागि**
ब्याकग्राउण्ड धुनको लागि ५,००० वर्ग फिट सम्मका लागि कम्तिमा रु.१०,०००।- वार्षिक रुपमा रोयल्टी तिर्नु पर्नेछ तथा प्रति थप १,००० वर्ग फिटको थप रु.२,४००।- वार्षिक रुपमा रोयल्टी तिर्नु पर्नेछ। कोठामा प्रयोग हुने संगीतको लागि रु.२००।- प्रति कोठा वार्षिक रुपमा रोयल्टी तिर्नु पर्नेछ।

१९. **डिपार्टमेन्टल स्टोर, सोरुम आदि**
- ५०० वर्ग फिट सम्म वार्षिक कम्तिमा रु.२,०००।-
- ५०१-१००० वर्ग फिट सम्म वार्षिक रु.३,०००।-

२०. **डान्स स्कूल, कलेज, म्युजिक क्लासले वार्षिक रू.५,000।- रोयल्टी तिर्नु पर्नेछ।**

२१. **डिस्को, व्यवसायिक डान्स हलहरु**
५०० वर्ग फिट सम्म वार्षिक रु.४०,०००।- प्रति थप २५० वर्ग फिटको रु.२०,०००।- वार्षिक रुपमा थप रोयल्टी तिर्नु पर्नेछ। साथै कुनै सांगीतिक कार्यक्रमहरू गर्नु परेमा रु.२०,०००।- प्रति कार्यक्रमको रोयल्टी तिर्नु पर्नेछ।

२२. **महोत्सव**
साना महोत्सव (१०००० सम्मबाट अवलोकन गरिने) रु.२५,०००।-
मझौला महोत्सव (१००००-१५००० सम्मबाट अवलोकन गरिने) रु.५०,०००।-
ठुला महोत्सव (१५००० भन्दा माथि बाट अवलोकन गरिने) रु.१,००,०००।- आयोजकले रोयल्टी तिर्नु पर्नेछ।

२३. **डाक्टरको क्लिनिक**
१,००० वर्ग फिट सम्म वार्षिक कम्तिमा रु.२,०००।- तथा प्रति थप १,००० वर्ग फिटको थप रु.१,५००।- वार्षिक रुपमा रोयल्टी तिर्नु पर्नेछ।

२४. **हेल्थ क्लब, जिम हल, एरोबिक्स, सौना वाथ, स्पा, सौन्दर्य क्लिनिक आदि**
१००० वर्ग फिट सम्म क्षेत्रफल भएमा वार्षिक कम्तिमा रु.६,०००।- तथा प्रति थप ५०० वर्ग फिटको वार्षिक रु.१,५००।- का दरले रोयल्टी तिर्नु पर्नेछ।

२५. **वर्कशप, फैक्ट्री आदि**
कार्यालय समय भित्र कर्मचारीहरूको मनोरञ्जनका लागि प्रयोगको हकमा ५० जना सम्म कर्मचारी भएमा वार्षिक कम्तिमा रु.२,०००।- तथा सोभन्दा बढी भएमा प्रति थप ५० कर्मचारी वापत वार्षिक थप रु.५००।- रोयल्टी तिर्नु पर्नेछ।

२६. **हस्पिटल, नर्सिङ्ग होम, मेडिकल रिसर्च सेन्टर आदि**
लबी १००० वर्ग फिट सम्मको भएमा वार्षिक कम्तिमा रु.२,०००।- प्रति थप ५०० वर्ग फिटको वार्षिक रु.१,०००।- थपका दरले रोयल्टी तिर्नु पर्नेछ। कोठाहरूको हकमा प्रति कोठा वार्षिक रु.२००।- रोयल्टी तिर्नु पर्नेछ। सरकारी अस्पतालहरूलाई ५०% छुट हुनेछ।

२७. **ज्युकबक्स**
प्रति बाकस वार्षिक रु.२०,०००।- रोयल्टी तिर्नु पर्नेछ।

२८. **कारावोकी तथा नाइटक्लब**
प्रत्येक कारावोकी तथा नाइटक्लबले प्रति वर्ष रु.३०,०००।- नेपाली रुपैयाँ बराबर रोयल्टी बुझाउनु पर्नेछ।

२९. **चलचित्र हल**
प्रत्येक चलचित्र हलले प्रति सिट प्रति दिन बीस पैसाका दरले रोयल्टी बुझाउनु पर्नेछ।

३०. **क्यारावोकी इन्टरनेटमा**
कुल आम्दानीको २०% का दरले हुन आउने रकम रोयल्टी तिर्नु पर्नेछ।
अनलाइन क्यारावोकीले कुल आम्दानीको १०% का दरले हुन आउने रकम रोयल्टी तिर्नु पर्नेछ।

३१. **कल सेन्टर, बिपिओ, अफिस आदिमा कल होल्डमा संगीत प्रयोग हुँदा**
लोकल (Domestic) कम्पनी भएमा १५ वटा फोन लाइनसम्म संचालन भएमा वार्षिक कम्तिमा रु.६,०००।- तथा प्रति थप फोन लाइनको वार्षिक रु.१,०००।- अन्तर्राष्ट्रिय (International) कम्पनी भएमा १५ वटा फोन लाइन सम्म संचालन भएमा वार्षिक कम्तिमा रु.१०,०००।- तथा प्रति थप फोन लाइनको वार्षिक रु.१,६००।- रोयल्टी तिर्नु पर्नेछ।

३२. **रेष्टुराँ, पब, बार, लञ्च, कफी सप, डाइनिङ्ग, लाउन्ज, क्याफे, अफिस क्यान्टिन आदि**
५०० वर्ग फिट सम्म वार्षिक कम्तिमा रु.२,४००।- प्रति थप वर्ग फिट वार्षिक रु.८।- का दरले थप रकम रोयल्टी बुझाउनु पर्नेछ।

३३. **पार्टी हल, पार्टी प्यालेस, ब्यान्क्वेट आदि**
- २००० वर्ग फिट सम्म क्षेत्रफल भएमा वार्षिक कम्तिमा रु.१०,०००।-
- २००१-४००० वर्ग फिट सम्म क्षेत्रफल भएमा वार्षिक रु.२०,०००।-
- ४००१-६००० वर्ग फिट सम्म क्षेत्रफल भएमा वार्षिक रु.३०,०००।-

गीत, संगीत तथा नृत्यको प्रस्तुति हुने कार्यक्रम भएमा आयोजकले प्रति सिटको रु.१०।- का दरले हुन आउने रकम रोयल्टी वापत तिर्नु पर्नेछ।

३४. **खुद्रा बिक्रेता, पसल, भिडियो गेम पार्लर, व्यूटी पार्लर, हेयर ड्रेसर, सलुन, स्टल आदि**
५०० वर्गफिट सम्म वार्षिक कम्तिमा रु.२,४००।- (श्रव्य मात्र) प्रति थप १०० वर्ग फिटको रु.२००।- रोयल्टी तिर्नु पर्दछ। टिभी सेट राखिएकोमा १-१० वटा सेटको रु.२,०००।- प्रति सेट तथा सो भन्दा बढी हुँदा प्रति थप सेटको रु.१,०००।- थप रकम रोयल्टी तिर्नु पर्दछ।

३५. **खेलकुद, सर्कस, जादु, एक्रोबेट प्रस्तुति**
कुल सिट संख्याको रु.२।- प्रति सिटका दरले हुन आउने रकम रोयल्टी तिर्नु पर्नेछ।

३६. **सार्वजनिक हलहरु**
गीत, संगीत तथा नृत्यको प्रस्तुति हुने कार्यक्रम भएमा आयोजकले प्रति सिटको रु.१०।- का दरले हुन आउने रकम रोयल्टी वापत तिर्नु पर्नेछ।

३७. **शैक्षिक संस्थाहरु**
शिक्षा नियमावली, २०५९ मा व्यवस्था भए बमोजिम
- "क" श्रेणीको विद्यालयले वार्षिक रु.५,०००।- नेपाली रुपैयाँ बराबर रोयल्टी बुझाउनु पर्नेछ।
- "ख" श्रेणीको विद्यालयले वार्षिक रु.४,०००।- नेपाली रुपैयाँ बराबर रोयल्टी बुझाउनु पर्नेछ।
- "ग" श्रेणीको विद्यालयले वार्षिक रु.३,०००।- नेपाली रुपैयाँ बराबर रोयल्टी बुझाउनु पर्नेछ।
- "घ" श्रेणीको विद्यालयले वार्षिक रु.२,५००।- नेपाली रुपैयाँ बराबर रोयल्टी बुझाउनु पर्नेछ।
- सामुदायिक विद्यालयले वार्षिक रु.१,०००।- नेपाली रुपैयाँ बराबर रोयल्टी बुझाउनु पर्नेछ।
- कलेजले वार्षिक रु.५,०००।- नेपाली रुपैयाँ बराबर रोयल्टी बुझाउनु पर्नेछ।

३८. **फुटसलले वार्षिक रू.५,000।- र रंगशालाले रू.१0,000।- रोयल्टी तिर्नु पर्नेछ।**

३९. **रियालिटी शो वा सो प्रकृतिका गीत संगीतका कार्यक्रम**
रेडियो टेलिभिजन लगायतका सार्वजनिक संचारको माध्यम प्रयोग गरी प्रसारण गरिने रियालिटी शो वा सो प्रकृतिका गीत संगीतका कार्यक्रमका आयोजकले तिर्ने रोयल्टीको दर कार्यक्रम अवधिभर प्राप्त हुने कुल विज्ञापन आम्दानी रकमको १% हुनेछ।

४०. **विविध**
कुनै पनि संघ संस्थाको कार्यक्रममा गीत, संगीत तथा नृत्यको प्रस्तुति हुने भए आयोजकले रु.५,०००।- नेपाली रुपैयाँ बराबर रोयल्टी बुझाउनु पर्नेछ।

MRCSN MUSIC ROYALITY COLLECTION SOCIETY NEPAL
**सङ्गीत रोयल्टी सङ्कलन समाज नेपाल**
अनामनगर, काठमाडौं, फोन नं.: ०१-४७७०५०६/४७७०२८९
ईमेल : info@mrcsn.org, web: www.mrcsn.org

**प्रस्तोता समाज नेपाल**
अनामनगर, काठमाडौं, फोन नं. : ०१-४२४५७४२
ईमेल: performersnepal@gmail.com

**संगीत उत्पादक समाज नेपाल**
अनामनगर, काठमाडौं, फोन नं. :०१-४२३९२७३
ईमेल: mpsnnepal@gmail.com

नेपाल समाचारपत्र
जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३
www.newsofnepal.com

# सहारालाई हराउँदै सुदूरपश्चिम क्वार्टरफाइनलमा

धन बस्नेत, पोखरा

सहारा क्लबको न्यानो आतिथ्यतालाई स्वीकार्दै सुदूरपश्चिमले १६औं आहा-रारा गोल्डकपको क्वार्टरफाइनलको यात्रा तय गरेको छ।

गतवर्ष सहाराले सुदूरपश्चिमलाई ४-० को फराकिलो अन्तरले पराजित गर्दै फाइनलसम्मको यात्रा तय गरेको थियो। तर, हिजो भने सुदूरपश्चिमले नतिजा उल्ट्याउँदै ३-० को जित निकाल्दा सहारा उद्घाटन खेलबाटै बिदा हुनुपर्‍यो। घरेलु खेलाडीलाई मात्रै प्राथमिकतामा राखेर मैदान उतारेको सहाराले सुदूरपश्चिमको चुनौतीलाई पन्छाउ सकेन।

अधिकांश समय बल आफ्नो नियन्त्रणमा लिए पनि सहाराले दोस्रो हाफमा लय समात्न सकेन। पहिलो हाफमै गोलको समना गरेको सहारा दोस्रो हाफमा भने थप २ गोल खाँदै गोल्डकपको उद्घाटन खेलबाटै चिप्लियो। लङ थ्रो बललाई सहाराका डिफेन्डरले क्लियर गर्न नसकेपछि धनबहादुर थापाले सिक्सयार्ड बक्सबाट गोल गर्दै सुदूरपश्चिमले पोखराको यात्रालाई अझै लम्ब्याउने संकेत देखायो। ७८औं मिनेटमा मनिराम चौधरीले क्लबका लागि दोस्रो गोल थप्दै अन्तर बढाए। इन्जुरी समयको दोस्रो मिनेटमा राकेश हमालले अर्को गोल थपेका थिए।

सहाराको केही अवसर गोलमा परिणत नहुनु पनि हारको कारण बनेका थिए। २१औं मिनेटमा रिचर्ड पुनको पासलाई विनोद गुरुङले डिफेन्सलाई कटाउँदै गोलकिपर अगाडि बढेको अवस्थामा समेत क्रसबारमाथि प्रहार गरेका थिए। त्यस्तै सरोज योञ्जनको ग्रासबललाई त्रिदेव गुरुङले क्रसबारमाथि प्रहार गरे। ५८औं मिनेटमा पनि त्रिदेवको पासलाई उत्तम गुरुङको ठाउँमा मैदान छिरेका विजय श्रेष्ठले सदुपयोग गर्न सकेनन्। उनले ६८औं मिनेटमा त्रिदेवकै पासमा विजयले अर्को अवसरलाई चुकाए।

विजेता क्लबले ७ लाख १ हजार नगद पुरस्कार पाउनेछ। उपविजेताले ३ लाख ५१ हजार पाउनेछ। त्यसै गरी बेस्ट अफ फाइभलाई नगद १५ हजारसहित ट्रफी प्रदान गरिनेछ। त्यसै गरी प्रत्येक खेलबापत प्रि-क्वार्टर फाइनल विजेतालाई नगद २० हजार, पराजित टिमलाई १० हजार, क्वार्टरफाइनल ३० हजार, हार्नेले २० हजार नगद अतिरिक्त रकम पाउनेछ। त्यस्तै दुई सेमिफाइनलिस्ट टोलीलाई नगद ५० हजार रुपियाँ दिइनेछ। दर्शकले हिरो ड्यास स्कुटर र टिभी पाउने छन्। प्रतियोगिताको उद्घाटन पोखरा लेखनाथ महानगरपालिकाका मेयर मानबहादुर जीसीले उद्घाटन गरेका थिए।




## हजारौं बाजी लगाएको बार्टोनको दाबी

लन्डन, (एजेन्सी)

इंग्ल्यान्डका पूर्वखेलाडी जोए बार्टोनले व्यावसायिक फुटबलरमा ५० प्रतिशतले खेलमा बाजी राख्ने गरेको दाबी गरेका छन्।

बर्नलीका ३५ वर्षीय पूर्वमिडफिल्डरलाई फुटबल एसोसिएसनले अप्रिलमा प्रतिबन्ध लगाएको थियो। बार्टोनले १० वर्षमा १ हजार २ सय ६० खेलमा बाजी हालेको पाइएको आरोपमा प्रतिबन्धित भएका हुन्। बार्टोनले बीबीसी रेडियोमा बताए- 'यदि उनीहरूले कहाँ बाजी हालिरहेको भनेर खोजेमा ५० प्रतिशत खेलाडी यसको फन्दामा पर्ने पक्का छ। किनभने यो संस्कृतिको हिसाबमा बढेको छ।

बार्टोनले १२ वर्षमा १५ हजार खेलको बाजी लगाएको स्वीकार गरेका थिए। स्वीकारपछि बार्टोनलाई १८ महिना प्रतिबन्ध र ३० हजार पाउन्ड जरिवाना तिराइएको थियो। उनले म्यानचेस्टर सिटी, क्विन्स पार्क रेन्जर, न्युक्यासल, मार्सेली र रेन्जर्सबाट खेलिसकेका थिए। उनी जुन १ मा फुटबलमा फर्कन सक्नेछन्।



## सान्चेज र मखितऱ्यान सट्टापट्टामा

लन्डन, (एजेन्सी)

इंग्लिस प्रिमियर क्लबका खेलाडीद्वय एलेक्सिस सान्चेज र हेन्रिक मखितऱ्यान एक-अर्काको क्लबमा सट्टापट्टा भएका छन्।

आर्सेनल पुगेका हेन्रिक मखितऱ्यान र म्यानचेस्टर युनाइटेड भित्रेका एलेक्सिस सान्चेजबीचको स्थानान्तरण प्रक्रिया हाल जारी प्रि-सिजन ट्रान्सफर विन्डोको सबैभन्दा चर्चित ट्रान्सफरको रूपमा मानिएको छ। म्यानचेस्टर युनाइटेडले शुरूदेखि नै सान्चेजलाई भित्र्याउन खोजेको थियो।

आर्सेनलसँग सान्चेजको करार अवधि सकिन लागेको र क्लबले उनको करार अवधि थप लम्ब्याउन नचाहेपछि सान्चेज र युनाइटेडबीचको स्थान्तरण सम्भव भएको जनाएको छ। यता सान्चेजको विकल्पमा आर्सेनलले पनि युनाइटेडका मखितऱ्यानलाई पाउनुपर्ने मागले अहिले पूर्णता पाएको हो।

खेलाडी सट्टापट्टा तथा खेलाडीसँग अनुबन्धन सहमति भएपछि दुवै क्लबले एकैसाथ खेलाडी स्थान्तरणको घोषणा गरेका हुन्। सोमबारबाट आधिकारिक रूपमा युनाइटेडमा आबद्ध सान्चेजले युनाइटेडमा ७ नम्बरको जर्सी लगाउने जनाएको छ।

सान्चेज म्यानचेस्टर युनाइटेडबाट खेल्ने चिलीका पहिलो खेलाडी बनेका छन्। सान्चेजले युनाइटेड जस्तो ठूलो क्लबमा खेल्ने पहिलो चिलीका खेलाडी हुन पाएकोमा आफूलाई गर्व लागेको बताए। उनले भने- 'युनाइटेड जस्तो ठूलो क्लबसँग जोडिन पाएकोमा गर्व लागेको छ। युनाइटेडले मलाई भित्र्याएको कारण पनि म प्रमाणित गरेर देखाउनेछु।'

## देहिमाण्डौं र खलंगा फाइनलमा

बैतडी, (नेस)

बैतडीमा जारी मेयर कप टी-२० क्रिकेट प्रतियोगिताको उपाधिका लागि दशरथचन्द नगरपालिका-४ खलंगा र दशरथचन्द नगरपालिका २ देहिमाण्डौं भिड्ने भएका छन्। मंगलबार सम्पन्न दोस्रो सेमिफाइनल खेलमा दशरथचन्द नगरपालिका-९ ग्वाल्लेकलाई १ सय १५ रनले पाखा लगाउँदै खलंगा फाइनलमा पुगेको हो। यसअघि पहिलो सेमिफाइनल खेलमा दशरथचन्द नगरपालिका-६ थालिगाडालाई ४ विकेटले स्तब्ध पार्दै देहिमाण्डौं उपाधिनजिक पुगेको हो।

## धरहरा

### समय ओली र वलीको



राष्ट्रिय सभा सदस्य उम्मेरदवारका लागि 'सर्टलिस्ट' मा परेकाहरूको नामावली अन्तिम टुङ्गो लगाउन दलहरूलाई ठूलै सकस परेको छ। केही दलले यो विषय टुंग्याए भने केही दल आज बुधबार पनि अन्तिम कसरतमा जुट्दै छन्। टिकट पाउनेहरू दंग/मख्ख छन्।

अन्तिम सूचीमा सामेल हुनेमध्ये झनै दंग/मख्ख छिन् एमाले 'नेतृ' कोमल वली। एमाले स्थायी समिति बैठकले उनलाई प्रदेश ५ बाट राष्ट्रिय सभामा महिला सदस्यमा उम्मेदवार बनाउने निधो गरेको हो। प्रदेश र केन्द्रको निर्वाचन अघि मात्रै एमाले प्रवेश गरेकी यी नेतृले अब धेरैलाई राजनीतिक दौडमा पछि पार्ने हुन् कि भन्ने शंका धेरैलाई छ।

प्रदीप नेपाल, युवराज ज्ञवाली, ठाकुर गैरेजस्ता नेतासहित रामेश, मञ्जुल जस्ता दर्जनौं नेता र स्रष्टाहरू दौडमा असफल भएको 'जबजकै जग' मा अडिएको स्थायी समितिले निकाल्या निष्कर्ष त होला नि ? तर पनि एमालेले गलत निर्णय गऱ्यो, निर्णय सच्याउनुपर्छ भन्ने आलोचना र आवाज सर्वत्र फैलिरहेको छ। यही बेला नेतृ वलीले भने पार्टीले आफ्नो काम र योग्यताको सही मूल्यांकन गरेको जनाउँदै निर्णयको विरोध कसैले गर्न नहुने बताएकी छिन्।

राष्ट्रिय सभामा राष्ट्रिय जीवनमा महत्त्वपूर्ण योगदान पुऱ्याएका प्रबुद्ध व्यक्तिहरूको समूह रहने भनिएको छ, त्यस्तो समूह निर्वाचित हुनेमा अब कुनै शंका छैन। आखिर समय ओली र वली कै छ, धरहराले यही बुझ्या छ।

## किरणले आई लिगमा खेल्ने

*काठमाडौं, नेस*

*नेपाली फुटबलका चर्चित गोलरक्षक किरण चेम्जोङले भारतीय घरेलु फुटबल आई लिगमा खेल्ने भएका छन्।*

*उनी आई लिग क्लब मिनरेभा पन्जाबमा आबद्ध भएका हुन्। यसअघि माल्दिभ्सको टिसी स्पोर्ट्स क्लबबाट खेल्दै आएका किरण भारतको उच्चस्तरको फुटबल आइ लिग क्लब मिनरेभा पञ्जावमा आबद्ध भएका हुन्। मंगलबार किरणसाग सम्झौता भएको क्लबले आफ्नो आधिकारिक ट्विटरमार्फत सार्वजनिक गरेको हो।*

*मिनरेभा हाल भारतीय हिरो आई लिगको शीर्ष स्थानमा रहेको छ। मिनरेभाले ९ खेलमा २२ अंक जोडेको छ। सोमबार क्लबले किरण बाँकी सिजनका लागि मिनरेभासँग आबद्ध हुने जानकारी सार्वजनिक गरेको हो। गत अगस्टमा अल इन्डिया फुटबल एसोसिएसनले आई लिग खेल्ने क्लबले २ एसियालीसहित ६ विदेशी खेलाडी खेल्न पाउने प्रावधान अवलम्बन गरेको थियो। जसअनुसार किरण मिनरेभामा आबद्ध हुने दोस्रो एसियाली तथा छैटौं विदेशी खेलाडीसमेत बनेका छन्।*

*किरण यसअघि नेपाली घरेलु फुटबलमा मछिन्द्र, थ्री स्टार र मनाङबाट खेल्दै माल्दिभ्सको टिसी स्पोर्ट्स क्लबमा आबद्ध भएका थिए।*





सम्मान चलचित्रको उत्सव उत्कृष्टताको

CG Entertainment Presents
LUX Kamana Awards

माघ १६ गते मंगलबार
January 30 Tuesday

LUX कामना फिल्म अवार्ड्स् २०७४

मन परेको फिल्म र फिल्मकर्मीलाई SMS गर्नुहोस्, विजेता बनाउनुहोस्

CO-SPONSOR: Pashupati BISCUITS
RED CARPET: YETI PVC FLOORING Live with honour...
OFFICIAL DRINK: GRAND MASTER XXX RUM
OFFICIAL BANK: PRABHU BANK

ASSOCIATE SPONSOR: NIC ASIA एन आई सी एशिया बैंक लि. | IME International Money Express Fast, Reliable And Secure Remittance | KILOMETER | राष्ट्रको संचार NEPAL TELECOM

मनपर्ने चलचित्र तथा सिनेकर्मीलाई जिताउनका लागि माथि उल्लेखित Short Keywords टाइप गरी ३२७२२ मा पठाउनुहोस् । जस्तै, सर्वोत्कृष्ट चलचित्र विधामा भोट गर्नका लागि KFA<space> र तपाईंलाई मन परेको चलचित्रको कोड नम्बर टाइप गरी ३२७२२ मा पठाउनुहोस् ।

विधाः सर्वोत्कृष्ट चलचित्र
छक्का पञ्जा
Type KFA space 1A & send to 32722
डाइङ क्यान्डल
Type KFA space 1B & send to 32722
गाजलु
Type KFA space 1C & send to 32722
जात्रा
Type KFA space 1D & send to 32722
के म तिम्रो होइन र
Type KFA space 1E & send to 32722

विधाः सर्वोत्कृष्ट निर्देशक
सुवर्ण थापा - बाटोमुनिको फूल-२
Type KFA space 2A & send to 32722
दीपेन्द्र के खनाल - चपली हाइट-२
Type KFA space 2B & send to 32722
हेमराज बीसी - गाजलु
Type KFA space 2C & send to 32722
आकाश अधिकारी - के म तिम्रो होइन र
Type KFA space 2D & send to 32722
निश्चल बस्नेत - लुट-२
Type KFA space 2E & send to 32722

विधाः सर्वोत्कृष्ट अभिनेता
दयाहाङ राई - वीरविक्रम
Type KFA space 3A & send to 32722
अनमोल केसी - गाजलु
Type KFA space 3B & send to 32722
विपीन कार्की - जात्रा
Type KFA space 3C & send to 32722
निखिल उप्रेती - निर्भय
Type KFA space 3D & send to 32722
सौगात मल्ल - शब्द
Type KFA space 3E & send to 32722

विधाः सर्वोत्कृष्ट अभिनेत्री
प्रियंका कार्की - छक्का पञ्जा
Type KFA space 4A & send to 32722
सृजना सुब्बा - डाइङ क्यान्डल
Type KFA space 4B & send to 32722
वर्षा राउत - जात्रा
Type KFA space 4C & send to 32722
केकी अधिकारी - लभ सासा
Type KFA space 4D & send to 32722
नीता ढुंगाना - निर्भय
Type KFA space 4E & send to 32722

विधाः सर्वोत्कृष्ट खलपात्र
ध्रुव कोइराला - बाजिगर
Type KFA space 5A & send to 32722
अर्पण थापा - वीरविक्रम
Type KFA space 5B & send to 32722
दीपकराज गिरी - छक्का पञ्जा
Type KFA space 5C & send to 32722
कमलमणि नेपाल - जात्रा
Type KFA space 5D & send to 32722
कामेश्वर चौरासिया - पलाँस
Type KFA space 5E & send to 32722

विधाः सर्वोत्कृष्ट हास्य कलाकार
केदार घिमिरे - छक्का पञ्जा
Type KFA space 6A & send to 32722
रवीन्द्र झा - जात्रा
Type KFA space 6B & send to 32722
दयाहाङ राई - लुट-२
Type KFA space 6C & send to 32722
सलोन बस्नेत - गाजलु
Type KFA space 6D & send to 32722
बुद्धि तामाङ - छक्का पञ्जा
Type KFA space 6E & send to 32722

विधाः सर्वोत्कृष्ट संगीतकार
ताराप्रकाश लिम्बु - वीरविक्रम/हारें हारें
Type KFA space 7A & send to 32722
राजनराज शिवाकोटी - छक्का पञ्जा/पूर्व-पश्चिम रेल
Type KFA space 7B & send to 32722
कालिप्रसाद बासकोटा - लुट-२/ठमेल बजार
Type KFA space 7C & send to 32722
अर्जुन पोखरेल - निर्भय/यो दुनियाँ
Type KFA space 7D & send to 32722
वसन्त सापकोटा - राधा/छपक्कै
Type KFA space 7E & send to 32722

विधाः सर्वोत्कृष्ट पार्श्व गायक
ताराप्रकाश लिम्बु - वीरविक्रम/हारें हारें
Type KFA space 11A & send to 32722
राजनराज शिवाकोटी - छक्का पञ्जा/पूर्व-पश्चिम रेल
Type KFA space 11B & send to 32722
कृष्ण काफ्ले - छक्का पञ्जा/सुन न चम्पा
Type KFA space 11C & send to 32722
प्रताप दास - के म तिम्रो होइन र/पागल
Type KFA space 11D & send to 32722
युवराज चौलागाईं - पलाँस/तिमी साथमा
Type KFA space 11E & send to 32722
स्वरूपराज आचार्य - शब्द/हरपल
Type KFA space 11F & send to 32722

विधाः सर्वोत्कृष्ट पार्श्व गायिका
जलजला परियार - बाटोमुनिको फूल-२/केही कदम
Type KFA space 10A & send to 32722
मिलन अमात्य - हाउ फन्नी/यो के हो
Type KFA space 10B & send to 32722
अञ्जु पन्त - किस्मत-२/यी आँखा लैजाउ
Type KFA space 10C & send to 32722
मीना निरौला - लुट-२/ठमेल बजार
Type KFA space 10D & send to 32722
मेलिना राई - राधा/छपक्कै
Type KFA space 10E & send to 32722

विधाः लक्स पपुलर च्वाइस अवार्ड
वर्षा राउत
Type KFA space 8A & send to 32722
केकी अधिकारी
Type KFA space 8B & send to 32722
प्रियंका कार्की
Type KFA space 8C & send to 32722
ऋचा शर्मा
Type KFA space 8D & send to 32722
सृष्टि श्रेष्ठ
Type KFA space 8E & send to 32722


कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ